जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको विकास अर्थतन्त्रको आधार

# कृषि जर्नल

## Agriculture Journal

मासिक

**कृषि जर्नल २०७७ पुस** (krishijournal–2021, Dec-Jan)



# “आर्थिक सशक्तीकरण सहितको सामाजिक जागरण ग्रामीण तथा सहरी महिलाको जीवनस्तर रुपान्तरण ।”

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रशारण विभाग

दर्ता नं. का.जि.प्र.का.द.नं. १३६/०६२/०६३
जल, जमीन र जंगल हाम्रो सरोकार, कृषि क्षेत्रको अर्थतन्त्रको आधार

# कृषि जर्नल
Agriculture Journal
मासिक

काठमाडौं जि.प्र.का.द.नं. १३६/०६२/०६३
वर्ष-१६, अङ्क ७९ पुस २०७७



## यस अङ्कमा

१. किसान एशिया प्रशान्त कार्यक्रम-१ ३
२. किसान एशिया प्रशान्त कार्यक्रम-२ ५
३. किसान एशिया प्रशान्त कार्यक्रम-३ ९
४. किसान एशिया प्रशान्त कार्यक्रम-४ १२
५. सामाजिक लेखा जोखा (राकृसम) १५
६. मन्त्रालयमा कृषि सञ्चारकर्मी बीच छलफल १८
७. मौरी गोलामा हुने वार्षिक जीवनचर्या १९
८. वैदेशिक लगानी सरकारको किसानमारा नीति : सरोकारवाला २०
९. किसानको लागि उपयोगी कृषि बुलेटिन २१
१०. काफल खेती २८
11. FAO Food Price Index reached a three-year high over all of 2020 29
12. One Planet Summit for Biodiversity 2021 30
13. Small towns are bigger than we think 31
14. Soils should have rights too 32
15. Celebrating nutrition with these five FAO cookbooks 34
16. Food: it's a human right 35









व्यक्तिगत मूल्य रु. ५०/-

**प्रकाशक :** कृषि सूचना तथा सञ्चार प्रविधि प्रकाशन प्रा.लि
**सल्लाहकार** : भोलामान सिंह बस्नेत, कृष्ण कोपिला, प्रा.डा.केशव खड्का, डा.गिरीराज त्रिपाठी
**प्रबन्ध निर्देशक** : श्रीबहादुर खड्का, **प्रधान सम्पादक** : धनबहादुर मगर
**मुख्य कार्यालय** : बागबजार-२८, **फिल्ड कार्यालय** : टौखेल-मच्छेगाउँ-९, चन्द्रागिरी नगर पालिका,
**फोन** : ०१४२८८७४३, **मोवाइल** : ९८४१४४५७५३, **मुद्रण** : प्रिन्ट स्काई, भुरुङ्गखेल,

# शाही सरकारलाई माथदिने गरी गरिएको निर्णय फिर्ता हुनुपर्छ

सम्पादकीय



देशलाई समाजवादी अर्थतन्त्रमा लैजाने सपना बोकेको नेकपाको सरकार आन्तरिक पार्टी कलहको कारण पार्टी विभाजनको संघारमा पुगेको छ। यसमा प्रधान मन्त्री केपी शर्मा ओली र प्रचण्ड बीचको पार्टीमा एकले अर्कालाई घोचपेज मात्र गरेको छैन त्यसको प्रभाव सिङ्गो पार्टी र संगठनमा केन्द्र देखि इकाई परेको छ। यसको असर सामान्य जनतासम्म पुगेको छ। सरकारले त्यति मात्र गरेन संसद विघटन गरेर बैशाखमा चुनाव गराउने निर्णय गरेको छ। यतिबेला एउटै पार्टी भित्र मत विभाजन मात्र भएको छैन। असंवैधानिक निर्णयको विरुद्ध संघषहरू चर्किन थालेको छ।

जसले गर्दा सिङ्गो मुलुक अनिर्णयको बन्दी जस्तै बन्दै गएको छ। यसको प्रभाव विकास निर्माण, सरकारी निर्णय कायन्वयनमा कठिनाई परेको छ। यसको प्रत्यक्ष प्रभाव आम जनतामा परेको छ।

अहंम प्रश्न यो हो कि नेपाल सरकारले गरेको निर्णय अब देश कतातिर जाँदैछ ?

अझै पनि नेपाल कूल अर्थतन्त्रको एक तिहाई योगदान कृषि क्षेत्रको छ। माछा, मासु, दूग्धजन्य वस्तुहरूमा नेपाल आत्मनिर्भर बन्दै आएको छ। नेपालको यस क्षेत्रमा सरकारको कमी कमजोरी बारम्बार दोहोरिदै आएको छ। किसानलाई आत्मनिर्भर बनाउन सहयोग गर्नुको साटो निर्वाध रुपमा विदेशी उत्पादन भित्र्याउन दिएर नेपालको कृषि क्षेत्रलाई रोगी बनाउँदै आएको छ। सरकार यतिबेला आफै संकटग्रष्ट अवस्थामा पुगेको देखिन्छ। संसद पुन:र्स्थापनाको मुद्दा सर्वोच्च अदालतसम्म पुगेको छ। जनताले संसद विघटनको मामिला राष्ट्रपति सम्म पुग्दा देशको गम्भीरता तीर ध्यान दिन्छ कि भनेर आशा राखेको थियो तर राष्ट्रपतिले समेत कुनै विचार नपुऱ्याई सरकारले गरेको निर्णयलाई सदर गरेपछि त्यसको मुद्दा सर्वोच्च अदालत सम्म पुगेको हो।

यतिबेला सरकारले आफ्नो अलोकतान्त्रिक निर्णय गरेर नेपालको कृषि क्षेत्रलाई तहस नहस बनाउन खोजेको छ। यो निर्णय वास्तविक नेपाली जनताको लागि घाटक निर्णय हुन सक्छ। जो कृषि क्षेत्र विस्थापित हुन्छ भन्नेकुरा सोचेकै छैन। कसको ईसारामा यस्तो निर्णय गर्न पुग्यो ? यो कोही पनि नेपालीहरूको लागि हीत हुन सक्दैन।

सरकारलाई के वाध्यता थियो, यसरी एकाएक रातारात विदेशी लगानी ल्याउनु पर्ने ? सरकारकै सम्पूर्ण भातृ संगठनहरू अखिल नेपाल किसान महासंघ, नेपाल कृषि संघ, डेरी उद्योग संघ, नेपाल डेरी एशोसिएसन, केद्रिय दुग्ध सहकारी संघ लि.नेपाल, केन्दीय पशुपंक्षीपालन सहकारी संघ लिलगायत २० भन्दाबढी दर्जनौं संघ-संस्थाहरूले विदेशी लगानीको विरोधमा संयुक्त रुपमा हस्ताक्षर गरी सरकारको निर्णय फिर्तालिन आग्रह गरेको छ।

नेपालमा स्थापित कृषि क्षेत्र सक्षम हुदा-हुदै स्वदेशी लगानीलाई प्रभाव पार्ने गरी मन्त्री परिषद्को निर्णयबाट कृषि क्षेत्रमा शर्त सहीत डेरी उद्योग, पशुपंक्षीपालन, माहुरीपालन, माछापालन, फलफुल तरकारी आदी र कृषिका प्राथामिक उत्पादन संग सम्वन्धित व्यवसायमा प्रत्यक्ष वैदेशिक लगानी -एफ डी आई) खुल्ला गर्ने गरी मिति २०७७ पुष २० गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाले यस उद्योग व्यवसाय संग आवद्ध हामी सबै किसान तथा उद्योगीहरूको गम्भीर ध्यानआकृष्ट भएको छ। विगतमा पनि पटक-पटक कृषि क्षेत्रको प्राथामिक तहमा विभिन्न माध्यमबाट वैदेशिक लगानी भित्र्याउने अभ्यास भएकोमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्वर अफ कमर्श लगायत कृषि क्षेत्रमा आवद्ध सबै उद्योग व्यवसायीहरूको व्यापक विरोध तथा प्रतिनिधि सभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हीत समिति समेतले कृषिमा वैदेशिक लगानी खुल्ला नगर्न निर्देशन दिएको अवस्थामा र नेपालको उद्योग व्यवसाय थप संकटग्रष्ट भइरहेको अवस्थामा सरकारले चोरबाटोबाट निर्णयहरू गरेर स्वदेशी उद्योग व्यवसायलाई निरुत्साहित पार्ने काम गरेको छ। सोही अनुरुप विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धी कानूनलाई सशोधन तथा एकीकरण गर्न बनेको विधयेक २०७५ को दफा ३ उपदफा (२) (अनसूचि)मा वैदेशिक लगानी खुल्ला नगरिएका उद्योग व्यवसायमा स्वदेशमै फल्दै फुल्दै गरेका मत्स्यपालन, दुग्ध उत्पादन/प्रशोधन, पशुपंक्षी तथा माहुरीपालन, पोल्ट्री उद्योग लगायत कृषिका प्राथामिक उत्पादनका अन्य क्षेत्रहरूलाई साविक अनुसार कुनै संशोधन नगरी यथावत राखिएको थियो।

हाम्रो देशमा माहुरीपालनमा ४ अर्व, माछापालनमा करीव ११ अर्व, डेरी उद्योगमा ३० अर्व दाना तथा कुखुरापालनमा ४० अर्व गरी कुल ८५ अर्बको लगानी भई करीव १५ लाख भन्दा वढि कृषक तथा श्रमिकहरूमा रोजगारी सिर्जना भइरहेको छ।

यसरी नीजि क्षेत्रको अरवौंको लगानी भएको अवस्थामा प्रमुख सरोकारवाला सँग कुनै सर-सल्लाह विना राष्ट्र र किसानको हित विपरित अपारदर्शी रुपमा गरिएको निर्णयले राष्ट्रको अर्थतन्त्रमा गम्भीर दीर्घकालीन असर पर्ने देखिन्छ। भर्खरै केही समय अघि मात्र लोकतान्त्रिक पद्धतिबाट दुबै सदनबाट पारित भई आएको ऐनलाई कामचलाउ सरकारले राजनैतिक अस्थीरताको फाइदा उठाउदै ४ महिना पछि आउने ताजा जनादेश समेतको वेवास्ता गर्दै ऐनको दफाले दिएको अधिकारको दुरुपयोग गरी कृषिमा वैदेशिक लगानी ल्याउने गरी भएको निर्णयको गम्भीर असर ग्रामीण रोजगारीमा पर्न गई यस पेशामा आवद्ध व्यवसायीलाई मजदुर वनाउने र त्यसको लाभ विदेशी लगानीकर्ताको हातमा जाने, स्वदेशी व्यवसायीहरूको उद्यमशीलता विकासमा कुठाराघात र किसानको हातमुख जोर्ने मुख्य आयआर्जनको बाटो समेत अवरुद्ध भई देश चरम गरीवी तर्फ धकेलिने निश्चित प्राय: छ। यसर्थ कृषिको प्राथामिक तहमा कुनै पनि शर्तमा वैदेशिक लगानी आउदा ठूलो जनसंख्याको आर्यस्रोत गुम्ने खतरा भएकोले डेरी लगायत कृषिमा प्रत्यक्ष वैदेशिक लगानी ल्याउने निर्णय अविलम्ब फिर्ता लिन नेपाल सरकार समक्ष जोडदार आग्रह गरेको छ।

एकतिहाई योगदान दिएको कृषिलाई सरकार एकातिर देशको वजेट कृषिमा खुम्च्याउँदै लग्नु र कृषिलाई आत्मनिर्भर हुन नदिने देशको लागि सकरात्मक पक्ष होइन। कोभिड-१९ को कारण अन्य क्षेत्रमा पुगेको क्षेतिपूर्ति पूर्ति गर्ने ढंगले हालै सरकारले सार्वजनिक गरेको कृषि उत्पादनमा झण्डै १ लाख भन्दा बढी मेट्रिक टन धानवाली उत्पादनमा वृद्धि भएको

**बाँकी पृष्ठ १८** ......

# किसान एशिया प्रशान्त कार्यक्रम–१

*ब्रोडसीट, मीन स्ट्रीम मिडियाहरूले कृषि लगायत विशेष-विशेष समस्याहरू विशेष-विशेष समयमा दिन्छन् । मिन स्ट्रीम मिडियाले आफ्नै स्कीममा समाचार प्रवाह गर्छन भन्ने छ । त्यसरी प्रकाशन भएको समाचारहरूले किसानलाई सहयोग भएको छ । किसान लगायत सम्बन्धित सरोकार वालाहरूले सूचना लिन सफल भएको छ ।*

धनबहादुर मगर / पुस ६ एशिया प्रसान्त किसान कार्यक्रम अन्तर्गत खाद्य सम्प्रभुत्ता, भूमि सुधार, कृषि नीति र किसानको कार्यक्रमहरूको कार्यन्वयनमा सञ्चार क्षेत्रको भूमिका विषयक अन्तरक्रिया कार्यक्रम



आयोजक राष्ट्रिय किसान सञ्जाल, सहजीकरण अखिल नेपाल किसान महासंघ, अन्तर्राष्ट्रिय कृषि विकास कोष संयुक्त सहकार्यमा आयोजित कार्यक्रम सम्पन्न भएको छ ।

**संगम महत नेपाल टेलिभिजन**

उक्त कार्यक्रममा नेपाल टेलिभिजन कृषि विट प्रमुख संगम महतले नेपालको संविधानमा मौलिक अधिकार र सूचनाको हक भएको, संवैधानिक रुपमा उच्चताका साथै सरकार अगाडि बढेको छ । धेरै ऐन नियमहरू बनेका छन् । कृषि सँग सम्बन्धित १८ वटा ऐनहरू बनेका छन् । कृषि भूमि उद्योग, जीव नाशक, बीउ विजन, खाद्य सम्प्रभुत्ता, नीति तथा कार्यक्रम बनेको छ । वजेट कार्यविधि कार्यन्वयनको क्षेत्रमा कमजोर छ । सरकारले प्रवक्ता, सूचना अधिकारी दरवन्दी छुट्याएको छ । तर फोन समेत उठ्दैन । नेपालमा सूचना प्रविधिको मोनोपोली छ । अहिले सोसल मिडियाहरू फेसबुक, ट्वीटर लगायत प्रयोग भइरहेको छ । पहिलो हुलाक, पत्रपत्रिका, रेडियो, एफएम थियो । अहिले हुलाक हराउँछ कि जस्तो छ । अमेरिकामा हुलाक सबभन्दा बलियो छ । यहाँ पत्रपत्रिका पुग्न महिनौं लाग्छ । मेरो गाउँमा अहिले पनि कटुवाल प्रथा छ । मिडियाले सरकारको कामलाई सहयोग गर्नुपर्छ ।

२०४७ साल अगाडि सञ्चारमाध्यम मात्र सरकारी थियो सूचना एकतर्फी मात्र थियो वितरण हुन्थ्यो । गर्दै आयो एकतर्फी आयो किसानले के चाह्यो भन्ने कुरातर्फ फर्केन भन्ने मात्र हो । २०४९ सालमा राष्ट्रिय प्रशारण ऐन लागु भयो । त्यसभन्दा अघि पत्रपत्रिका बाहेक रेडियो, टेलिभिजन खोल्न पाइदैन थ्यो । त्यसपछि मात्र निजी क्षेत्रको सञ्चार माध्यमले प्रवेश पायो । प्रशारण प्रणालीमा परिवर्तन आयो । २०४७ साल अगाडि Sender मात्र थियो Receiver थिएन । किसानलाई कृषि, भूमि लगायतका समस्याहरू पाउन थाल्यो । सञ्चारमाध्यमको विकास र विस्तार सँगै विद्यागत सञ्चारमाध्यमहरूको पनि स्थापना भयो ।

विट पत्रकारिताको अभ्यास भयो हाल खानाको लागि मात्र पत्रकारिताको टिम छ । कृषि टेलिभिजन, किसान टेलिभिजन, कारोवार दैनिक, आर्थिक अभियान विषयगत पत्रपत्रिकाको स्थापना भएको छ । कृषि रेडियो धादिङ्ग, अनलाइन लगायत १७/१८ वटा संस्थाहरू स्थापना भएका छन् ।

विगतमा इभेन्ट मात्र थियो अहिले विषयगत पत्रकारिता भएका छन् । कृषि, वन, वातावरण लगायत पत्रकारिता राम्रैसँग अगाडि बढेका छन् । प्रायजसो मिडियाहरूले दीर्घकालीन रुपमा असर गर्ने रिपोर्टिङ्ग गरिरहेका हुन्छन् । र सरकारलाई करेक्सन गर्ने गरिरहेका छन् । फेस बुक, साइटहरूमा लेखिएको विषयहरूले फरक रुपले लेखिरहेका छन् ।

अन्नपूर्ण दैनिकको मुख्य पृष्ठमा मल आएन भनेर समाचार दिइयो । त्यही समाचार फेरि मल ल्याउने ठेकेदार कम्पनीको सम्झौता रद्द भन्ने समाचार प्रमुखताका साथ आयो । मख्य समाचारहरूमा कान्तिपुरको दैनिकमा कृषकको पानामा प्रमुखताका साथ प्रशारण हुन्छ तर कहिले काहीँ त्यही पृष्ठमा श्रदाञ्जलीले भरिएको कुराले त्रुटीहरू हुन गएको पाइएको छ । कसरी राम्रो बनाउन सकिन्छ छलफलमा उठाउनु पर्छ । जस्तै प्रकाशित समाचारहरूमा जमीनदारको हीतमा भूमि, नेपालमै फूल फूलाइन्छ ।

ब्रोडसीट, मीन स्ट्रीम मिडियाहरूले कृषि लगायत विशेष-विशेष समस्याहरू विशेष-विशेष समयमा दिन्छन् । मिन स्ट्रीम मिडियाले आफ्नै स्कीममा समाचार प्रवाह गर्छन भन्ने छ । त्यसरी प्रकाशन भएको समाचारहरूले किसानलाई सहयोग भएको छ । किसान लगायत सम्बन्धित सरोकार वालाहरूले सूचना लिन सफल भएको छ । कृषि लगायत अन्य मिडियाहरूमा कृषि समाचार आउन थालेकोले किसानहरूलाई समाचार लिन सहज भएको छ ।

समस्याहरू :

१. एउटै विषय विभिन्न प्रकारले भिन्नै समाचार आएको कारण सही र गलत कुन हो भनेर छुट्याउन सकिरहेको छैन ।

२. सरकारले सूचना अधिकारी र प्रवक्ताको व्यवस्था गरेपनि आफ्नो अनुकुल हेरेर दिने गरेको छ ।

३. विगतमा विषयगत छलफल कम भएपनि अहिले भएको छ ।

४. पत्रकार सबै कुरा जानेका तर गहिराईमा पुग्न नसकेका नजानेकाहरू हुन् ।

५. अब विट पत्रकारिताको विकासले गहिराईमा पुग्न सहयोग पुऱ्याएका छन् ।

६. ठूला सञ्चार गृहले कृषि समाचारलाई मार्जीनलाइज गरेका छन् ।

७. पत्रकारहरूले समाचार आफै खोज्नु पर्ने सरकारका प्रवक्ताहरूले भन्ने गरेका छन् ।

**श्रीराम घिमिरे कृषि सूचना तथा प्रशिक्षण केन्द्र**

कार्यक्रममा अतिथि कृषि सूचता तथा प्रशिक्षण केन्द्रका प्रमुख डा. श्रीराम घिमिरेले कृषि सूचना तथा प्रशिक्षण केन्द्रको गतिविधि र त्यसले खेल्नु पर्ने भूमिकाको विषयमा कार्यक्रपत्र प्रस्तुत गर्दै कृषि सूचनाको विधिविधानहरू कसरी अंगाले, कृषि प्रशिक्षण कार्यालयहरू पुन: संरचना गएको छ । विषयगत कृषि सूचनाको लागि छुट्टै कार्यालय थियो । हाल शाखाको रुपमा सीमित भएको

छ । ठूलो कार्यालय हुँदा संरचनागत अभ्यासमा कमी कमजोरी भएको छ । २०५७ साल अघि कृषि सूचनाको लागि मात्र थियो । केन्द्रले सरचनाको निर्माण पछि संघ, प्रदेश र स्थानीय तहमा हेर्न सकिरहेको छैन । २०१८ सालमा स्थापना भएको कृषि द्वयमासिका पत्रिका नियमित प्रकाशन भईरहेको छ । र आधुनिक कृषि प्रसार गर्न अझै ग्याप भएको छ ।

**किरण आचार्य अध्यक्ष एशोसियसन अफ एगृकल्चर जर्नालिष्ट**

एशोसियसन अफ एगृकल्चर जर्नालिष्टका अध्यक्ष किरण आचार्यले जे जसरी समाचार लेखिएपनि गुणस्तरीय बन्न सकिएको छैन ।



सरकारी क्षेत्रले किसानको सूचना र समाचारमा सहयोग पुऱ्याउन सकिएको छैन । कृषि सूचना र सञ्चारलाई प्रभावकारी बनाउने हरेक वर्ष सुझावहरू दिईरहेका छौं । तर कार्यन्वयन भएको छैन । कृषि क्षेत्रको वजेट सदुपयोग हुन सकेको छैन ।

मुख्य समस्या भनेको क्षेत्रगत, विषयगत समाचार लेख्ने निकायलाई सरकारको सहयोग त छैन नै निजी क्षेत्रको झन् सहयोग छैन । विज्ञापन दिएर सहयोग गर्नु होस् । सञ्जालले त्यस प्रकारको भूमिका खेलोस् कृषि समाचार लेख्ने सम्बन्धित सञ्जार गृह भागीरहेका छन् । पत्रकारहरू कृषि समाचार लेख्न छोड्न वाध्य भएका छन् ।

**निमेश अधिकारी अध्यक्ष कृषि डवली तथा कृषि सञ्चार प्रतिष्ठान(जोना)**

कृषि डवली सञ्चालक तथा कृषि सञ्चार प्रतिष्ठानका अध्यक्ष निमेश अधिकारीले दुईदशक अघि सगरमाथा रेडियोमा किसानको कुरालाई प्राथमिकतामा राख्यौं । विज्ञापनदाता नै किसान नभएको कारण कृषि सूचनाले प्राथमिकता पाउन नसकेको हो । किसानहरू पूरानै तरिकाले हिडेका छन् । कृषि

मैले ए आईटीसीकै विषयमा केन्द्रीत भएर पत्रकारितामै मास्टर्स गरेको हुँ । एआईटीसीको वजेट आधा मात्र दियो भने पनि धेरै प्रभावकारी बन्छ । कृषि सूचनाको समाचार उपत्यकाकै प्रशारित हुन्छ । नीतिगत रुपमा भएपनि व्यवहारमा भएको छैन ।

पत्रकारहरूलाई विषयगत प्रशिक्षण फिल्डमा जाने व्यवस्था मिलाउनु पर्छ । काठमाडौंमा बसेर समाचार लेख्न गाह्रो छ । मेरो समाचार लेख्दैन भन्ने किसानहरूले बुझेका हुन्छन् । त्यसकारण समाचार आउँदैन । युवा पत्रकारहरू कृषि पत्रकारितामा आउँनै चाहदैन । हाम्रो अभियान सकभर एकभएर आउन चाहान्छौं । सरकारलाई वाध्य पार्ने समाचार आउनु पर्छ भन्ने लाग्छ । कृषि सूचना तथा प्रशिक्षण केन्द्रको समाचार निजी क्षेत्रको सञ्चारमाध्यममा आउन सके प्रभावकारी बन्छ ।

**बैकुण्ठ भण्डारी अध्यक्ष कृषि पत्रकार समाज**

कृषि पत्रकार संघका अध्यक्ष बैकुण्ठ भण्डारीले कृषि पत्रकारितालाई हेर्ने दृष्टिकोण नकारात्मक छ । राज्यले करोडौं वजेट ल्याएर चलाएपनि हम्मे-हम्मे भएको बेला निजी क्षेत्रको कृषि पत्रकारिताले कृषि सञ्चार संस्थाहरू कसरी चल्छ ? हामीले कृषि पत्रिकामा के लेख्यौं भन्ने थाहा छैन । १० लाख आम्दानी गर्नेले दुबैतिर जानै पर्दैन ।

किसानले ५ करोड लगानी गरिसक्यो घाटै छन् भनिन्छ । मत कृषिमा लगानी नगर भन्छु । नेपालमा किसान आयोगको भूमिका के हो ? कृषि पत्रकारहरू नेपालको किसानहरू जस्तै ओझेलमा परेको छ । कृषिका कर्मचारीहरूले नेपालमा कृषि पत्रकारिता चल्छ र भन्ने २/४ जना कर्मचारीहरू निवृतभरणमा गईसकेका छन् । राजनीतिक नेता र तिनका भातृ संगठनहरूले कृषि मिडियालाई सकारात्मक सोँचका साथ हेर्नु पर्छ ।

कृषि सञ्चार समाजको अध्यक्ष कमला भट्टराईले कृषिमा काम गर्ने पकारहरूलाई कमजोर रुपमा हेरिने गरेको छ । हामीले २०७१ सालदेखि यस संस्थालाई स्थापना गरेर अगाडि आउँदा पनि सरकारी लगायत संघ-संस्थाहरूको सहयोग छैन । ५ करोड लगानी गरेर के आउटपुट गऱ्यौ ?

मैले ए आईटीसीकै विषयमा केन्द्रीत भएर पत्रकारितामै मास्टर्स गरेको हुँ । एआईटीसीको वजेट आधा मात्र दियो भने पनि धेरै प्रभावकारी बन्छ । कृषि सूचनाको समाचार उपत्यकाकै प्रशारित हुन्छ । नीतिगत रुपमा भएपनि व्यवहारमा भएको छैन । डा.केदार बुधाथोकीको गोलभेडा खेती हेरेर ७० प्रतिशत गोलभेडा खेती गर्ने किसानहरू फैलुर भएका छन् । प्राविधिक रुपमा एआईटीसीले पत्रपत्रिकामा प्रिन्ट भएको समाचार प्रशारण गर्छ ।

नयाँ पत्रिका दैनिकका कृषि सम्वाददाता अजित अधिकारीले नीति के छ र कार्यन्वयन कसरी गऱ्यो भन्ने कुरा प्रमुख हुन्छ । नेकपा सरकारमा आउँदा आफ्नो घोषणापत्रमै कृषिलाई पहिलो प्राथमिकतामा राख्ने, प्रमुख खाद्यान्न बालीमा आत्मनिर्भर बनाउँने भनिएको छ ।

२०७६/०७७ को वजेट कृषि जनशक्ति बढी भयो भनियो । र कृषि क्षेत्रलाई रोजगारीको क्षेत्र बनाइन्छ भनिएको छ । संघ र प्रदेश ७५ अर्ब माग्ने हो ? तपाई हामी मिडियाले खबरदारी गर्ने हो भने त्यो खालको खबरदारी नभएको हुन सक्छ ।

अनुदानको कुरा गर्ने हो भने १ नं. प्रदेशमा १ रुपैया र २ नं. प्रदेशमा २ रुपैँया दिने भनिएको छ । वजेट छुट्याएको छ । किसान एउटै हो । कोभिडको कारण रोजगारी गुमाएकालाई कृषिमा वजेट खै । विदेशबाट आएकालाई अनुदान दिने, खाने तेलको भाउ चढ्यो भनेर समाचार आएन । प्रति क्विन्टल २२५ प्रतिशत भाउ बढेको छ ।

भारतमा तोरी मण्डीमा किन्छ, बढेको मूल्य किसानले पायो । रेडियो र टेलिभिजनसँग कृषि सूचनाले प्रशिक्षणले सूचना प्रभाव गरिरहेको छ । भारतीय कृषिलाई १.५, २४ अर्ब अनुदान दिन्छ । हाम्रो कृषिले अनुदान दिएर भारतसँग प्रतिस्पर्धा गर्न सक्दैन ।

करोडौं रुपैया कौशी खेतीलाई अनुदान दिएको छ । के किसानलाई बाँड्न सक्दैन । जोससँग १ करोड भन्दा माथि घर हुन्छ । हामी खबरदारी गर्नुको सट्टा नजिकिनु खोज्दैछौं ।

**सुनिता नेमाफुकी सम्पादक कृषक र प्रविधि मासिक**

कृषक र प्रविधि मासिकका सम्पादक सुनिता नेमाफुकीले साथीहरू रोइकराई गरे भन्नुहुन्छ होला । हामी वार टप बन्ने की, ल्यापटप बन्ने

? हामी अझै क्षमता वृद्धि गर्नु पर्छ । विकास सञ्चार र कृषि पत्रकारितामा फरक छ क्यापासिटी र सूचनाको संयोजन गर्नु पर्छ । पूँजीवादी समाजमा व्यापार गर्छ भनेर हिड्नु पर्छ ।

**मिना पोखरेल कृषि विज्ञ तथा विश्लेषक**

कृषि विज्ञ तथा विश्लेषक मिना पोखरेलले कृषि पत्रकारितालाई त्यति हेर्दैन भन्ने कुरामा मलाई त्यस्तो लाग्दैन । पत्रकारितामा ल्याकिङ्ग देखिएको हो । विषय कन्टेन्ट र एनालाइसिस एकदमै कमी छ । पत्रकारिता अल्टिमेट एजुकेशन हो । पोलिसी एडभोकेसी र कानूनमा आसाध्यै ठूलो भूमिका हुन्छ ।

हाम्रो कृषि क्षेत्रमा मिड लेभल टेक्निसियनले धानेको छ । डीडीटी बारे १०० वर्षसम्म विवाद भयो । धेरैजसो जेएनको प्रोडक्ट भएपनि डाइमेनसनको ल्याकिङ्ग छ । एउटा डाइमेनसन आएपछि अर्को डाइमेनसन आउँछ । कृषि विज्ञान हो । शिक्षासँग सहकार्य हुन्छ । भारतको समस्या छ । दार्चुला लगायत ठाउँको भाषा बुझ्न सक्दैनौं । बजारलाई जोड दिनुपर्छ ।

**हरि पराजुली संयोजक अखिल नेपाल किसान महासंघ नेपाल**

अखिल नेपाल किसान महासंघका संयोजक तथा पूर्व कृषि मन्त्री हरि पराजुलीले कृषि सञ्चारलाई कसरी प्रभावकारी बनाउन सकिन्छ ? भूमि सुधार सरकारले के-के गरे ? कृषि नीति समय सार्न्दभिक छ कि छैन ? भन्ने भन्दा पनि राजनीतिले नकारात्मक रुपमा सोच्ने बानी हामीलाई पनि बनायो । ''राजनीतिले गर्दा नेगेटिभ ढंगले सोच्ने प्रवृति बनाएको छ ।'' हामीले सबैलाई राजनीतिकरण गऱ्यौं । राजनीति प्रति आकर्षित बनायौं । त्यसैको परिणाम स्वरुप नकारात्मक ढंगले प्रस्तुत हुन चाहीँ पछि पर्दैनौं । पत्रकारिताले सचेतीकरणको भूमिका खेलिदनु पर्छ ।

**नहेन्द्र खड्का संयोजक राष्ट्रिय किसान सञ्जाल नेपाल**

राष्ट्रिय किसान सञ्जालका संयोजक तथा अखिल नेपाल किसान महासंघ स्थायी समिति सदस्य नहेन्द्र खड्काले कृषि पत्रकारितामा काम गर्ने कृषि पत्रकारहरूको संघ-संगठन र किसान सञ्जालको बीचमा सहकार्यको ढोका खुलेको बताउनु भयो ।

कार्यक्रम सञ्चालन अखिल नेपाल किसान संघ अफ्काको केन्द्रीय सदस्य तथा राष्ट्रिय किसान सञ्जालका सदस्य शिवहरी खनालले गर्नु भएको थियो ।

# किसान एशिया प्रशान्त कार्यक्रम-२



काठमाडौं पुस ९ राष्ट्रिय किसान सञ्जाल नेपालको आयोजना, अखिल नेपाल किसान महासंघको सहजीकरण, अन्तर्राष्ट्रिय कृषि विकास कोषको आर्थिक सहयोगमा एशिया प्रशान्त किसान कार्यक्रम अन्तर्गत चक्लावन्दी मार्फत कृषिको व्यवसायीकरण सम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

**हरिवोल गजुरेल पूर्व कृषि तथा पशुपन्छी विकास मन्त्री**

कार्यक्रमका प्रमुख अतिथि पूर्व कृषि मन्त्री हरिवोल गजुरेलले आफू कृषिको लागि हदैसम्मको काम गर्नु परेपनि पछि नपर्ने विचार व्याक्त गर्नु भएको छ । गजुरेलले सरकार र संसदमा कृषिका समस्याहरू पटक-पटक राखिसकेको छु । तर पनि कृषिलाई समुचित ढंगले अगाडि बढाउन सकिएको छैन । कृषि क्षेत्रको आमूल परिवर्तनको लागि कुनै कसर बाँकी नराख्ने कुरा व्यक्त गर्नु भएको छ । गजुरेलले हरेक प्रकारको वाधा र व्यवधान छन् र पनि किसानहरू आफ्नो हक अधिकारको लागि अगाडि बढ्नु पर्ने बताउँदै किसानहरूको जुनसुकै संघर्षमा साथ दिन तयार रहेको बताउनु भयो ।

**नहेन्द्र खड्का संयोजक राष्ट्रिय किसान सञ्जाल नेपाल**

कार्यक्रममा राष्ट्रिय किसान सञ्जाल नेपालको संयोजक तथा अखिल नेपाल किसान महासंघका स्थायी समिति सदस्य नहेन्द्र खड्काले चक्लावन्दी भूमिको अवस्था क छ ? भोली जाने विषयगत बाटो के हो ? किसान आन्दोलन विभिन्न खेमा विभाजित भएको अवस्थामा राष्ट्रिय किसान सञ्जालको गठन भएको बताउनु भयो । कृषि रणनीति बनाउने लगायत विषयमा सबै किसानको समान समस्यालाई समाधान गर्न छलफल गरेका छौं । महारानी झोडामा के भईरहेको छ । सिन्धुलीको दुध्यौलीमा चक्लावन्दी गरेर खेती गरिरहेको छ । चक्लावन्दीको विषयमा कार्यन्वयन कसरी गर्ने ? साझा धारणा बनाउन सकियोस् भन्ने कार्यक्रमको आयोजना गरेको हो ।

**ठाकुर भण्डारी संयोजक फेगोफन नेपाल**

फेगोफन नेपालको संयोजक ठाकुर भण्डारीले चक्लावन्दी कार्यक्रमले गरीब किसानतर्फ असर पुऱ्याउन सक्ने तर्फ ध्यान दिँदै आधुनिकीकरण, व्यवसायीकरण तर्फ जाँदा किसानहरूलाई फाइदा हुन्छ की हुन्न भन्ने विषयमा ध्यान दिनुपर्ने बताउनु भयो । कृषि भूमि चक्लावन्दी भावी कृषि, वन एग्रो फरेष्ट फुडलाई अगाडि ल्याउन सकेन भने समृद्धि अगाडि बढ्दैन । करेसाबारी र धान, मकै खेतीको कुरा गरेर मात्र पुग्दैन । जडीबुटी, फलफूल, पशुपालन गर्न वनको महत्वपूर्ण भूमिका छ । त्यसलाई जोड्नु पर्छ । विगतमा वन मन्त्रालय कृषि सुन्न चाहन्नथ्यो । देशमा राजनीतिक परिवर्तनको कारण जनतामा निराश भएको छ । हामीले कहाँ के सहयोग गर्नु पर्ने हो ।

फुट्नु हुँदैन भन्दाभन्दै फुटेर जानु परेको छ । अदालतले पुन:स्थापना गरियो भने नयाँ सिराबाट अगाडि बढ्छ । यो कार्यक्रम सानै भएपनि असाध्यै महत्वपूर्ण कार्यक्रम भएको छ । आशावादी भएर अगाडि बढ्न आग्रह गर्दछु ।

**चिरञ्जिवी पौडेल प्रमुख महारानी झोडा कृषि सहकारी संस्था**

महारानी झोडा कृषि सहकारी संस्थाका प्रमुख चिरञ्जिवी पौडेलले महारानी झोडाको चक्लावन्दी गरी व्यवसायिक बनाउन २५६०

घर धुरीलाई मिलाएको थियौं । उक्त कार्यक्रम सञ्चालन गर्न समिति र उपसमितिहरू बनाएका छौं । सहकारी संस्थाले वार्षिक ५ करोड बराबरको बीउ बिक्री वितरण गर्छौं । जसमा ४ सय विगाह जमीनको क्षेत्रफलमा कृषि गरिएको छ । सहकारी खेतीको अवधारणा अनुसार गरेको छ । कृषि तर्फ जानु पर्छ भनेर ८० विगाह तरकारी खेतीबाट १२५ विगाह पुऱ्याएको छ । पशु विमा, इलाम र ताप्लेजुङ्गमा पनि कृषि सेवाका कार्यक्रमहरू गरेको छौं । शिक्षा, स्वास्थ्य जस्ता कार्यक्रमहरू अगाडि सारेका छौं । पशु आहार किसान केन्द्र, पशुपन्छी पालन, माछापालन, किसान सिकाई केन्द्रको विकास गरेका छौं । कृषि पर्यटनको लागि ५०/६० जना अट्ने नमूना पाहुना घर बनिसकेको छ । एकीकृत कृषि भवन, किसान आवास कार्यक्रम, अनार खेती, धान, मकैको हाइब्रिड बीउ, न्यूनतम् समर्थन मूल्यको काम गरेका छौं । राज्यले किसानको धान किन्ने भनेपनि किनिरहेको छैन । यो अवस्थामा प्रति ४०० देखि ५०० रुपैयाँको फरक छ । हामी समर्थन मूल्यमा किसानको धान किन्न योजनामा छौं । साथै रैथाने बाली संरक्षण गर्ने कार्यक्रम गर्न लागेका छौं । उत्पादन र उत्पादकत्वबाट गरीबी न्यूनिकरण र चक्लावन्दी कार्यक्रम गर्नुको कारण युवाहरूलाई विदेश जानबाट रोक्नु पनि हो । कृषि सहकारी संस्था चलाएका छौं । सदस्यहरूलाई गरिखाने कसरी बनाउने भनेर लागि परेका छौं ।

चक्लावन्दी कार्यक्रम किसानहरूको लागि आवश्यक छ कि छैन भनेर शुरुमा हामी किसानहरू कहाँ गयौं ।

शुरुमा ८० विगाहलाई १६ सय शेयर बनायौं । सिँचाई सडक बजारीकरण लगायत राज्यबाट सहजीकरण गर्नुपर्छ । निरन्तर अगाडि बढ्ने खालको कार्यक्रम बनाउनु पऱ्यो । जमीन प्लानिङ्ग गर्दा राम्रो हुन्छ । प्रति मेशीन १६ हजार तिरेर मकै रोप्यौं । हामीसँग जमीन छ । सडक छ, सिँचाई छ । लगानी गर्नु त पूँजी चाहियो र योजना हामीसँग हुनुपऱ्यो । चुनौतीहरू : सहकारी संस्था स्थानीयको विश्वासी हुनु पऱ्यो । योजना हामीसँग हुनु पऱ्यो । चुनौतीहरू सहकारी स्थानीय सरकारले बाटोमा लगाउने कृषिमा केही छैन । सँधै अनुदानको कुरा गरेर मात्र हुँदैन । वजेट छैन, कोरोनाले खायो भनिन्छ । प्लानिङ्ग पुस्तौंपुस्ता गर्ने हो । डिप ईरिगेशन ठूलो खर्च हुन्छ । किसानले अनुसन्धान गर्न सक्दैन । कम्तिमा पनि सुविधा दिनुपर्छ । समस्या जति तल छ माथि-माथि बसेर योजना बनाउनु हुँदैन । काम गर्ने मानिसले अनुदान लिन सक्दैन काम नगर्नेले अनुदान लान्छ ।

भोट बटुल्नाका लागि अलिअलि मल बाँड्छ । उद्योगहरू सञ्चालन गर्नु पर्छ । हामी कहाँ सम्भावनै सम्भावना छ । एकै दिनमा ३०० जना भन्दा बढी किसानहरू सहभागी भएर सबै काम गऱ्यौं ।

**रितेश राउत प्रमुख दुध्यौली गाउँपालिका वडा नं.२ तथा कार्यक्रम संयोजक दुध्यौली कृषि सहकारी संस्था**

बागमती प्रदेश तथा दुध्यौली गाउँपालिका वडा नं.२ का प्रमुख तथा दुध्यौली कृषि सहकारी संस्थाका कार्यक्रम संयोजक रितेश राउतले दुध्यौली २ मा चक्लावन्दी मार्फत कृषि कार्यक्रम भएको बताउनु भयो ।

कार्यक्रमलाई एक ऐतिहासिक अवसरको रुपमा लिएको, कृषि कार्यक्रम वस्तुगत, क्षेत्रगत भौगौलिक हिसाबले पायोनियर कार्यक्रम बनेको, अवधारणा र कार्यन्वयनको ढाँचा सवल र दुर्वल पहिचान गर्नु जरुरी भएको, ४० वर्ष अगाडि खाद्यान्न निर्यात गर्ने देशले ४१ अर्बको खाद्यान्न आयात् गर्नु पर्ने अवस्था भएको कारण अर्थतन्त्रमा नकारात्मक असर परेको छ । कृषिमा युवाहरूको आकर्षण कमी भएको छ । हलो जोत्नुको सट्टा आधुनिक प्रविधिबाट जोत्नु व्यवस्था हुनुपर्ने, निर्वाहमुखी कृषिलाई व्यवसायीकरण बनाउँदै लानु पर्ने, बढ्दै गरेको जमीनको खण्डीकरण रोकिनु पर्ने, ७३.१ प्रतिशत जनसंख्या कृषिमा रहेको तर योजना बनाउँदा किसानहरूको अनिवार्य सहभागीताको कमी भएको छ ।

आधुनिक खेती प्रणाली पशुपालन, सहकारी मार्फत सञ्चालन हुनुपर्ने, सहकारीको तीन खम्बे नीतिलाई अपनाई चक्लावन्दी कार्यक्रममा पशुपालन गर्दा कृषि उब्जनीमा सहयोग पुग्ने भएकाले पशुपालनमा जाने, सामूहिक भैंसी र गाई पालन गर्दै कृषि पर्यटनमा जोडदिने जस्ता कार्यक्रम अगाडि बढाएको छ ।

दुध्यौलीमा नेपालको एक मात्र दनुवार जाति छ । कलस्टरको बीचमा काम गरिरहेको छ । कृषि उत्पादन, अध्ययन, पशुपालन, आदि कार्यक्रमले अनुसन्धानमा सहयोग पुगेको छ । हामीले १२१ विगाह क्षेत्रफल जमीनमा कृषि गरिएको छ । त्यसमा हामीले ६० विगाह जमीनमा चक्लावन्दी गरेका छौं । ६० विगाह जमीन चक्लावन्दी गरेर प्लानिङ्ग गर्दा अढाई विगाह जमीन बढी आउने रहेछ । "चक्लावन्दी गर्दा क्षेत्रफलको वृद्धि हुनेरहेछ ।" स्थानीय तहमा रोजगार सिर्जना गर्ने समूह गठन, वैज्ञानिक कृषि प्रविधिको प्रयोग, प्रशोधन र भण्डारण सञ्चालन गर्दा धान र गहुँलाई दोहोरो फाइदाको हिसाबले हरिरहेको छ । वेष्टेज जमीनको सदुपयोग भएको छ । सिँचाईको लागि साढे ३ मिटर आकारको कुलो बनेको छ । बालीमा उपयोग गर्न सजिलो भएको छ । बागमती प्रदेश सरकारसँग सहकार्य गरिएको छ । आधुनिक कृषिको कारण नाफामा गएको छ । उत्पादन लागत घटेको छ । सहकारी मार्फत रोजगारीको वृद्धि भएको छ ।

अतिरिक्त समयको रुपमा महिलाहरूका लागि रोजगारको सिर्जना भएको छ । प्रदेश सरकारको भूमि व्यवस्थापन, कृषि तथा सहकारी मन्त्रालय मार्फत कार्यक्रम सञ्चालन भएको छ । युवालाई लक्षित गरी २ लाख खर्चेर विदेश जानुभन्दा यही बसेर चाहेको बेला कृषि दोब्बर नाफा लिन सकिन्छ । नाफा वितरण गर्दा केही कठीनाई छ ।

यो नयाँ ट्रेण्ड हो । समस्यै समस्याले जेलिएको कार्यक्रम हो । १ अर्ब रुपैया जोड्छु भनेर गरेको कुरा कम चुनौतीपूर्ण कार्यक्रम होइन ।

अंश खोज्ने परम्पराको कारण भएकाले चक्लावन्दीमा आफै समस्या आउन सक्ने देखिन्छ । ठूलो प्रविधि प्रयोग गर्न नसक्ने अवस्था छ । आधुनिकीकरण र कृषिमा निराश छाएको अवस्था छ । आधुनिक खालको कृषि क्रान्ति गर्न जरुरी छ । परिवर्तनको लागि वाई प्रोडक्टमा जान जरुरी छ भनेका छौ । १० विगाह जमीनमा सहकारी मार्फत माछापालन, दरवार होमस्टे, मगर जाति र दनुवार कम्युनिटी सञ्चालन, किसान र महिलाहरूको सहभागीता छ । दनुवार कला साँस्कृतिक कला घर रहेको छ । १२१ विगाहमा काम गर्दा २५ लाख खर्च र आम्दानी ९० लाख आउँदो रहेछ । १९५ प्रतिशत नाफा देखिने खालको छ । शुरुमा केही पनि थिएन । ७० प्रतिशत अनुदान दिने हो । २ लाख लाग्दा ५० हजारमा सीमित हुन्छ । २ तिहाई लागत घटेको छ । आलुमा धान भन्दा २०० प्रतिशत बढी आम्दानी लिन सक्दो रहेछ । सरकारको सहकार्यमा सडक, सिँचाई, गोदाम, दाना लगायत संरचना निर्माण भएको छ । एकीकृत रुपमा सरकारबाट काम हुन नसकेका रहेछ । चक्लावन्दी आवश्यक

पर्ने कार्यक्रम गर्ने सवल पक्ष र दुर्वल पक्षका बीच चुनौती र अवसरहरू पनि छ।

२ वर्षसम्म नयाँ माटोमा बालीको केही समस्या देखापर्‍यो। प्रदेशबाट समाजवाद तर्फ उन्मूख बनाउने गौरवको आयोजनाहरू ल्याउनु पर्छ। संघीय सरकारबाट चक्लावन्दी कार्यविधि तयार भइरहेको छ। वजेट छुट्याई सकेको छ। कार्यविधि नहुँदा कार्यक्रम गर्न नसकेको अवस्था छ।

कम्पनीलाई ५/१० करोड दिँदो रहेछ। हाइटेक प्रविधि प्रयोग मार्फत विषादी छर्ने। प्रविधि आएको छ। म्याचिङ्ग फण्डको स्थापना जरुरी छ।

**अनिल मरासिनी सह-सचिव भूमिसुधार सहकारी तथा गरिवी निवारण मन्त्रालय**

भुमि सुधार सहकारी तथा गरीवी निवारण मन्त्रालयका सह-सचिव अनिल मरासिनीले शुरुवाती अवस्थामा भूमि सुधार कार्यक्रममा केन्द्रीत भयौं। त्यसपछि जग्गा प्रशासन र भूमिसँग सम्बन्धित कार्यक्रमका विषयमा जोड दिएका छौं। अहिले भूमि खण्डीकरण रोकिने चरणमा छ। जनसंख्याका बढेपनि जमीन बढ्दैन। अब भूमिको व्यवस्थापन प्रक्रियामा छौं। भूमिको अधिकतम् सदुपयोग र बढी भयो भने पनि अगाडि बढ्दैन। के काम गरिहेको छ भन्ने विषयमा भूमि नीतिको कमीको कारण सोचे जसरी काम हुन सकेको छैन।

२०७२ सालपछि आएको परिवर्तनले सबैभन्दा चाप भूमिमा परेको छ। अब मन्त्रालय ३ वटा आधारलाई टेकेर भूमि व्यवस्थापन गर्छौं।

१. वर्गीकरण नीति ल्याएका छौं। खेती कसैले नगर्ने, कृषि भूमि बाँझो राखेमा कारवाही गर्ने कानून समेत बनेको छ। यसै आर्थिक वर्षदेखि भूमि व्यवस्थापन हुन्छ। पहिलो चरणमा ३ हजार स्थानीय तहमा भूमि बैंक स्थापना गरिने छ। भूमि बैंक नीति २०७५ले भूमिको चक्लावन्दी गर्ने, टुक्रा जमीनलाई व्यवसायीक रुपमा चक्लावन्दी मार्फत कृषि भूमिको लागि उपयोग गर्ने। नदिका किनारहरूमा पनि कृषि भूमिको लागि उपयोग गरिने छ।

सरकारको नीति खण्डीकरणलाई निरुत्साहित र चक्लावन्दीलाई प्रोत्साहित गर्ने छौं। नीति ल्याएर मात्र हुँदैन नीतिगत कुरा व्यवस्थित गर्ने भू-उपयोग ऐन २०७६ आएको छ। नियमावाली अन्तिम चरणमा छ।

भू-उपयोग ऐनले कृषि भूमि अन्य प्रयोजनको लागि प्रयोग गर्न पाइदैन। र ३ वर्षसम्म बाँझो राख्नेलाई कारवाही गर्ने छ। स्थानीय तहको भूमि बैंकले नीतिगत व्यवस्था र कानूनी व्यवस्थाका साथै भुमि बैंकलाई कसरी उपयोग गर्ने भनेर प्रोत्साहनमूलक कार्यक्रम ल्याउने वाध्यात्मक कानून कार्यन्वयन गर्ने छौं। चक्लावन्दी र खण्डीकरण नियमावाली बन्ने छ। तराई वा पहाडमा कृषियोग्य जमीन सानो भएमा कित्ताकाट गर्न पाईंदैन। संस्थागत व्यवस्था गर्दा प्रदेश सरकारले गर्ने छ। आधार र मापदण्डहरू प्रदेश सरकारको जिम्मेवारीमा छ।

मापदण्ड बनाएपछि चक्लावन्दी किसिमले कार्यक्रम बढाउन सकिन्छ। कृषि सम्बन्धी व्यवस्थालाई हदवन्दी खोकुलो हुनु पर्छ। कृषि भूमिको रुपमा रहने गरी २ तराई, पहाडमा ३ हजार वर्गमिटर मापदण्ड निर्धारण गरिएको छ। जग्गा नापजाँच सरकारले गर्नु पर्छ भन्ने छ। सहकारी र सामुहिक खेती प्रणालीमा यो कार्य सम्भव हुन सक्छ।

देशभर ३५ हजार सहकारीलाई निमयन गर्ने नीति बनाइने छ। सरकारी जग्गामा कृषि गर्न चाहन्छन् भने जग्गा उपलब्ध गराउने नीति छ। (कृषिको लागि) अर्थले सिँचाई र कृषिलाई हेर्ने विधि क्षेत्र नहुँदा, कृषियोग्य जमीनको संरक्षण र व्यवस्थापन गर्न स्पष्ट भिजनका साथै ५ वर्ष अगाडि देखि त्यसतर्फ नीति निर्माण गर्दै आएको छ।

कृषि गर्न काठमाडौं उपत्यका जमीन छैन। हदवन्दी छ कि छैन। अनि मात्र काम गर्न सजिलो हुन्छ। असारमा पाउनु पर्ने मल अझसम्म पाएको छैन। धान र मकैले मान्छ ? हामीले त मान्छ। मल सहकारी मार्फत नभई थोक पसलमा पाइन्छ। किसानको मल खुद्रा पसलसँगको सम्बन्ध के ? साना-साना समस्याहरू माथि छलफल नगरीकन समस्याको समाधान हुन्न। पहुँच र प्रपोजको आधारमा सबै काम भइरहेको छ।

**गणेश कुँवर अध्यक्ष अखिल नेपाल कुखुरापालक संघ**

अखिल नेपाल कुखुरापालक संघका अध्यक्ष गणेश कुँवरले नेपालको चक्लावन्दी भुमिमा संयोजन कसरी गर्ने ? भूमि सुधार मन्त्रालयले खण्डीकरण रोक्यो। मेरो बाउ बाजेको सम्पत्ति भन्ने अवस्था रहेसम्म खण्डिकरण रोकिन्न चक्लावन्दी कार्यक्रम गरिएकाहरू माथि राज्यले असहयोग गर्न सक्छ। विदेश जान चाहेनलाई तुरुन्तै ऋण दिन्छ। तर कृषि गर्नेलाई दिन्न। पहाडी भेगमा कसरी चक्लावन्दी गर्न सक्छौं ?

धनपति खरेल विगतमा भूमि चक्लावन्दी सम्बन्धी अध्ययन गरेका थियौं। मेरो विचारमा भियतनाम, चिन, भारत लगायत देशहरूमा हामीले गरेको चक्लावन्दी व्यक्तिगत रुपमा गरेको छ। यो कुरा भएको र प्राविधिक रुपमा सेन्सेटिभ हुन्छ। चक्लावन्दी गर्दा जग्गा एकीकरण गरिन्छ।

**लालबहादुर विक स्थायी समिति सदस्य अखिल नेपाल किसान महासंघ तथा ग्रामीण आवास कार्यक्रम**

अखिल नेपाल किसान महासंघका नेता लालबहादुर विकले ग्रामीण आवास कार्यक्रम अन्तर्गत ७८ विगाह जमीनमा भूमि सुधार सम्बन्धी काम गरिहेका छन्। भूमि सुधारको कुरा गर्दा सरकारले के-के गरेका छन् भन्ने भन्दा पनि जनस्तरमै जनताले गरेको पाउँदा खुशी लाग्यो। "कृषि यति जोखिमको काम हो" प्लेन उडाउन र घर भत्काउने र बनाउन बरु सजिलो हुन्छ। कृषि पूजीसँग सम्बन्धित भएको कारण जटिल छ। सुदुर पश्चिम १० विगाहमा गहुँको उत्पादन गर्न लागेका छौं। २ लाख ४० हेक्टर जमीन छ। प्रयोग गर्दै लानु पर्छ। भूमि व्यवस्थापन आयोग ल्याएको छ। भूमि राज्यको सबै मातहतमा राख्ने भनेको छ। तर सरकारले मानेको छैन। आफूले खाना समेत पुर्‍याउन सक्दैन।

**सरिता भुसाल अखिल नेपाल महिला किसान संघ**

अखिल नेपाल महिला किसान संघ संयोजक सरिता भुसालले महिला किसानको कुरा उठ्नु पर्छ जस्तो लाग्छ।

**नहेन्द्र खड्का संयोजक राष्ट्रिय किसान सञ्जाल**

राष्ट्रिय किसान सञ्जालका संयोजक नहेन्द्र खड्काले कार्यक्रमलाई केन्द्रीत गर्ने तिर फोकोस होस् भनेर कार्यक्रमको आयोजना गरेको हो।

भूमि उपयोग र चक्लावन्दी कार्यक्रम के हो ? मन्त्रालयले के गरेको छ ? झापाको महारानी झोडा र सिन्धुलीको दुध्यौलीमा चक्लावन्दी कार्यक्रम कसरी भइरहेको छ भन्ने जानकारी गराउन पनि कार्यक्रम गरेको हो।

भूमि कृषिको अभिन्न अंग हो। चक्लावन्दी जग्गाको एकीकरण भनेको कित्ता जोड्ने हो। चक्लावन्दी भनेको जग्गा जोड्ने हो। चक्लावन्दी निजी स्वामित्वलाई सहकारी वा सहकारीमा बदल्ने बाटो हो। समाजवादसम्म पुग्न कृषिको सामूहिकीकरणमा गएर समाजवाद तिर जाने हो।

**प्रमेश पोखरेल संयोजक लाभिया क्याम्पासिना दक्षिण एशिया**

लाभिया क्याम्पासिना दक्षिण एशिया संयोजक प्रमेश पोखरेलले भूमि कृषिको केन्द्र हो । भूमि विना समग्र कृषि भूमि व्यवस्थापन गर्न नसकेको अवस्थामा कृषियोग्य भूमि खण्डीकरण क्षयीकरण हुँदै गएको छ । यसको समाधान भूमिको चक्लावन्दी कार्यक्रम गर्ने हो । भूगोलको अवस्था हेरेर गर्ने भूमिलाई व्यापारीकरण गर्दै गएको अवस्था छ ।

**शिवहरी खनाल सदस्य राष्ट्रिय किसान सञ्जाल**

राष्ट्रिय किसान सञ्जालका सदस्य शिवहरी खनालले भूमिको वैज्ञानिक भूमि सुधार भएकाले विषय गहन छ । सम्पूर्ण नीति नियमहरू जारी भएको अवस्थामा कार्यन्वयन पक्षमा जोडदिनु पर्छ । सहकारी नाफा खोरी सुदखोरी काम भएको छ । सरकारी जग्गा सुकुम्वासी, हरुवा, चरुवा कित्ताकाट भएको भूमि अत्यन्त महत्वपूर्ण कुरो हो ।

**गोपाल भण्डारी सदस्य राष्ट्रिय किसान सञ्जाल तथा नेपाल किसान संघ**

नेपाल किसान संघका केन्द्रीय सदस्य तथा राष्ट्रिय किसान सञ्जालका सदस्य गोपाल भण्डारीले कार्यक्रम काठमाडौंमा सीमित नगरी सबै प्रदेशहरूमा पुऱ्याउनु पर्ने धारणा व्यक्त गर्दै पूर्वाञ्चलमा लान पहल गर्नु पर्ने बताउनु भयो । हामीले मात्र थाहा पाएर हुँदैन किसानले थाहा पाउनु पर्छ । चक्लावन्दीको विशेष नियम छुट्टै चाहिन्छ । सकिन्छ भने एकीकरण नै गर्ने हो । सामाजिक मूल्य मान्यता अनुसार सिद्धान्त ठीक भएपनि जटिल पक्षको सम्वोधन हुनुपर्छ । महारानी झोडा सहकारी संस्थाले खेती खर्चिलो भयो भन्ने विषयमा असफल हुन्छ कि भन्ने भयले सोसल संस्था मार्फत अगाडि बढ्यो । फर्किनु पर्ने अवस्था छैन । किसानहरू जबसम्म यो आफैमा आवश्यकताको महशुस गर्दैन तबसम्म लाग्दैन । हामीले पनि सिक्दै छौं ।

सिन्धुली दुध्यौली नगरपालिका २, तथा दुध्यौली २ सामूहिक चक्लावन्दी खेतीका कार्यक्रम प्रमुख रितेश राउलले प्रश्नको उत्तर दिँदै हामीले ५ विगाह क्षेत्रफल जमीनमा तरकारी खेती गऱ्यौं भने म्यानुअली प्रयोग गर्दा घाटा हुन्छ भने प्राविधिक रुपमा काम गर्दा नाफा हुन्छ । सामूहिक खेती कहाँ-कहाँ गर्छ भनेर मन्त्रालयसँग तथ्याङ्क छैन । सिकौं भन्ने मान्यतामा गएर यान्त्रीकरण गर्दै जानसके कृषिमा आकर्षण बढ्छ । प्रविधि सहितको कृषि गर्दा २०० प्रतिशत आम्दानी बढ्दो रहेछ । म्यानुअली गर्दा, समग्रमा भन्दा ८० प्रशित लागत घट्छ । त्यसलाई २ पटक गर्न सकिन्छ । बीउमा काम गर्ने सहकारीले व्यवसायिक हिसाबमा लगानीको ८० प्रतिशत नाफा लिन सकिन्छ ।

त्यसैगरी सिन्धुली दुध्यौलीकै रामदीप बजगाईले १२२ विगाह जमीनमा चक्लावन्दी गरेको बताउँदै । रोपाईं भन्दा अगाडि गर्दा राम्रो हुन्छ । चक्लावन्दीको कार्यक्रम वर्षाको बेलामा भन्दा अरुबेला गर्दा साँध सीमाना बिग्रीदैन । मेशीन प्रयोग गर्न कम्तिमा पनि ५ कट्टा हुन राम्रो हुन्छ । हाम्रो अनुभवमा ४०० प्रतिशत लागत घटेको अनुभव छ ।

**केशव खड्का नेता किसान**

किसान नेता केशव खड्काले चक्लावन्दीमा जाने भनेको ज्यादै प्रयास गरेर मात्रै गर्न सकिन्छ । ७५३ वटै पालिका मार्फत यस्तै कार्यक्रम एकैपटक, एकै ठाउँमा ल्याउन असम्भव छ । खण्डीकरणमा हामी जाँदैनौं ।

**मीन प्रसाद गैरे अध्यक्ष नयाँ कृषि सहकारी संस्था**

सहकारीको माध्यमबाट काम गर्न सहज भएपनि स्थानीयहरूको विश्वास जित्न नसक्दा चक्लावन्दी कार्यक्रम अगाडि बढ्न कठिनाई हुने बताएको छ ।

**रामहरी शर्मा सचिव राष्ट्रिय कृषक समूह महासंघ**

राष्ट्रिय कृषक समूह महासंघका सचिव रामहरी शर्माले निजी जग्गा घट्छ । गुठीको जग्गा हट्छ कि हट्दैन । भ्याली भित्र खेती गर्न चक्लावन्दी गर्न सकिदैन ।

**कलबहादुर हमाल केन्द्रीय सदस्य अखिल नेपाल किसान महासंघ**

अखिल नेपाल किसान महासंघका केन्द्रीय सदस्य कलबहादुर हमालले पहाडी भागमा ल्याण्ड पुलिङ्ग कन्सेप्ट अनुसार जग्गा चक्लावन्दी गर्न सकिन्छ । चक्लावन्दी गर्न डोजर लगाएर मिलाउनु पर्छ भन्ने छैन । खण्डीकरण रोक्न कानूनै आएको छ । प्रशाशनको आदेश मान्दैन भनेको अवस्थामा कानून नै आएका छ । सामाजिक प्रश्न कृषियोग्य भूमि खण्डीकरण गर्न पाइदैन भन्ने ऐन आएको छ । सम्भव भएसम्म कृषियोग्य जमीन संरक्षण गर्नु पर्छ । खण्डीकरण हुँदै हुँदैन भन्ने छैन । नियन्त्रण गर्न सक्छौं । गुठी सम्बन्धी जग्गा चक्लावन्दी गर्ने नीति छैन । चक्लावन्दीमा जग्गा धनी स्थानीय तहको रोहवरमा गर्न सकिन्छ । भूमिको ९ प्रकारको वर्गीकरण गरिएको छ । शहरी क्षेत्रमा उद्योग, आवास, छुट्याएर गर्नुपर्छ ।

**अञ्जु भारती नेतृ अखिल नेपाल किसान महासंघ**

अखिल नेपाल किसान महासंघको नेतृ अञ्जु भारतीले व्यवसायीक कृषि गर्न सरकारी जमीन प्राप्त गर्न स्थानीय तहमा निवदेन दिनु पर्छ । नीति नियम बनाए मात्र पनि सजिलो हुन्छ । २ नं. प्रदेशमा भूमि प्रशासन छ । भूमि पनि प्रशस्त छ । जग्गा कति क्षेत्रफल छ कति उपयोग गर्ने ? भनेर ऐना जस्तो छर्लङ्ग हुनु पर्छ । गरा सुधार, प्रोत्साहनको कार्यक्रम छ ।

**अनिल मरासिनी सहसचिव कृषि, भूमि सुधार तथा गरिवी निवारण मन्त्रालय**

कृषि, भूमि सुधार तथा गरिवी निवारण मन्त्रालयका सह-सचिव अनिल मरासिनीले बढ्दो क्षेत्रफल व्याप्त र उपयुक्त वर्गीकरण कार्यक्रम २२१ स्थानीय तहमा भइरहेको जानकारी दिँदै चक्लावन्दी र जग्गा एकीकरण फरक विषय भएको बताउनु भएको छ । चक्लावन्दी सबै स्वामित्व मिलाउन जरुरी छैन । सामूहिक रुपमा खेती गर्न सकिन्छ । कस्तो जमीन छ । त्यस्तै प्रकारले गरिन्छ । डिजिटल नक्साङ्कन प्रविधि सरकारी जग्गामा खेती गर्न के गर्नु पर्छ । सरकारी जग्गा दुरुपयोग हुने अवस्था छ । उपयुक्त जमीन अधिकतम् प्रयोग गर्नु पर्छ भन्ने हो ।

**लालबहादुर विश्वकर्मा स्थायी समिति सदस्य तथा अखिल नेपाल किसान महासंघ**

साँध सीमाना भत्काउनु पर्छ डिजिटल प्रविधिहरूको प्रयोग गरेको छ छैन । चक्लावन्दी गर्न सरकारको मुख ताक्नु हुन्न । चक्लावन्दी र सहकारीमा जाने हो । सहकारी पूँजीवादी रुप हो । वित्तिय पूँजीले आम्दानी गरे पनि चक्लावन्दीमा खेल्न सक्दैन । सहकारीले सदस्य बनाएर पैसा जम्मा गर्ने बाहेक अरु काम गर्न सक्दैन । सामाजिक प्रतिष्ठा भएको जानी नजानी एकीकृत ग्रामीण विकासको अवधारणा अगाडि ल्याएको छ । बजारीकरण गर्न उसले आफै दुग्ध बेच्ने होइन । माटो उपयोग गर्ने हो ।

**केवी घले कोषाध्यक्ष अखिल नेपाल किसान संघ (अप्फा)**

अखिल नेपाल किसान संघको अप्फाका कोषाध्यक्ष केवी घलले दुध्यौलीमा २०० प्रतिशत मुनाफा कसरी देखियो ? उपत्यकाको कृषि भूमि सकिएको छ । प्लटिङ्ग गरेर कुनै पनि जमीन छैन । थौरै टुक्रा जमीन भएपनि भाडामा दिने चलन छ । जमीनवालाले वार्षिक रुपमा एक रोपनीको १० देखि २० हजार लिन्छ ।

# किसान एशिया प्रशान्त कार्यक्रम–३

*नाफामूलक व्यवसाय कृषि उत्पादन लगायतका प्रावधान र करारमा व्यापार लविङ्ग कार्यक्रम गर्ने पशुपन्छी विकास, लगानीको वातावरण र भ्यालु चेन निर्माणका क्रम कसरी सुदृढीकरण गर्ने ? विस्तारित नविकरणीय उर्जा उपयोग र क्षमताको वृद्धि कसरी गर्ने ? प्रतिस्पर्धामा वृद्धि, एकल, एकछत्र, एकाधिकार वर्गीकरणमा, माथि उठेका किसान र निम्न स्तरका किसान बीचको दूरी पहिचान गर्ने ।*

राष्ट्रिय किसान सञ्जाल नेपालको आयोजना अखिल नेपाल किसान महासंघको सहजीकरण, अन्तर्राष्ट्रिय कृषि विकास कोषको आर्थिक सहयोग र सहकार्यमा संघीय, प्रादेशिक र स्थानीय तीनै तहका सरकारका नीति र योजना निर्माण प्रक्रियामा किसान/किसान संगठनहरूको प्रतिनिधित्व विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

राष्ट्रिय किसान सञ्जाल नेपालका संयोजक कार्यक्रम अध्यक्षता गर्दै अखिल नेपाल किसान महासंघका स्थायी समिति सदस्य नहेन्द्र खड्काले किसानका साझा सवालमा किसानको मुद्दा बोकेर बनेको राष्ट्रिय किसान सञ्जाल नेपालको कृषिलाई प्राथमिकतामा राखेर अगाडि बढेको बताउँदै सरकारको तहबाट कृषि समितिहरू छन् तर गाडी घोडा



चढेर हिड्ने गरेकाले किसानहरूको समस्या ओझेलमा परेका भएपनि सञ्जालले आफ्नो मुद्दालाई अगाडि बढाउँदै आएको बताउनु भयो ।

देशको अवस्था गम्भीर छ तर पनि यी कुराहरू थाती राखेर देशको किसानहरूको समस्याको आधारमा छलफल गर्नुछ । जुन दलहरूसँग संगठित भएपनि किसानका मुद्दा साझा भएकाले शुरुदेखिनै सम्बन्धित निकायमा उठाउँदै आएको छ ।

**गणेश कुँवर अध्यक्ष अखिल नेपाल कुखुरा पालक किसान संघ**

उक्त कार्यक्रममा अखिल नेपाल कुखुरा पालक किसान संघका अध्यक्ष गणेश कुँवरले किसान सञ्जालसँग तीनै तहमा सरकारका जनप्रतिनिधीहरू भएकाले नीति निर्माण लगायत कार्यमा हस्तक्षेपकारी भूमिका खेल्नु पर्ने बताए ।।

**कञ्चनराज पाण्ड सह-सचिव कृषि विकास मन्त्रालय**

कृषि विकास मन्त्रालयको सह-सचिव कञ्चनराज पाण्डेले जबसम्म किसानको सरोकार राख्ने जनप्रतिनिधीहरूको सक्रियता

*'फ्याक्ट सीट नतिजा मुखी विकेन्द्रीत नवप्रवर्तन कार्यक्रम शुरुवाती अगाडि बढाउँदै लाने छ । कार्यन्वयनमा भएका छन् भने पुनः कार्यन्वयन गर्दै जानेछ । सेवा केन्द्रहरू गुणस्तरका साथै विस्तार गर्दै लाने छ ।*

नभएसम्म किसानका समस्या अगाडि बढ्न नसक्ने बताए । पञ्चवर्षीय योजना सँगै २० वर्षे कृषि रणनीति २०७२/०७३ कार्यन्वयनकै अवस्था छ । किसानको, आत्मनिर्भरता कृषि विकास, खाद्य तथा पोषण सुरक्षा अगाडि बढाउने खालका विभिन्न सूचकहरू भएका बताएका छन् ।

सु-शासन र सम्भावनाहरूमा विश्वासनीयताको विषय कसरी राख्ने ? एकीकृत रुपमा कसरी अगाडि बढ्ने ? एकीकृत कार्ययोजना, समावेशी कार्यक्रम, कृषकको क्षमता अभिवृद्धि, खाद्य तथा पोषणको स्थिति, विकेन्द्रीकरण कृषि अनुसन्धान प्रणाली, सुदृढ कृषि शिक्षा र चक्लावन्दी कृषिको रुप रेखा, सिंचित क्षेत्र, गुणस्तरीय कृषि सामाग्री पहुँचमा जोड दिनेछ । प्रभावकारी कार्यन्वयन कसरी लागु गर्ने । जलवायू परिवर्तन, मूल्य अभिवृद्धि, दिगो कृषि, असल कृषि अभ्यास किसानको प्रिमियम लागु कसरी गर्ने ? त्यस्तो वातावरण आझै बन्न सकेन ।

नाफामूलक व्यवसाय कृषि उत्पादन लगायतका प्रावधान र करारमा व्यापार लविङ्ग कार्यक्रम गर्ने पशुपन्छी विकास, लगानीको वातावरण र भ्यालु चेन निर्माणका क्रम कसरी सुदृढीकरण गर्ने ? विस्तारित नविकरणीय उर्जा उपयोग र क्षमताको वृद्धि कसरी गर्ने ? प्रतिस्पर्धामा वृद्धि, एकल, एकछत्र, एकाधिकार वर्गीकरणमा, माथि उठेका किसान र निम्न स्तरका किसान बीचको दूरी पहिचान गर्ने । काम गर्ने पालिकास्तरसम्म कसरी प्रभावकारी बनाउँदै लाने ? कार्यन्वयन समिति राष्ट्रिय योजना आयोगसम्म कसरी पुऱ्याउने र रहने व्यवस्था कसरी गर्ने ?

''फ्याक्ट सीट नतिजा मुखी विकेन्द्रीत नवप्रवर्तन कार्यक्रम शुरुवाती अगाडि बढाउँदै लाने छ । कार्यन्वयनमा भएका छन् भने पुनः कार्यन्वयन गर्दै जानेछ । सेवा केन्द्रहरू गुणस्तरका साथै विस्तार गर्दै लाने छ ।

विकेन्द्रीकृत कृषि, एग्रो ईकोलोजिकल अन्तर्गत काम गर्दै जानु पर्छ ।

आवश्यक प्रवर्द्धनको व्यवस्था अझै हुन सकेन । नार्क, कृषि विश्व विद्यलय लगायत सहभागीता गराउनु जरुरी छ ।

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनालाई अगाडि बढाउने हो । मुल्य श्रृंखला गठवन्धन नवप्रवर्द्धन उद्योग उद्यमशील कार्यक्रम

सम्पूरक लगायत कार्यक्रमहरू छन्। प्रति वर्ष ५०२ अर्व बजेट प्रक्षेपण भएको अहिलेको परिमार्जनको आवश्यता छैन। कार्यन्वयन अवस्था, संस्थागत संरचनाको विकास खाद्य सम्प्रभुक्ता, खाद्य, कृषि विकास ऐन लगायत पारित भएको छ। कार्यन्वयन भएको छैन। राष्ट्रिय किसान आयोग गठन भएको छ। राष्ट्रिय कृषि विकास कार्यन्वयन समिति छ। राष्ट्रिय किसान सञ्जाल मार्फत लबिङ्ग कसरी गर्ने ?

कृषि अध्ययन गरेकालाई ईन्ट्रान्स गराउने कार्यक्रम छ।

छुट्टा-छुट्टै भेटेर कार्यक्रम ल्याउन सफल भएको छ। ठूला स्टेक होल्डर भनेको किसान सञ्जाल नै हो। ईयूसँग ठूलो बजेट छ। एबीसी पोलिसी वेसका कार्यक्रमहरू छन्। संघीय कार्यक्रमहरू अत्यन्तै न्यून छन्।

कृषि विकास रणनीतिमा किसानको हीतमा छ। केही कमी कमजोरी छ त्यसलाई परिमार्जन गर्दै जानु पर्छ। सुदुर पश्चिम विशेष बाली विकास गर्नु पर्छ। विजनेश एप्रोजको लागि गर्न सकियो भने सफल हुनसक्छ। कृषि विकास रणनीतिमा कार्यन्वयन समिति पुनर्गठन गर्न जरुरी छ। प्रादेशिक कृषि विकास रणनीति परिमार्जन गर्न जरुरी छ। स्थानीय सरकार, कृषि सचिवस्तरीय कृषि सम्बन्धी समितिहरू निर्माण गर्ने। राष्ट्रियस्तरका कृषि समन्वय समितिहरू गठन र कार्यन्वयन गर्ने, कृषिलाई प्रभावकारी बनाउने तीनै तहका कार्यक्रम गर्ने। कृषक सञ्जालका प्रतिनिधीहरू रहने व्यवस्था गर्ने। वडास्तरमा नै कृषि प्रतिनिधीहरू रहने व्यवस्था छ। तीनै तहमा अभाव रहेको जनशक्ति पूर्ति गर्ने रहेको छ। भौगौलिक अवस्था अनुसन्धान अनुसार अगाडि बढाउने छ। शिक्षा, भूमि, वन, कृषि लगायत सहकार्यको खाँचो छ।

अखिल नेपाल किसान महासंघका संयोजक हरि पराजुलीले विषय धेरै गम्भीर छ। पञ्चायती कालमा कृषिलाई प्राथमिकता दिएको थुप्रै कागजातहरू छन्। त्यतिबेलाको दोस्रो योजनामा पनि ठूलो बजेट छुट्याउने भएपनि मन्त्रालयले खुलेर त्यसरी कार्यन्वयन नगरेको देखिन्छ। कुल बजेटको २ प्रतिशत अर्थात साँढे २ प्रतिशत भन्दा छुट्याएको पाइदैन। प्रशासकहरू, सानै पदका भएपनि हेर्ने दृष्टिकोणमा सुधार भएन। गणतन्त्र आएपनि त्यस्तै क्रम छ। किसानको प्राप्त ज्ञानको आधारमा सम्वोधन गर्न नसकेको अवस्था छ। सम्बन्धित कलस्टरबाट सचिव बन्न पाउने व्यवस्था छ। कृषिले वनमा जाने भन्ने छ र सहकारी र भूमि सुधार सिँचाईको कलष्टार वन पर्छ। ७ वर्ष भन्दा बढी कार्यविधि नभएकाले कुनै पनि जोखिम उठाउने गरी कार्यक्रम डिजाइन गर्दै। उनीहरू नीति बनाउने बेलामा ऋण दिने दाताहरूको इन्टरेष्टमा नीति बनाउँछन्। २ वटा परियोजना बनिरहेको छ। नेपालको अनुसार हुन सकेको छैन। जसले हामीले मूल कृषक हुन भनेर गर्व गर्न सक्ने अवस्था छैन। तीन तह सरकारमा पनि नीति निर्माणको तहसम्मका छैनन। स्थायी किसिमको संरचना बन्नु पर्छ। हाम्रो काम नीतिको गम्भीरतापूर्वक लिइयोस् ? भन्ने कुरा निर्धारण गर्नसके मात्र सरकार हाम्रो हो भन्ने अपन्वतको अनुभव गर्दै कृषिमा किसानहरू पनि लाग्छ।

किसानहरू नीतिगत रुपमा स्थायी नीति बनाउनु जरुरी छ। यसपाली बनाएको नीति अर्का मन्त्री आएपछि फाली दिन्छ र अर्थले अतिरिक्त आर्थिक व्यायभार भयो भनिदिन्छ। किसान ऐन अन्तिम चरणमा छ। दोस्रो चरणमा किसान सञ्जालसँग छलफल गर्ने नीति निर्माण तहमा किसानको संलग्नता संरचना बनाउनु पर्छ। अब सञ्जालको माध्यमबाट दबाव सिर्जना गर्ने मागहरू राख्ने र समस्याको विषय बनाउनु पर्छ। मन्त्रालयले हामीलाई किन टेरेन ? तीनै तहमा अलग-अलग संरचना बनाउन सके धेरै थोरै भएपनि प्रतिनिधित्व हुने संरचना आउन सक्छ। किसानहरूलाई नीतिगत तहमा आउन सकोस् भनेर छलफल गर्ने गरेको हो।

**नवराज बस्नेत राष्ट्रिय कृषक समूह महासंघ**

राष्ट्रिय कृषक समूह महासंघ नेपालका अध्यक्ष नवराज वस्नेतले एडीएसमा धेरै कुरा छुटेका छैन भन्ने विषय प्रस्तुत हुँदा एडीएस कडा ढंगले प्रस्तुत हुन खोजेकाले ६७ प्रतिशत किसानलाई एडीएस कतिलाई थाहा थियो होला ?

निर्माण भयो, संशोधन गर्न लग्दा नेपाली किसानको प्रतिनिधित्व हुन जरुरी छ। एडीएस बने पनि कार्यन्वयन तहमा हुनसक्ने संरचना बनाउँदैछ। विषय सकारात्मक देखेको छु। सहकारी मार्फत मल दिइरहेको छैन। अनुदान नजोडिएको कारण मूल्य श्रृँखला कार्यन्वयन हुन सकेको छैन। तल्लो तहका किसानको समस्या माथिल्लो तहसम्म नपुग्ने ? हाम्रो कार्यक्रम निश्चित (बीचको खाडल) यहाँ छ भनेर प्रस्तुत गर्न सके राम्रो हुन्थ्यो। महिला, सीमान्तकृत, भूमिहीन किसानको तहमा कागलाई बेल पाक्यो हर्ष न विस्मात भन्ने नहोस्।

आजको विषय एडीएसको नभईकन सरकारका तीन तहमा एडीएस किसानहरूको सहभागीताको विषय थियो।

केवी घले अध्यक्ष अखिल नेपाल किसान संघ काठमाडौं

अखिल नेपाल किसान संघ (अप्फा) काठमाडौंका अध्यक्ष केवी घलेले कृषक भने पछि अत्यन्त हेला गर्ने चलन थियो। भ्यालीमा कोदालोबाट किसानले कसरी खन्थ्यो भनेर जर्मनहरू छक्क पऱ्यो। व्यवसायलाई गुणस्तरीय बनाउन अर्गानिक कृषिमा ध्यान दिनु पर्छ।

**हरिशरण वरुवाल संयोजक अखिल नेपाल किसान महासंघ काठमाडौ**

अखिल नेपाल किसान महासंघ काठमाडौंका संयोजक हरिशरण वरुवालले च्याउखेती गर्दा मेरो ६ लाख डुब्यो। च्याउको अवस्थामा त्यस्तो सुधार हुन सकेन र उस्तै रह्यो।

बजारमूल्य नपाउँदा १४ लाख डुब्यो। अझै एउटा मन्त्रीले ल्याएको कृषि कार्यक्रम अर्कै मन्त्री आएपछि कार्यक्रमै फेरिदिन्छ।

**दयालक्ष्मी श्रेष्ठ केन्द्रीय सदस्य अखिल नेपाल किसान महासंघ**

अखिल नेपाल किसान महासंघका केन्द्रीय सदस्य दयालक्ष्मी श्रेष्ठले स्थानीय तहमा किसानको मुद्दा समावेश गर्न सकेको छैन। किसानको प्रतिनिधित्व हुँदैन। त्यसकारण कृषिको मुद्दा ओझेलमा परेको छ।

किसानको सहभागीता बलियो हुनुपर्छ। सामुदायिक वनले महिलाहरूलाई ५० प्रतिशत सहभागीता गराउँछ र कृषिमा पनि ५० प्रतिशत संस्थागत सहभागीता गराउनु पर्छ। जनसंख्या र कृषिमा पनि महिलाको वहुल्याता रहेको छ। त्यस कारण पनि महिलाको सहभागीता अनिवार्य छ।

**सत्यराम गिरी केन्द्रीय सदस्य अखिल नेपाल किसान महासंघ**

अखिल नेपाल किसान महासंघका केन्द्रीय सदस्य सत्यराम गिरीले कृषि विकास मन्त्रालय हाम्रो समस्या धेरै पटक राख्यौं। हाम्रो उद्देश्य के हो ? स्पष्ट हुन पर्छ। आर्थिक सहकार्य जस्तो विषयमा जबसले लविङ्ग गर्नु पर्छ। कृषिमा महिलाको ठूलो योगदान छ। नेतृत्व तहमा पुगेपछि सिंहजस्तो बन्ने। नेता, सरकारका आफन्तहरूलेनै अनुदान र सेवा लिने गरेका छन्। सीमान्तकृत तहमा पुग्न नसकेको अवस्था

छ। कृषि अनुदान गोजीमा हालेर थन्किने अवस्था छ। कुन खालको कार्यक्रम चलाउने भन्ने विषय स्पष्ट हुन जरुरी छ। किनकी स्थानीय तहमा काम गर्न अनिवार्य प्रतिनिधित्व हुने गरी संरचनागत स्वरुप र ऐन नियम कानून बनाउनु पर्छ। सरकारले दिने सेवा सुविधा भन्दा पनि निजी क्षेत्रले राम्रो सुविधा दिनेछ। किसानले बजारीकरण सानो परिणाममा गरिहेको छ। राष्ट्रिय किसान सञ्जालको अधिकार कति भन्ने कुरामा निर्धारण गर्न पहल गर्नु पर्छ।

**कल बहादुर हमाल केन्द्रीय सदस्य अखिल नेपाल किसान महासंघ**

अखिल नेपाल किसान महासंघका केन्द्रीय सदस्य कल बहादुर हमालले कर्णाली अझै व्यवसायिक कृषि गएको छैन। किसानको भुइँप्रासम्म पुगेको छैन। सञ्जाल र संगठनहरूले लविङ्ग गरेर मात्र यहाँसम्म आएको हो। नीति निर्माताहरूलाई दवाव दिनुपर्छ। कर्णाली प्रदेशमा धेरै किसिमको अभाव भएपनि सम्भावना बोकेको प्रदेश भएकाले स्थानीय देखि केन्द्रीय तहसम्म मेकानिज्म बन्नु पर्छ। धेरै किसानहरू जमीन भाडामा लिएर काठमाडौं उपत्यकामा व्यवसायिक कृषि गरिरहेका छन्। उनीहरू माथि उचित सम्वोधन भएको छैन। लुम्बिनी प्रदेशले जमीन भाडामा लिएर कृषि गरेका कृषकको जमीन भाडा दिने नीति लिएको छ। प्रस्ताव नै राख्न नपर्ने गरी अनुदान दिने व्यवस्था गर्नु पर्छ।

**गोविन्द दाहाल अखिल नेपाल किसान महासंघका केन्द्रीय सदस्य तथा अध्यक्ष केन्द्रीय चिया सहकारी संघ**

अखिल नेपाल किसान महासंघका केन्द्रीय सदस्य तथा केन्द्रीय चिया सहकारी संघका अध्यक्ष गोविन्द दाहालले ईलाममा १०० वटा भन्दा बढी चिया उद्योगहरू एकीकरण गरेर कार्यक्रम सञ्चालन गरेको बताउँदै महिलाहरूको ७० प्रतिशत सहभागीता सहित फार्मस टी ईण्डष्ट्री स्थापना गरी भ्यालु एड गरेर बजारमा बिक्री वितरण गर्ने गरेको बताउनु भयो। उत्पादन, प्रशोधन बजारीकरण गर्ने गरेको छ। नीतिगत रुपमा १ करोडसम्मको व्याज अनुदान ऋण लान अनुरोध गरेको छ। तर नलिएको कारण पूँजी फ्रिज भएको छ। स्थानीय तहमा हाम्रो सहभागीता जरुरी छ। हरियो पत्ती चिया वेचिरहेको अवस्थामा उद्योग स्थापना गरेर हामी आफै प्रशोधन, बजारीकरण गरेका छौं। सहकारी मार्फत जाँदा भाषण गर्न ठाउँमा भएकाले स्थानीय तहबाट अगाडि बढ्न सजिलो भएको छ।

**सरिता भुसाल अखिल नेपाल किसान महासंघ कार्यालय सचिव तथा संयोजक महिला किसान संघ**

ऋखिल नेपाल किसान महासंघका कार्यालय सचिव तथा महिला किसान संघका संयोजक सरिता भुसालले किसान संघ-संगठनमा महिला किसानको ३३ प्रतिशत सहभागीता हुन पर्ने, र महिलाहरूले कृषि क्षेत्रको लागि निर्णायक भूमिका खेल्नु सक्नु पर्ने बताउनु भयो।

**शिवहरी खनाल केन्द्रीय सदस्य अखिल नेपाल किसान संघ (अफ्फा)**

अखिल नेपाल किसान संघ अफ्फाका केन्द्रीय सदस्य तथा राष्ट्रिय किसान सञ्जालका सदस्य शिवहरी खनालले कृषि विकास मन्त्रालयले महत्वपूण कार्यक्रमहरूमा राष्ट्रिय किसान सञ्जाललाई सहभागी नगराइएको बताउनु भयो। मन्त्रालय पनि उपेक्षित छ। कृषि मन्त्रालयले कृषिमा आकर्षण बढाउन युवा महिला लक्षित कार्यक्रम ल्याउनु पर्छ। बजारीकरणको छुट्टै व्यवस्था गर्नुपर्छ।

अनुसन्धानको पाटो फितलो छ। टुटु भाइरस, सलह जस्ता रोगकीरा आएका छन्। फिल्डमै अनुदान दिनुपर्छ।

**गोपाल भण्डारी सदस्य नेपाल किसान संघ तथा सदस्या राष्ट्रिय किसान सञ्जाल नेपाल**

नेपाल किसान संघका केन्द्रीय सदस्य तथा राष्ट्रिय किसान सञ्जालका सदस्या गोपाल भण्डारीले सोलुखुम्बु, दिक्तेल, जस्ता दुर्गम ठाउँहरूमा किसान सञ्जाल सहभागीता हुन सकेको छैन। धनकुटा, सुनसरी झापा, मोरङ्ग लगायत स्थानहरूमा सञ्जाललाई लानु पर्छ। नगरपालिकामा ३ देखि ९ जनासम्म महिला सहभागीता गराउनु पर्छ।

**मायाँ केसी केन्द्रीय सदस्य तथा प्राङ्गारिक कृषि अभियन्ता**

अखिल नेपाल किसान महासंघका केन्द्रीय सदस्य तथा प्राङ्गारिक कृषि अभियन्ता

मायाँ केसीले देशमा संघीय संरचना भएपछि किसानको प्रतिनिधीत्व भएन भन्ने छ। पञ्चायत कालमा पूर्वमा राजा महेन्द्रले किसानहरूलाई प्रोत्साहित बनाउँथ्यो। त्यतिबेला आफू कम्युनिष्ट भएपनि कृषिको लागि भनेर तालिम लिएँ। चोरहरूको पार्सी भाषा हुँदो रहेछ। त्यतिबेला पनि ५ विकास क्षेत्रमा ५ वटा तालिम केन्द्र थिए। जुन कार्यक्रम चलिरहेको थियो त्यसमा हामीले पनि भाग लियौं। जसमा पुरुषहरु पनि सहभागी थियो। त्यतिबेलाको पञ्चायती सरकारले पुरुषहरूमा मेरो बुबालाई राम्रो काम गरेको भनेर वाध्य भएर सय रुपैयाँको पुरस्कार दियो। सिडिओको अध्यक्षता कृषि समिति थियो। त्यसमा २ जना महिला किसान सहमागी हुनुपर्छ भन्ने थियो। जब राजनीतिले हस्तक्षेप गऱ्यो। अहिलेसम्म कृषिमा राम्रो काम गर्न सकेन। फेरि कोल्याप्स भयो। किसान संगठनहरू किसान सञ्जालमा सहभागीता हुनु पर्छ। १० हजार वर्षदेखि महिला किसानहरूको कृषिमा सहभागीता छ। नेपालको १ करोड ८० लाख २६ हजार महिलाहरू प्रत्यक्ष अप्रत्यक्ष कृषिमा पेशामा सहभागीता रहेको छ।

२०७२ सालपछि महानगर, गाउपालिकामा कृषि समितिले काम कसरी गर्छ भन्ने थाहै भएन। कृषिको क नबुझ्नेहरू प्रमुखको रुपमा आए। गणतन्त्रमा कृषि क्षेत्र कोल्याप्स भएको छ। ३३ वर्ष भयो मैले कृषिमा काम गरेको छ। वर्षको ८/१० लाख कमाउछु। विषादी छरेर कहिल्यै पैसा कमाउदैन। ३ महिनासम्म गोलभेडा राखेर खानुस् केही फरक पर्दैन। पैसा बैंकमा राख्न नसकेर कहाँ छर्ने भन्ने छ। नेपालको हकमा सिङ्गो नेपाललाई पैसैपैसाले छोपेपनि विकास हुँदैन। नालायक सरकारको अर्थ समितिले कृषि समिति हेर्ने रे। छलफलको विषय बन्न नसकेका विषय दोहोरो सहयोग चाहिन्छ। ७७ प्रतिशत महिला किसानको साँच्चीकै सहभागीता जरुरी छ। ७५ लाख सदस्या भएको वन उपभोक्ता महासंघसँग मिलेर काम गर्नुपर्छ।

नहेन्द्र खड्का संयोजक राष्ट्रिय किसान सञ्जाल राष्ट्रिय किसान सञ्जालका संयोजक तथा अखिल नेपाल किसान महासंघ स्थायी समिति सदस्य नहेन्द्र खड्काले दीर्घकालीन कृषि नीति धेरै राम्रा छन्। भूमि, वन, सहकारीका ऐन राम्रा छन्। कार्यन्वयन भएका छैनन्। कारण किसानका प्रतिनिधीहरू त्यहाँ छैनन्। कस्तो नीति बनाउने, कति वजेट कसरी राख्ने भनेर कुरा राख्ने प्रतिनिधीहरू छैनन्। त्यहाँ कसरी पुग्ने ?

खड्काले मायाँ केसी गौतम वामदेवको बहिनी भएर होइन। कास्की जिल्लामा मायाँ नेपाली भएर चिनाउनु भयो। पञ्चायती कालमा दलीतको नाममा सक्रिय हुनुभयो उहाँ किसान नेतृ भएको बेला कहिले काहीँ छोपिनु पऱ्यो र चेपिनु पऱ्यो।

कृषि सहकारी संस्थाकी कार्यक्रम कोर्डिनेटर काजल कर्माचार्यले धन्यवाद दिएका थिए।

# किसान एशिया प्रशान्त कार्यक्रम–४

*कोभिडको कारण १४ जिल्लामा औषधी उद्योग स्थापना गर्न सफल भएका छौं। संघीय वजेटमा सबैभन्दा बढी २१ टन १४ करोड बागमती र पकेट, ब्लक, जोन र सुपर जोन बनाउने गरी नेपाली कागजको वाध्यकारी प्रयोग हुनुपर्छ।*

एशिया प्रशान्त किसान कार्यक्रम (APFP) अन्तर्गत किसासन संघ संगठन र बजार प्रवर्द्धन र उत्पादकहरु सम्बन्ध विषयका एकदिने कार्यशाला गोष्ठी कार्यक्रम सम्पन्न भएको छ।

विनोद भट्टराई कार्यकारी निर्देशक कालीमाटी फलफूल तथा तरकारी बजार विकास समिति कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका कार्यकारी निर्देशक विनोद भट्टराईले कालीमाटी फलफूल बजार संघीय बजारको रुपमा भएको बताउँदै देश संघीयता गएको भएपनि महानगरकै केन्द्रीय बजारको रुपमा बजार विभागले हेर्छ। गठन आदेश अनुसार यसका छुट्टै ४ स्थानमा कालीमाटी, वालाजु, चोभार, नौविसे बजार छ। नेपाल सरकार कृषि चुन उद्योग चोभार र नौविसे थोरै जमीन छ।

कालीमाटीमा ५७६ स्टलहरू छन्। मुख्य होलसेल बजार र सानो किसान बजार, २२ वटा सहकारी बजार राखेका छन्। खाली भए अनुसार सहकारीलाई उपलब्ध गरेका छन्। सहकारी सिद्धान्त अनुसार त्यस चलेको छैनन्। किसान बजारमा विसंगतिका कुराहरू छन्। २०५८ सालताका नेवार समुदायले खर्पनमा तरकारी फलफूल होलसेलबाट किनेर त्यहाँ गएर बेच्थे।

अहिले व्यापारीहरूले होलसेल बजारको १ स्टललाई ४ भाग लगाएर व्यापार गरेको पाइयो। बजारभर ८ सय जनाले भनेपछि सही लाग्यो। ३८ वटा तहरामा हामीलाई पनि पाउनु पर्छ भनेर जबजर्स्ती कब्जा गरि बसेका छन्। सहकारीहरूले पनि त्यस्तै गरी अरुलाई दिएको छ। चितवनको सहकारीले महिनाको २ ट्रक तरकारी पनि ल्याउँदैनन्। उद्देश्य राम्रो लिए पनि कार्यन्वयन पक्ष फितलो छ। व्यवहारिक रुप्मा जानु चाहीँ सहकारीबाटै जानु पर्छ भन्ने हो। कलेक्टर र व्यवसायीहरूको कुरा क्लेक्टरको रुपमा सञ्चालन गर्न सहकारी बाहेक अरुबाट सक्दैन। कालमीमाटीले टोकेको मुल्य सरकारी मूल्य भन्ने छ। तर मूल्य हामीसँग मूल्य तोक्ने नीति नियम छैन हंगामा हुन्छ। तर व्यापारीहरूले तोक्नु हुन्छ। वस्तुको आगमण ३५ प्रतिशत भारत र चीनबाट गोलभेडा, प्याज आउँछ। बाँकी नेपालकै हुन् सबैभन्दा बढी धादिङ्गबाट ११ प्रतिशत आउँछ। उद्देश्य राम्रो लिएपनि कार्यन्वयनमा पक्ष फितलो छ। ६ प्रतिशत काठमाडौं उपत्यकामा सहकारीको आइडोलजी नै विकास गरेको छ। नेपालको सन्दर्भमा कृषि सहकारीले ४ किसिमको काम गर्छ।

१ कृषि उत्पादन साथ सहयोग गरेको छ। संख्यात्मक रुपमा कृषि भएको छ। रिसोर्सको मिसयुज नहोस् भनेर।

चिया सहकारीमा चिया सहकारीले राम्रो कार्यन्वयन गरेको छ। त्यस बाहेक अरु त्यति सकारात्मक रुपमा कार्यन्वयनमा छैनन्। सहकारीहरूले करारनामा ऐनहरू नेपालमा कृषि सहकारी बीउ सहकारी बजारीकरण गर्ने सहकारी, दुग्ध सहकारी सबैभन्दा सफल सहकारी हो।

दूग्ध सहकारी जस्तै कृषि सहकारी गर्न सक्यौं भन्ने एकदमै राम्रो कमोडिटीको हिसाबले तरकारी प्रभावकारी छ। तर तरकारी न्यूनतम् समर्थन मूल्य कसरी कार्यन्वयनमा जाने भन्दा तरकारीको बढी गाह्रो भयो।

सहकारीसँग सहकार्यको सम्भावना :

पहिलो प्राथमिकता आफ्नै उत्पादनलाई दिनुपर्छ। चितवनबाट ५ रुपैयाँमा ल्याएर ३० रुपैयाँमा बेच्छ। चोभारको बजार फलफूललाई दिने म सहमत छैन। तरकारीलाई दिनुपर्छ। दातृ निकायले विकास गरिदिने हो। हाम्रो सहकारीको माध्यमबाट धानको खरीद गर्ने भन्ने आएको छ। संघीय सरकारले न्यूनतम् समर्थन मूल्य तोकीदिनु पर्छ। संघीय सरकारले प्रदेश सरकारको ज्ञान केन्द्र मार्फत स्थानीय सरकारले सहकारीलाई छोड्नु पर्छ।

**मिनराज खरेल प्रमुख अतिथि**

कार्यक्रमका प्रमुख अतिथि मिनराज खरेलले किसानहरूले उत्पादन गरेको वस्तुलाई बजारीकरण कसरी गर्ने भन्ने कुरामा जोड दिनुपर्ने बताउनु भयो। खरेलले खेम पाठक सितापाइला देखि हिँडेर आउनु हुन्थ्यो। किसानले उचित मूल्य पाएको छैन। ३५ हजार सहकारी संघ २ वटा विषयगत गरी १६ हजार कृषिसँग जोडिएका छन्। १ हजार कृषि सहकारी संघमार्फत १० लाख केजी तरकारी मकवानपुरबाट आउँछ भनेर कृषि मन्त्रीलाई भेटेर समस्या राखेको थियौं। ४ रुपैयाँ केजीमा व्यापारीलाई दिनुपर्ने अवस्था भयो। उत्पादनलाई उपभोक्तासम्म कसरी पुर्‍याउने ? सहकारीलाई दियो भने उपभोक्ता सञ्चालन गर्न सक्छ।

खरेलले भन्नुभयो हाम्रो चिन्ता र चाँसोको विषय भनेको ६ महिना लगाएर उत्पादन गरेको कृषि वस्तु व्यापारीको हातमा जानुबाट रोकेर किसानलाई उचित मूल्य कसरी दिने ? अनलाइन बजारको पनि शुरुवात गरेका छौं। बजारसम्म पुर्‍याउने कार्य गर्दैछौं। किसान र विचको विचौलियालाई कसरी अन्त्य गर्न सकिन्छ। ७ लाख लिटर दुध दैनिक उत्पादन हुन्छ। लकडाउनले साँढे १ करोड दैनिक नोक्सान भयो र सरकारको समाजवाद उन्मूख कार्यक्रम कसरी प्रभावकारी बनाउने ?

उत्पादक र उपभोक्तासम्म कसरी पुर्‍याउने ? सहकारी सञ्जाललाई कसरी जोड्न सकिन्छ ? हाम्रो साझा अभियानलाई कसरी सफल पार्ने भन्ने तर्फ जोड दिनुपर्छ।

**ईश्वरी पाण्डे अध्यक्ष जडीबुटी सहकारी संघ**

जडीबुटी केन्द्रीय सहकारी संघका अध्यक्ष ईश्वरी पाण्डेले आफ्नो संघ कोरोना भाइरसको संक्रमण पछि प्रभावकारी भएको बताएको छ। देशभर ३१५ संघ छ।

कोभिडको कारण १४ जिल्लामा औषधी उद्योग स्थापना गर्न सफल भएका छौं। संघीय वजेटमा सबैभन्दा बढी २१ टन १४ करोड बागमती र पकेट, ब्लक, जोन र सुपर जोन बनाउने गरी नेपाली कागजको वाध्यकारी प्रयोग हुनुपर्छ। नेपाल सरकारले वन तथा वातावरण मन्त्रालय सहयोगी छ। छोटो समयमा धेरै कार्यक्रमहरू गर्न पाएका छौं। महामारीको समयमा हराउने भन्दा पनि हाम्रो प्रभावकारी उपस्थिति भएका छ। कीर्तिपरको आइसोलेशन वार्डमा जडीबुटी मार्फत उपचार गरिहेका छौं। हामी आफ्नै देशको सम्पदालाई कसरी चिनाउने भन्ने तर्फ लागि परेका छौं। घरमै छ, आगनमै छ चुलोमा लान सकेको छैन। छोटो बाटोबाट बजारमा लान खोजीरहेका छौं। थोरैले धेरै आयआर्जन गर्न सक्छौं। छोटो बाटो हिड्ने जडीबुटी हो। ७५३ वटै पालिकामा जुन जडीबुटी छ। तिनीहरूलाई सहभागी गराउने, समाजवादी अर्थतन्त्रलाई सहयोग पुर्‍याउने संरचनागत जडीबुटीलाई पहिचान र बजारीकरण गर्न

बाधक रुपमा खडा हुने कानूनी संरचना अन्त्यको लागि पहल गरेका छौं ।

**गोविन्द दाहाल अध्यक्ष केन्द्रीय चिया सहकारी संघ**

केन्द्रीय चिया सहकारी संघका अध्यक्ष गोविन्द दाहालले समृद्धिको कुरा गर्दा स्थानीय उत्पादनलाई प्राथमिकता नदिएसम्म समृद्धि हुन सक्दैन । हाम्रो कृषि क्षेत्र धान, मकै, फलफूल, तरकारीको अर्थतन्त्रमा ९० प्रतिशत योगदान छ । संसारमा सबैको चिया बन्द भयो नेपालको चिया ९० प्रतिशत भारत जान्थ्यो । गणतन्त्र सरकारलाई अन्नको कर तिर्नु परेको छ । १०/१२ ठाउँमा तिर्नुपर्ने घाँसे करले थप समस्यामा पारेको छ । किसानको उत्पादनलाई बजारमा लान ब्राण्ड चाहिन्छ । हाम्रो चिया जर्मन, युके, जापान, अमेरिकामा समेत दर्ता भएको छ । भौगौलिक तथ्याङ्क लिन बिमामा लागेको अवस्था छ । वजेट विनियोजन भन्दैमा नहुने रहेछ । बजारको जे-जे माग्छ । त्यही आधारमा उत्पादन हुनुपर्छ सबभन्दा पहिलो घरेलु बजार हुनुपर्छ । कालीमाटी बजारलाई अर्गानिक बजारको रुपमा विकास गर्नु पर्छ । काठमाडौंको बजारमा वडो निरीह छ । गुणस्तरमा जानु पर्छ । सहकारीलाई कोपरेटिभ ब्राण्डिङ्गमा लानु पर्छ ।

**कृष्णप्रसाद सापकोटा अध्यक्ष केन्द्रीय दुग्ध सहकारी संघ**

केन्द्रीय दुग्ध सहकारी संघका अध्यक्ष कृष्णप्रसाद सापकोटाले १७ हजार दुग्ध सहकारी मार्फत दुध संकलन गर्थ्यौं । दुग्ध आत्मनिर्भरको अवस्थामा गएका छन् । चकलेट लगायत उत्पादन बाहिरबाट आएको अवस्थामा नेपालमै उत्पादन गर्ने तरखरमा छौं ।

दूग्ध संवेदनशील भएकाले उत्पादन, बजारीकरण र भण्डारण तर्फ गुणस्तर कायम गर्न चुनौंती पार गर्नुपर्छ । दुग्धको १० वर्षे रणनीति, दूध नीति २०७७ पारित गर्न गईरहेको छ ।

**डा.हरि शर्मा न्यौपाने कृषि उद्यम केन्द**

कृषि उद्यम केन्द्रको प्रमुख डा.हरि शर्मा न्यौपानेले कृषि उपज कारोवार गर्ने करार सम्झौता मौखिक र करार दुबै हुने बताउँदै विस्वासिलो आचारण, विश्वासिलो व्यवहारबाटै हुँदै आएका बताएका छन् । कतै कतै लिखित करार छ । कारोवार कायन्वयन समस्या छ । जग्गाको करारनामा र कृषि उपज सम्बन्धी करारमा फरक छन् ।

नेपाल सरकारले कृषि व्यवसाय प्रवर्द्धन ऐन बनाए पनि कार्यन्वयन भएको छैन । कृषिलाई लिने करार र जग्गाको करार धेरै फरक छ । शर्तहरू काम गर्ने दुईभन्दा बढी बीचको करार हो । कुनै काम गर्न, कानून वमोजिम करार गर्न, सकिने । कानून विना करार मान्य हुन्छन् । दुबै पक्षको स्वीकृति अनुसार मञ्जुर भए मात्र मान्य हुन्छ । दायित्व सिर्जना गरेको हुनुपर्छ । करार मौखिक वा लिखित दुबै हुनसक्छ । सहकारीका सदस्यहरू बीच मौखिक सम्झैता हुन्छ । किसान र मण्डीमा बस्ने व्यवसायीहरूको बीच धेरै पूरानो सम्झौता हुन्छ । तिनको कुनै मूल्य हुँदैन । पछि वस्तु दिनेगरी मेरो वाली उत्पादन हुन्छ पैसा देउ जस्ता सामान्य सम्झौता हुन्थ्यो । वस्तु विनिमय शर्त सहीत शर्त विना पनि हुन्छ । र दुबै तत्काल र भविष्यमा दिनेगरी करार गर्न सकिन्छ ।

विवाद आएर अदालतमा गयो भने स्थानीय रुपमा वस्तुको स्पेशिफिकेशन गरिएको हुन्छ । करार गरेको देखियो । बिक्री गर्ने वस्तुको मूल्य नमूना हेरी करार हुनसक्छ । नमूना मात्र हेरे पनि करार पुग्छ ।

शर्तनामा नराखेको अवस्थामा जोखिम मोल्ने गरी बिक्रेताको सुरक्षा पनि गरेको छ । बिक्री गरिएको वस्तु सम्बन्धित कागजात बुझाउनु पर्छ । ठूलो परिणाममा आउँछ । करारनामा गरिन्छ । करारनामा नभए कानून वमोजिम हुन्छ । विक्रेतालाई उत्पादक बीच बराबर सहभागीता हुन्छ ।

करार नहुँदा बिक्रेताहरूले पैसा दिएन भन्ने छ । जस्तै उखुको समस्या संस्थागत व्यवसायिक र व्यक्तिगत कुरा हुन्छ । एजेण्टको बीचमा पनि करार हुन्छ । उत्पादक उपभोक्ताको बिचमा किन्ने ठूलो खाडल छ । एजेण्टले कति पाउने ? कहिलेकाहीँ व्यवसायीले चाहेको भन्दा बढी वस्तु आउँछ । कृषिमा वार्षिक र मौसमी कारोवार हुन्छ । वस्तु विशेषमा करोवार गर्न सकिन्छ । के-के करारनामा गर्ने गर्नु पर्छ । बगैंचाको आँप, सुन्तला, फूल खेल्ने बेला र पाक्ने पाक्ने बेलामा कहिले काहीं एजेन्टको रुपमा अर्को किसानले खरीद बिक्री गर्छ ।

भियतनाम र अमेरिकामा फ्यूचर मार्केटको व्यवस्था गरेको पाइन्छ

करारको समस्या के हो ? सबैभन्दा ठूलो समस्या मूल्यको समन्वय केन्द्रीय सहकारी संघ बीचमा भएपनि सामानहरू दिन सकेन । तरकारीमा चाहेभन्दा मौसम अनुसार उतार चढाव हुन्छ । जस्तै प्याज र गोलभेडा वस्तुको गुणस्तर र मुद्रा स्फूर्तिमा काटेर बजारमा ल्याएपनि लास जतिको हुन्छ । मूल्यमा छिटो-छिटो घट्ने गर्छ । माग र आपूर्ति बीचमा धेरै छिटो-छिटो नोक्सान हुन्छ ।

तरकारी कारोवार गर्ने व्यवसायी अत्यधिक धेरै भयो । वास्तविक भन्ने हो भने अध्ययन हुँदैन । मूल्य निर्धारण लागतको आधारमा किसानले पाउँदैन । यातायात लोड, अनलोडमा कति खर्च लाग्छ । व्यवसायीले उत्पादकको घरबाट खरीद गर्ने बन्दा, गाजर केही समय राख्न सकिन्छ । हामीले किसानहरूले उत्पादन गरेको वस्तुको मूल्य कायम गर्न मूल्य निर्धारण गर्नु पर्छ । मूल्य निर्धारणको नमूना बनाउँदा ध्यान दिनु पर्ने कुराहरू विवादमा आउन सक्ने भएकाले कानून वमोजिम हुनु पर्छ । उद्योग वाणिज्य संघ कमीशनको आधारमा बिक्री गर्ने राम्रो पक्षलाई अर्को ठाउँ दिन सक्दैनौं ।

केन्द्रीय सहकारी संघका अध्यक्ष केपी पाठकले सरकार भगाउने, मन्त्री भगाउने ठाउँ हो । सके बनाउने, नसके छोड्ने नामको सहकारी भएको व्यक्तिहरूले चलायो । त्यही भित्रका व्यापारीले चलाएको सहकारीले चाएकाले त्यस्तो भयो । प्रहरी लगाएर नियन्त्रण गर्नु भएन । निजी र सहकारी बीच प्रतिस्पर्धा गराउने हो । सरकारले नीति बनाउनु पऱ्यो । सहकारी र सरकार आधा-आधा भनेर नीति बनाउँ । ६० रुपैयाँको वस्तु एकैचोटी १६० रुपैयाँमा व्यापारीले बिक्री गऱ्यो । प्रतिस्पर्धा बजार चाहिन्छ । सहकारीलाई मात्र नभई प्रतिस्पर्धामा चलाउनु पर्छ । बजारको बोर्ड किन ? बजारलाई हेर्ने मात्र हो । नैतिकताको कुरा छ । उपभोक्ता र किसानहरू ठगीरहेका छन् । काम गर्नेहरूलाई ज्ञानको आवश्यकता हुन्छ । जुनसुकै मुलुकमा किसानलाई राम्रो हुने गरेको छ । किसानलाई राम्रो गर्न सकियो भने त्यहाँ राम्रो हुन्छ । कृषि विना जो जसले जे भने पनि अगाडि बढ्न सक्दैन । १२ वर्ष अगाडि, योजना आयोगले के भन्यो भने १६ अर्बको आयत् गर्ने रहेछ । ६० अर्ब पैसा परिचालन गऱ्यो । अब नेपालमा मासु ल्याउनु पर्ने अवस्था छैन । बजारमा बिक्री गर्ने अवस्था छैन । तरकारीमा आत्मनिर्भर हामीले गर्न सक्छौं । जसले आदर्शको कुरा गरेपनि त्यो आँट कसैले गरेन । दूग्ध सेन्सेटिभ वस्तु भएकाले प्रसस्त ध्यान दिनुपर्छ । सरकार तयार छैन । किसानलाई सुलभ ऋण, चाहिन्छ । धान राख्ने गोदाम छैन । एउटा गोदाम घर बनाउने ताकत छ सरकारको ? मल समयमा आएको भए धान आफै बढ्थ्यो ? कोशिस गरेको थियो भन्यो, विरोध गरेर मात्र हुँदैन । सम्झौता

गरेको सचिव भोली हुन्छ की नहुन सक्छ कसैको लहडवाजीमा चलेको सरकार भएकाले स्थायीत्व केहीको पनि छैन। त्यसकारण हामीले दक्ष बनाउन ३ हजार किसानहरूलाई इजरायल पठाएका थियौं। अहिलेको युवाले हलो जोत्दैन मेशीन चाहिन्छ। १०५ जना युवाहरू लम्जुङ्गको दुराडाँडा र धादिङ्गको जीवनपुरमा युक्त न्यौपानेको नेतृत्वमा भिरालो जमीनमा लगाएको टमाटर हामीले बेची रहेका छौं। उनले ७० लाखको टमाटर बेच्यो। २४ लाखको बन्दा केही समयमा १ करोड बेच्ने अवस्था छ। स्नात्तक अध्ययन गरेको युवा कृषक देवराज आचार्यले जस्तै नेता, पार्टीका कार्यकर्ताहरूले मैले त्यति गरेँ भनेको हुनु पर्थ्यो। ५७ जना युवा मिलेर ५०० रोपनी जमीनमा किसानी गरेका थिए। ३ वर्ष अघि पैसा थप्नु पर्छ भनेर भाग्न खोजेका थिए, त्यही ठाउँको १ लाख केजी किवी कोल्ड स्टोरमा राखेको छ। सटेजको बेलामा निकाल्छौं। कृषि विकास मन्त्रालय अंगुर बिक्री भएन भनेर धनकुटाबाट ५ जना कृषकहरू आएका थिए। अंगुरको वाइन बनाउने भनेका थिए। तर ४४५ प्रतिशत कर लगाईदियो सरकारले। बाहिरबाट आउने २३५ प्रतिशत कर भए पुग्ने तर नेपालमा उत्पादन गर्न लागेको वाइनलाई ४४५ प्रतिशत कर लगाउने, एकजना कर्मचारीको सनकमा लेखेको एउटा चिठीले ४४५ प्रतिशत कर लाग्ने बनायो। सिप, प्रविधि, बजार, प्रशोधनका कुरा लिएर किसान सञ्जाल एउटै भएर आउने अत्यन्तै राम्रो संस्कार हो।

**पार्वती सिलावाल अध्यक्ष दक्षिणकाली कृषि सहकारी संस्था**

दक्षिणकाली कृषि सहकारी संस्थाका अध्यक्ष पार्वती सिलावालले सहकारीले अगार्निक खेतीमा जोड दिएका बताए। अर्गानिक खेतीको लागि ग्रीन लेवलको विषादी प्रयोग गर्छौं। सिजनमा धेरै तरकारी उत्पादन भएकाले स्टोरेज गर्ने ठाउं छैन। २/४ केजी मात्र दिने गरेको छु। कुन सिजनमा कुन लगाउने भन्ने ज्ञान नभएका कारण बजारमा टमाटरको भाउ राम्रो छ। अर्गानिक उत्पादन गरेपनि मूल्य राम्रो छैन। र विषादी मिसिएको तरकारीसँग प्रतिपर्स्धा गर्नु परेको छ। किसानहरूमा निराश छाएको छ। मूल्य समयमा पाउँदैन बीउमा गुणस्तर छैन। सहकारीले रीस्क लिनु परेको छ। कुन सिजनमा के लगाउने भनेर थाहा छैन। तरकारी ल्याउने बजार कालीमाटी हो। ग्रेडिङ्ग गरेको र प्राङ्गारिक गर्दा पनि समस्या आएको छ। हामीले इजरायल गएका युवाहरूसँग मिलेर काम गरिरहेको छ।

किसानहरूलाई कोल्ड स्टोर र बजारीकरणको समस्या छ।

**विमल फुँयाल विकास शास्त्री**

विकास शास्त्री विमल फुँयालले विकासको मूल आधार के हो ? मेरो विषय भूमि र कृषि विकासको जग हो।

मानिसले सबभन्दा के चाहिन्छ भन्दो रहेछ। विश्वयुद्ध पछि यूरोप र अमेरिका लगायत धेरै देशहरू स्वतन्त्रतासँगै एकीकरण पनि भयो। सुरुक्षा सबभन्दा पहिलो चाहिन्छ भनियो। सुरक्षित भएपछि सबभन्दा पहिले कृषिमा लाग्ने अनि मानिसहरू धनी हुन्छ। किसानहरूले उत्पादनको लागत पाउँछ भन्ने छ।

किसानको आँखाले हेर्दा परिवेश बन्छ कि बन्दैन भन्नुभन्दा परिवेश बन्नुपर्छ। कृषिको पूर्वाधार बनाउने, जमीन भनेको पहिलो पूर्वाधार हो। प्लटिङ्ग गर्ने त सोच्नु पनि हुन्न। किसान भूमि अधिकारबाट वञ्चित भयो भने कृषि हुनै सक्दैन। बीउ विजन राज्यको जिम्मा हुनुपर्छ। भारतमा ६० वर्षको इतिहासमा सबभन्दा ठूलो आन्दोलन भएको छ। समर्थन मूल्य तोक्ने भनेको एकदमै उचित कुरा हो। राज्यले पूर्वाधार र किसानमुखी नतिजा दिने हो। निजीको भूमिका केहो ? समाजमा विनिमय गर्नको लागि मध्यस्थता, १०-२० मा बेच्यो, त्यो समयको लागि मध्यस्थता भएको छ। एउटा किसानलाई न्यूनतम् यति पाउँछ भनेर तोक्ने हो। सहकारी र मन्त्रीलाई भित्रै पश्न नदिने शक्ति के रहेछ ! खोज्नु पर्छ। नेपालको ऐन मान्दैन भन्ने उनीहरूलाई अधिकार कसले दियो ?

१. समर्थन मूल्य बनाएर मात्र होइन अधिकार सम्पन्न बनाउनु पर्छ।

२. कन्ट्र्याक्ट करार : ४/५ वर्षसम्म उखु किसानको मूल्य नदिईकन बस्ने कसरी सम्भावना भयो ? कृषि बजार बलियो बनाउन सके त्यस्तो अवस्था आउने थिएन।

पूरानो २० हजार हाटबजारलाई बलियो बनाउनु नयाँ ढंगले जानु पर्छ कि। सरकारले चिया कफीलाई समर्थन मूल्यमा लियो भने मूल्य बढ्दै जाने भयो। विकसित देशमा के हुन्छ ? भारतमा संघीय र प्रदेश सरकारले किसानसँग किनेर तरल मूल्यमा समेत बिक्री गरिन्छ। त्यसलाई अरुबाट पूर्ति गरेर कम सहुलियत मूल्यमा जनतालाई दिन्छ। अरु देशमा अरुभन्दा किसान सम्पन्न हुन्छ। यसका लागि राज्यले सहकारी र निजी क्षेत्रले के गर्ने ? सरकारले सचेत र शिक्षित बनाउने हो। पूँजीवादमा स्वतन्त्र बजार र खुल्ला बजार कालीमाटीको बजार एकाधिकार बजार, पूँजीवादी किसिमको बजार सानालाई भन्दा ठूलालाई सहयोग गर्नु पर्ने अवस्था कसरी आयो ? राजनीतिभन्दा किसानलाई सम्पन्न गर्ने कुराको जोड दिनपऱ्यो। उत्तम कृषि, माध्यम व्यापार, द्धयम जागिर भन्ने कुरा गरेपनि नेपालमा किसान किन गरीब भईरहेको छ ? कृषिलाई सम्मानित र सम्पन्न किसान कृषिबाट भागीरहेका छन्। हामीले कृषिबाट भगाएपछि रेमिटेन्सबाट आएकोले चामल किनेर खानु पाउनु पर्छ। समस्या र असल अभ्यासको कुरामा कृषि कमजोर भयो भने सबैलाई असर त पर्छ नै ! देशको मुख्य मुख्य समस्या मध्ये ६ वटा विषयमा कृषिलाई प्रमुखताका साथ अगाडि बढाउनु पर्छ।

**माया के.सी गौतम केन्द्रीय सदस्य तथा प्राङ्गारिक कृषि अभियन्ता**

अखिल नेपाल किसान महासंघका केन्द्रीय सदस्य तथा अर्गानिक अभियन्ता माया के.सी गौतमले नेपालमा कृषि बाहेक अरु विषयमा समृद्ध बन्न नसक्ने बताउँदैन। किसान आन्दोनन हुन जरुरी भएको बताउनु भयो। साना किसान सहकारी नेपाललाई कम्पनी नै बनाउनु पर्छ। भ्याली बाहिर पनि २७ वर्ष कृषि गरेर हामी राजधानीमा आयौं। काम गर्ने र नगर्ने छुटिन्छ। १० हजार वर्ष अघि आदिम साम्यवादी युगमा युग परिवर्तन गर्न सर्वप्रथम किसानले महत्वपूर्ण भूमिको खेलेको हुनु पर्छ। राष्ट्रिय किसान सञ्जालले धेरै राम्रो काम गरेको छ। शहरीया किसानलाई सहयोग गर्नुपर्छ। नेपालमा भाइरसले मार्दैन। नेपालमा खाद्य सम्प्रभुत्ता जबसम्म लागु हुँदैन तबसम्म समृद्ध बन्न सक्दैन। धनी मानिसले अस्पतालमा लगानी गरेर धेरै कमाउने तिर लागेका छन्।

**शिवहरी खनाल अखिल नेपाल किसान संघ (अप्फा)का केन्द्रीय सचिव तथा सदस्य राष्ट्रिय किसान सञ्जाल**

अखिल नेपाल किसान संघ (अप्फा)का केन्द्रीय सचिव तथा राष्ट्रिय किसान सञ्जालका सदस्य शिवहरी खनालले किसानहरूले कहिलेसम्म आफूले उत्पादन गरेको तरकारीहरू फाल्नु पर्ने अवस्था रहँदैन होला ? राष्ट्रिय किसान सञ्जालले धेरै पटक राज्यका अधिकारीहरूसँग समस्या राखिसकेको छ। वचत तथा ऋण सहकारीलाई मात्र बढी प्राथमिकता दिएकाले कृषि सहकारीलाई ध्यान दिन सकेको छैन।

# सामाजिक लेखा जोखा : (राकृसम)

*एकीकृत कृषि ऐन निर्माण : स्थानीय तहमा कृषि ऐन निर्माणमा महासंघले खेलेको भूमिका, प्रदेश तहमा गरेको सहयोग र विषय उठानको दौराना खेलेको ऐतिहासिक भूमिकाको संगालो सहित कृषि विकास मन्त्री र सचिवलाई बुझाई ऐन निर्माण समितिमा महासंघको संस्थागत प्रतिनिधित्वको लागि दावी पत्र पेश गरेको ।*

पौष, २०७७, राष्ट्रिय कृषक समूह महासंघ, नेपालले पौष, २०७७

प्रस्तुतीकरणका विषयहरू

१. संस्थागत परिचय, संरचना, अवस्था

२. रणनीतिक प्रगति समीक्षा

३. आ.व. ०७६/०७७ को आय व्यय

१. संस्थागत परिचय :

•२०६८ भाद्र २३ गते तदर्थ समिति गठन

•सम्बन्धित निकायहरूमा दर्ता भएका कृषक समूह/कृषि सहकारीहरू

•कृषिसँग सम्बन्धित निकायहरूको समेत सिफारिसमा २०६८ चैत्र १४ मा जि.प्र.का. काठमाडौंमा दर्ता ( देशैभरी कार्यक्षेत्र)

वास्तविक किसानहरुको गैह्रराजनीतिक छाता संगठन

संस्थागत संरचना :

संघीय महासंघ, प्रदेश महासंघ, जिल्ला महासंघ, गाउँ/नगरपालिका महासंघ, वडा महासंघ, कृषक समुह, कृषि सहकारी, पशुसेवा समुह,

२.रणनीतिक उद्देश्य अनुसारका प्रगति समीक्षा, रणनीतिक उद्देश्य १.१ सदस्य समूहको हक अधिकार सुनिश्चतताको लागि ऐन कानून, नीति नियमावली, योजना तथा कार्यक्रमहरू निर्माण, परिमार्जन र प्रभावकारी कार्यान्वयन गर्न तथ्यमा आधारित पैरवी गर्न ।

सवालहरू महासंघको पैरवी

•खाद्य सुरक्षा तथा सम्प्रभुता : खाद्य सुरक्षा तथा खाद्य सम्प्रभुता नियामावली मस्यौदा निर्माण, छलफल र मन्त्रालयमा पेश गरेको,

•किसान परिचयपत्र : किसान परिचयपत्र वितरण प्रकृया,कार्यविधिको स्वरुप, छलफल र सम्वाद, स्थानीय तहमा सहजीकरण

•स्वस्छ उत्पादन : विषादि रहित खाना हाम्रो अधिकार अभियान चलाएको,

•कृषक समूह र स्थानीय लेखा नम्बर : कृषक समूह दर्ता, नविकरण, सुचीकरण र स्थायी लेखा नम्बर बारे स्थानीय सरकारसँग छलफल र पैरवी



•कृषक समूहहरूलाई प्यान लिन गरिएको व्यवस्थाको खारेजीको माग गर्दै कृषि विकास मन्त्रालय, अर्थ मन्त्रालय र प्रधानमन्त्रीको कार्यालयमा ज्ञापन पत्र पेश

•सवालगत पैरवी : मलखाद, बिउ विजन, असिनाको क्षति जस्ता विषयमा स्थानीय सरकारसँग छलफल र क्षतिदावी

•गरिमा धानमा बाला नलागी किसानलाई भएको क्षतिबारे प्रदेश सरकार समक्ष छलफल र क्षतिपूर्तिको माग

•रसायनिक मल अभावबारे श्रृँखलावद्ध विज्ञाप्ति, छलफल पैरवी र जैविक मलबारे बहश

•तहगत सरकारका नीति तथा कार्यक्रम : आ.व. ०७७/०७८ को सरकारी नीति तथा कार्यक्रमले सम्वोधन गर्नु पर्ने सवालमा महासंघको अडान पत्र, कृषि विकास मन्त्रालय र अर्थ मन्त्रालयमा पेश

•आ.व. ०७७/०७८ को सरकारी नीति तथा कार्यक्रमले सम्वोधन गर्नु पर्ने सवालमा महासंघको अडान पत्र तयार गरि सातवटै प्रदेशका सम्बन्धित मन्त्रालयमा पेश

•संघीय सरकारको नीति तथा कार्यक्रम र वजेटको समीक्षा पत्र तयार गरी छुटेका विषयहरू समावेश गरि कृषि विकास मन्त्रीसंग पून: सम्वाद

• महासंघले नीति तथा कार्यक्रमको लागि पेश गरेको अडान पत्रको सामाग्री बनाई टेलिभिजनबाट नियमित प्रशारण

•नेपाली किसानको उत्पादनलाई सर्वोच्चमा मुद्दा : नेपाली किसानको उत्पादन उचित बजारीकरण व्यवस्थापन नभएकोले खेतमानै तरकारी एवं फलफुलहरू कुहिएको अवस्थामा बाहिरी देशबाट निर्वाद रुपमा फलफूल तरकारी आयत् भईरहेकाले सो कार्य नगर्न नगराउन अन्तरिम आदेश माग गर्दै सर्वोच्चमा मुद्दा दायर एवं सोही वमोजिमको आदेश

•सिँचाईको लागि प्रयोग हुने विद्युत मिटरको डिमाण्ड चार्ज मिनाहा माग : सिँचाईको लागि प्रयोग हुने विद्युत मिटरको डिमाण्ड चार्ज मिनाहा माग गर्दै विद्युत नियमन आयोगमा पत्र पेश सार्वजनिक सुनुवाईमा सहभागी भई महासंघको धारणा पेश

•एकीकृत कृषि ऐन निर्माण : स्थानीय तहमा कृषि ऐन निर्माणमा महासंघले खेलेको भूमिका, प्रदेश तहमा गरेको सहयोग र विषय उठानको दौराना खेलेको ऐतिहासिक भूमिकाको संगालो सहित कृषि विकास मन्त्री र सचिवलाई बुझाई ऐन निर्माण समितिमा महासंघको संस्थागत प्रतिनिधित्वको लागि दावी पत्र पेश गरेको ।

•अडानपत्र पेश : कर्णाली प्रदेश महासंघ मार्फत भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, अर्थ मन्त्रालय र मुख्य मन्त्री समक्ष ३३ वुँदे ज्ञापन पत्र पेश गरेको ।

•स्थानीय तहसम्म कृषि सेवा केन्द्र विस्तार : कृषि ज्ञान केन्द्र खारेजी र स्थानीय तहसम्म सेवा केन्द्र विस्तारको माग गर्दै तेह्रथुम जिल्ला महासंघद्धारा प्रमुख जिल्ला अधिकारी समक्ष ज्ञापनपत्र पेश, बजार बन्द ।

•कोरोना कहरको अवस्था र कृषि : कोरोना कहरको अवस्था कृषि, भूमिका सवाल र अबको बाटो के ? अडानपत्र तयार र मन्त्रालय पेश गरेको ।

•कोरनाले प्रभावित कृषि प्रणालीको पूर्नजिवनको लागि चाल्नु पर्ने कदमबारे ७ वुँदे अपिल बनाई सबै प्रदेशका मन्त्रालय र संघीय मन्त्रालयमा पेश, सञ्चार माध्यमबाट नियमित प्रसारण गरिएको ।

•केन्द्र, प्रदेश र जिल्ला महासंघद्वारा विद्यमान परिस्थितिमा कृषि र किसानका समस्याबारे श्रृँखलावद्ध विज्ञाप्तिहरू जारी गरिएको।

•किसानका तरकारी बेच विखनमा सिराहाको लाहान बजारमा देखिएको समस्याबारे पत्रकार सम्मेलन गरी विषय उठान, सम्बन्धित प्रशासनको ध्यानाकर्षण पैरवी र समस्या समाधान

रणनीतिक उद्देश्य १.२

सदस्य समूहको मानवीय, आर्थिक र सामाजिक अवस्थामा सुधार ल्याउनका लागि उत्पादन र उत्पादकत्व वृद्धि गरी व्यवसायिक र वातावरण मैत्री कृषि पद्धति अवलम्वन गर्ने।

साना, सिमान्त, भूमिहीन, कृषि मजदुर लक्षित कृषि नमूना विकास र विस्तार

क. किसान पहिचान, वर्गिकरण परिचयपत्र र सामाजिक सुरक्षा

•उदयपूरको बेलका नगरपालिका

• झापाको कन्काई नगरपालिका,

• सिरहाको सखुवानन्कारकटि गाउँपालिका

•ओखलढुंगाको सिद्धिचरण न.पा.

•ख. जग्गा भाडामा लिएर गरिने (करार खेती) र कृषि परामर्श सेवा : सिरहाको सखुवानन्कारकटि, भगवानपुर र विष्णुपुर गाउँपालिका,

•उदयपुरको बेलका र कटारी नगरपालिकामा

•ग. कृषि विमा कार्यक्रमको स्थानीयकरण : ओखलढुंगाको सुनकोशी, सिद्धिचरण र चिसंखुगढि,सिरहाको भगवान्पुर, सखुवानन्कारकटि, विष्णुपुर गाउँपालिका

•साना किसानलाई लक्षित गरि विकास गरिएका कृषि नमूना अभ्यासबारे बुझाई विकास गर्दै नीतिगत तहमा नै स्थापित गरि विस्तार गर्ने उद्देश्यले ५५ स्थानीय पालिकाका प्रमुखहरू साथै सातै प्रदेश सरकारका प्रतिनिधि सहभागीतामा प्रदेश स्तरीय कार्यक्रम

•जलवायु मैत्री कृषि नमूना विस्तार अभ्यासलाई सहजिकरणको लागि महासंघले सहजिकरण स्रोत पुस्तिका निर्माण गरेको छ साथै अभियन्ता विकास गरि स्थानीय तहमा परिचालन

•३६ वटा समूहका किसानहरू पोषण बगैंचा, ४५ वटा समूहका किसानहरू दिगो कृषिका अभ्यास सरिक भएका छन्। २५० मुसहर परिवारमा पोषण कार्यक्रम मार्फत स्वच्छन्दता एवं जिविकोपार्जनका गतिविधिहरू सञ्चालन

•२०० वटा समूहमा समुदाय स्तरका जलवायु संकटासन्न क्षमता पहिचान गरी उत्थान योजना निर्माण ९९ वटा समूहको जलवायु उत्थान अभ्यासमा स्थानीय सरकार समेतको सहकार्यमा किसानलाई सहजिकरण

रणनीतिक उद्देश्य १.३ : छरिएर रहेका भूमिहीन, सिमान्त र साना महिला तथा पुरुष कृषकहरूलाई कृषक समूह, पशु सेवा समूह तथा कृषि सहकारीहरूमा आवद्ध गर्दै संगठित गर्ने

गाउँ तथा नगर महासंघ मार्फत लक्षित समुदायमा कृषक समूह गठन, नविकरण, परिचालनमा सहजिकरण, स्रोतको खोजी लगायत किसान अधिकारबारे नियमित सहजिकरण

रणनीतिक उद्देश्य २.१ : महासंघको दिगो स्रोत र सहयोगको लागि प्रकृति मिल्दो स्रोत साझेदार तथा दात्री निकायहरूसँग सहकार्य अभिवृद्धि गर्ने।

केएर नेपाल : महासंघको रणनीतिक उद्देश्य प्राप्तिका लागि साना तथा सीमान्तकृत कृषकहरू विशेषत: महिला किसानको सशक्तिकरण तथा खाद्य अधिकारमा पहुँच अभिवृद्धि गर्ने, जलवायु परिवर्तनबाट सिर्जित समस्याहरूसँग जुध्न समुदायसँग मिलेर अनुकूलनका लागि कृषि नमूना विकास तथा विस्तार।

| संस्थागत गतिविधि | २०७५/७६ | २०७६/७७ |
|---|---|---|
| गोलवद्ध किसान सदस्य | ८९४२५ | १०५००० |
| सदस्य समूहहरू | ३५७७ | ४२५० |
| गाउँ/नगर महासंघ गठन, अधिवेशन | ४०५ | ४१५ |
| जिल्ला महासंघ विस्तार | ५६ | ५९ |
| सामाजिक लेखाजोखा सम्पन्न | ,छैटौ | |
| सातौ | | |

हरियो वन परियोजना, केएर नेपाल : बांके जिल्लाको गेरुवा गाउँ पालिकामा समूह सशक्तिकरण र कृषि परामर्श सेवा विस्तार

राष्ट्रिय किसान सञ्जाल : महासंघको संस्थागत दस्तावेजीकरण, सवालगत पैरवीका लागि सञ्जाल र महासंघबीच स्रोत साझेदारी

एफ ए ओ आईयुसिएन नेपाल : सिमान्त समुदायको जीविकोपार्जन तथा जलवायु उत्थान क्षमता विकासका लागि काभ्रको देउपुर मण्डन र सिन्धुपाल्चोकको ईन्द्रावती गाउँ पालिकामा कार्यक्रम तहगत सरकार : कृषि नमूना विस्तारको लागि तहगत सरकारसँग स्रोत साझेदारी, नीतिगत सहकार्य रहेको छ।

भिएस ओ नेपाल : स्थानीय सरकारको कृषि नीति निर्माणमा सहजिकरण फियान नेपाल, भि एस ओ नेपाल लगायतका संस्थाहरूसँग साझेदारीको लागि संयुक्त प्रश्तावना निर्माण

रणनैतिक उद्देश्य २.२: महासंघको स्रोत साधान वृद्धि परिचालन र र व्यवस्थापन गर्ने।

•आन्तरिक कोष, आवद्धता शुल्क, नविकरण शुल्क, स्वैच्छिक योगदान

• अक्षयकोष संकलन र व्यवस्थापन

• योगदान पेटिका स्रोत साझेदारहरूसँगको सहकार्य रणनीतिक उद्देश्य ३.१ :

महासंघको संस्थागत नीति, नियम र निर्देशिकाको कार्यान्वयन सुनिश्चित गर्ने।

महासंघको अभियानलाई अनुशासित र मर्यादित बनाउन बनेका विभिन्न १४ नीति कार्यान्वयनमा नियमित रुपमा राष्ट्रिय सचिवालय, कार्यसमितिको बैठक, समीक्षा, छलफल गरी अभियान।

सहभागीतामूलक संस्थागत क्षमता विश्लेषण एवं सुधार योजना निर्माण र कार्यन्वयन (सहभागीतामूलक कार्यक्रम विकास, योजना र यसको कार्यान्वयन, सुशासन र जवाफदेहिता, सहभागीतामूलक अनुगमन तथा मूल्याङ्कन, लैङ्गिक तथा सामाजिक समावेशीकरण, वित्तीय प्रणाली तथा नीति नियमको पालना, मानवस्रोत र अन्य बन्दोवस्त, पैरवी क्षमता जस्ता क्षेत्र अनुसार निर्धारण भएका विभिन्न १०० सूचकभित्र रही गरी महासंघले आफूलाई स्वमूल्याङ्कन)

महासंघको राष्ट्रिय कार्यसमिति बैठकले राज्यको पुर्नसंरचना अनुसार वडा, पालिका, जिल्ला प्रदेश र राष्ट्रिय तहमा महासंघको संरचनाहरू कायम गरी सोही संरचना अनुसारको अभ्यास गरी दोस्रो राष्ट्रिय अधिवेशन

संस्थागत क्षमता विश्लेषण नतिजा

रणनीतिक उद्देश्य ३.२:

कृषकहरूको गैर-राजनीतिक छाता संगठनको रुपमा विभिन्न तहमा प्रतिनिधित्व सुदृढ गरी कृषि क्षेत्रमा कार्यरत विषयगत संघ-संस्थाहरूसँग सहकार्य एवं सञ्जालीकरण गर्ने।

स्थानीय तहमा प्रतिनिधित्व र सहकार्य

सुनकोशी, बेलका र भगवान्पुर गाउँपालिका र मकवानपुर जिल्लाका कृषिसँग सम्बन्धित नीतिगत छलफलमा महासंघको सहभागीतालाई प्राथमिकता

कृषि
नमुना
विकास
साथै
किसान
अधिकार र
सेवा,
सुविधाका
लागि
स्थानीय
सरकार र
महासंघबीच
सहकार्यको लागि सम्झौता (सुनकोशी, बेलका र भगवान्पुर)

संस्थागत क्षमता विश्लेषण नतिजामा

| क्रमिक वर्ष | रुपमा वृद्धि अंक (प्रतिशतमा) |
|---|---|
| २०१३ | ४० |
| २०१४ | ५३ |
| २०१५ | ६३ |
| २०१६ | ७२ |
| २०१७ | ७७.५९ |
| २०१८ | ७९.४६ |
| २०१९ | ८१.६८ |
| २०२० | ८२.९३ |

करार खेती, किसान परिचय पत्र, कृषि बिमा, आवधिक योजना, कृषि नीति निर्माण कार्यमा स्रोत साझेदारी

अन्तर्राष्ट्रिय महिला दिवस, धान दिवस, प्राङ्गारिक कृषि मेला आदिमा सहकार्य

उद्देश्य मिल्ने संस्था (जस्तै) प्राकृतिक स्रोतमा काम गर्ने संस्था, किसान अधिकारमा सहयोग र सहकार्य

सरोकारवाला सरकारी निकाय (वडा, गाउँपालिका, नगरपालिकाका आर्थिक समिति साथै कृषिसँग सम्बन्धित समितिहरू

<u>राष्ट्रिय तहमा महासंघको प्रतिनिधित्व र सहकार्य</u>

•कृषि मन्त्रालय अन्तर्गतको पारिवारिक खेती दशक

(राष्ट्रिय निर्देशक समिति, राष्ट्रिय कार्यान्वयन समिति) सदस्य

• बन मन्त्रालय अन्तर्गतको कृषि-वन सहज कार्यक्रम अन्तर्गतको राष्ट्रिय समितिमा सदस्य

• कृषि विकास मन्त्रालय, कृषि वन कार्यक्रम अन्तर्गत अन्तर मन्त्रालय समन्वय समिति, सदस्य

• कृषि विकास मन्त्रालय अन्तर्गत खाद्य सुरक्षा समितिको सदस्य

• कृषि, खाद्य सुरक्षा र पोषण क्षेत्र (दिगो विकास मञ्च) संयोजक

• सञ्चालक समिति (एशिया प्रशान्त क्षेत्रिय किसान कार्यक्रम) सदस्य

• राष्ट्रिय जैविक समिति, सदस्य (स्थानीय ज्ञान प्रवर्द्धन कार्यक्रम, विश्व संजाल सदस्य)

• राष्ट्रिय किसान संजाल, सञ्चालक समिति सदस्य

• राष्ट्रिय खाद्य अधिकार संजाल

• राष्ट्रिय किसान आयोग

(नियमित बैठक र कार्यान्वयन)

आ.व ०७६/०७७ को आय तथा उपयोग विवरण

उपयोग शिर्षकहरू

| विवरण | रकम |
|---|---|
| रणनीतिक उद्देश्य १.१<br>सदस्य समूहको हक अधिकार सुनिश्चतताको लागि ऐनकानून, नीति नियमावली, योजना तथा कार्यक्रमहरु निर्माण, परिमार्जन र प्रभावकारी कार्यान्वयन गर्न तथ्यमा आधारित पैरवी गर्ने । | १४,५८,७१३।०० |
| रणनीतिक उद्देश्य १.२<br>सदस्य समूहको मानवीय, आर्थिक र सामाजिक अवस्थामा सुधार ल्याउनका लागि उत्पादन र उत्पादकत्व वृद्धि गरी व्यवसायिक र वातावरण मैत्री कृषि पद्धति अवलम्वन गर्ने । | १,६२,३८,२९२।०० |

वार्षिक कार्ययोजना तर्जुमा र सामाजिक लेखाजोखा

(नियमित बैठक र कार्यान्वयन)

• जिल्ला महासंघ वार्षिक कार्ययोजना तर्जुमा र सामाजिक लेखाजोखा

(नियमित बैठक र कार्यान्वयन)

• राष्ट्रिय महासंघ वार्षिक कार्ययोजना तर्जुमा र सामाजिक लेखाजोखा

रणनीतिक उद्देश्य १.३

छरिएर रहेका भूमिहीन, सिमान्त र साना महिला तथा पुरुष कृषकहरूलाई कृषक समूह, पशु सेवा समूह तथा कृषि सहकारीहरूमा आवद्ध गर्दै संगठित गनेराष्ट्रिय कृषक समूह महासंघले निम्न अनुसारको सामाजिक लेखाजोखा प्रतिवेदन पेश गरिएको छ । कार्यक्रमको अध्यक्षता महासंघको अध्यक्ष नवराज बस्नेत तथा सञ्चालन रिता वस्ताकोटीले गर्नु भएको थियो । कार्यक्रम बागबजार स्थित हार्दिक होटलमा भएका थिए ।

रणनीतिक उद्देश्य २.१:
महासंघको दिगो स्रोत र सहयोगको लागि प्रकृति मिल्दो श्रोत साझेदार तथा दात्री निकायहरूसँग सहकार्य अभिवृद्धि गर्ने । ५,१०,०००।००

आ.व ०७६/०७७ को आय तथा उपयोग विवरण

उपयोग प्रतिशत

| क्र.सं | विवरण | प्रतिशत | प्रतिशत |
|---|---|---|---|
| १ | कार्यक्रम तर्फ | १,६९,०३,०४१।०० | ८१ |
| २ | प्रशासनिक तर्फ | ३९,९९,९८२।०० | १९ |
| | जम्मा | २,०९,०३,०२३।०० | १०० |

महासंघको कार्यक्रम सञ्चालन पद्धति

•सहभागीतामूलक योजना तर्जुमा

• संस्थागत मूल्य मान्यतामा आधारित कार्य

• अधिकारको विकेन्द्रिकरण

• संरचनागत र पदीय जवाफदेहिता

<u>तहगत अभ्यासहरू</u>:

• समूहको वार्षिक कार्ययोजना तर्जुमा (नियमित बैठक र कार्यान्वयन)

• गाउँनगर महासंघ

आ.व ०७६/०७७ को आय तथा उपयोग विवरण

| विवरण | रकम |
|---|---|
| शुरु मौज्दात गत आर्थिक वष | १०,८२,७०२।०० |
| केएर नेपाल (सामर्थ्य परियोजना) | १,५५,२८,०५०। |
| केएर नेपाल (पोषण परियोजना) | ४१,७६,२३२।०० |
| केएर नेपाल (स्वास्थ्य परियोजना) | ३,१५,६३६।०० |
| केएर नेपाल (कोभिड १९ आकस्मिक परियोजना | ११,०२,०००। |
| एफ ए ओ (एफ एफ एफ परियोजना) | ४,८४,६८०। |
| अभियान ईच्छादन (तहगत पदाधिकारी) १६,७४०।०० | |
| अभियान श्रोत संकलन (संरचना तहबाट ईच्छादान) | २७,३२०।०० |
| सदस्यता शुल्क | १,३००।०० |
| सदस्यता नविकरण शुल्क | १०,९००।०० |

# मन्त्रालयमा कृषि सञ्चारकर्मी बीच छलफल

काठमाडौं मंसीर २९ गते कृषि सूचना तथा प्रशिक्षण केन्द्रको आयोजनामा कृषि तथा पशुपन्छी विकास मन्त्रालयको सभाहलमा कृषिसँग आवद्ध सञ्चारमाध्यमहरूको प्रतिनिधीहरूको छलफल भयो। छलफल कार्यक्रममा अध्यक्षता मन्त्रालयको कृषि सचिव योगेन्द्रकुमार कार्कीको अध्यक्षतामा भएको थियो।

छलफल कार्यक्रममा सचिव काकीले कृषि मन्त्रालय र मिडिया बीचमा तालमेल गर्ने गरी दूरी कमी गर्नका लागि उक्त कार्यक्रमको आयोजना गरेको मन्त्रालयका सहसचिव श्री रामघिमिरेले बताउनु भयो। घिमिरेले प्रशिक्षण केन्द्रले कृषि क्षेत्रको सञ्चारकर्मी बीचमा समन्वय र अभिभावकत्वको भूमिका निभाउनु पर्ने बताउनु भएको थियो।

उक्त छलफल कार्यक्रममा सचिव कार्कीले ‘‘हामी मिडिया फ्रेण्डली कति हुन सक्यौं ?’’ तपाईंहरूले जे पाउन हुन्छ त्यही लेख्नु हुन्छ। यहाँहरूबाट इन्पुट लिनु हुन्छ।

सचिव कार्कीले भारतमा पाइको मूल्यको विचार गर्नु पर्छ वैज्ञानिक रुपमा भारत र पाकिस्तानमै समस्या छन् भने छुट्टै बसेर छलफल गरेर समास्यको समाधान गर्ने प्रयासमा छौं। प्रवक्ता भनेको थप जिम्मेवारी हो। तथ्याङ्क आफै खोज्नुहोस। किसानलाई इन्करेज गर्नुहोस्। जापान जस्तो देशमा गुणस्रीय मापदण्ड भएको देशमा नेपालको घिउ खानु धेरै राम्रो हो।

मिडियाकर्मीलाई ट्राभलिङ्ग सेमिनार गर्दा कसरी प्रभावकारी बनाउने ? जे-जे सुधार गर्नुपर्छ गर्छौं। यसै वर्षदेखि कार्यक्रम समावेश गर्दै जान्छौं।

उहाँले धान मकैको लागि युरिया मल प्रसस्तै छ। वितरण प्रणालीमा कमजोरी भएका हुन सक्छ। अब शून्याबाट शुरु गरौं।

सचिव कार्कीले यो छलफल शुरुवात हो कसरी जाने भनेर वोध भएको छ। उखु किसानको समस्या उद्योग मन्त्रलयको मुख्य दायित्व हुनुपर्छ। तर पनि समन्वय र सहकार्यको लागि हाम्रो तर्फबाट सहयोग गर्न तयार छ। र मन्त्रालयबाट उखु किसानहरुका लागि ९५ करोड अनुदान भुक्तानीका लागि गईसकेको छ।

मन्त्रालयका सह-सचिव तथा प्रवक्ता हरिबहादुर केसीले उखु किसान अनुदान उद्योगी



*पाकिस्तानमै समस्या छन् भने छुट्टै बसेर छलफल गरेर समास्यको समाधान गर्ने प्रयासमा छौं। प्रवक्ता भनेको थप जिम्मेवारी हो। तथ्याङ्क आफै खोज्नुहोस। किसानलाई इन्करेज गर्नुहोस्। जापान जस्तो देशमा गुणस्रीय मापदण्ड भएको देशमा नेपालको घिउ खानु धेरै राम्रो हो।*

*मिडियाकर्मीलाई ट्राभलिङ्ग सेमिनार गर्दा कसरी प्रभावकारी बनाउने ? जे-जे सुधार गर्नुपर्छ गर्छौं। यसै वर्षदेखि कार्यक्रम समावेश गर्दै जान्छौं।*

र किसानहरू बीचको भएका बताउदै छलफलको आधारमा दिएको हो। विना आधार होइन। ‘‘उद्योगीहरू भरसक कम भए हुन्छ भनिन्छ। किसानहरू बढी भए हुन्थ्यो भन्ने छ।’’ किसान आन्दोलन उद्योगीले भुक्तानी नदिएको कारण भएको हो।

प्रवक्ता हरिबहादुर केसीले विभिन्न कृषि सम्बन्धी संघ-सगठनहरू आवद्ध पत्रकारहरू छन्। यसलाई महासंघ बनाउनु होस् अन्तर्राष्ट्रिय रुपमा छुट्टै कृषि पत्रकार महासंघ। समाज पनि एउटै होस्। फेडेरेशनहरू छन्। त्यसलाई खरायोको तालमा कुदाउने सौंच छ।

कार्कीले कोभिढ-१९को कारण विगत भन्दा कृषि क्षेत्र बढेको बताउँदै चामल धेरैले खान्थ्यौं। एरोमिटीक बढ्यो। टोटल खाद्यान्नमा उत्पादन भइरहेको छ। उत्पादन २१ लाख मेट्रिक टन छ। १२/१३ लाख मेटिक टन मात्र खपत भएको छ। हामीले गरेको काम ओभेलमा परको छ। किसानको जनजीवन माथि कसरी उठाउन सकिन्छ ? त्यसमा जोड दिनुपर्छ। सहकारी र कम्पनीहरूले हजार पन्ध्रसय रोपनी कब्जा गरिहेको छ। सन्तुलन मिलाउनु पर्छ भावनामा बगेनौं भने समाचार लेख्न सकिदैन। कृषि पत्रकारितामा सन्तुलन मिलाउन सकिएको छैन।

प्रशिक्षण केन्द्रका प्रमुख श्रीराम घिमिरले कृषि सूचना प्रभावकारी बनाउन के गर्दा ब्रेक थ्रु गर्नु सकिन्छ। २/३ वर्ष गरिएका कार्यक्रमहरू रोकिएको वास्तविकता हो।

प्रवक्ता हरिबहादुर केसीले तपाईहरूको महासंघ वन्छकी, समाज वन्छ छाता संगठन वन्नु पर्छ मन्त्रालयले सहकार्य गर्ने छ। कार्यक्रमको रुपमा अगाडि बढ्नु पर्छ।

कार्यक्रममा सञ्चाकर्मीहरू कान्तिपुर टेलिभिजनका सुमन पन्त, राजधानी दैनिकका पत्रकार कौशिला कुँवर, हलो खबर अनलाइनका मनोज श्रेष्ठ क्यापिटल अनलाइन हरि पौडेल लगायतले समसामयिक विषयमा प्रश्न गर्नु भएको थियो।

**सम्पादकीय..........**

तथ्याङ्क स्वयम सरकारले गरीरहँदा यसलाई अर्थतन्त्रको मूल आधारको रुपमा वृद्धि भएको खुशी हुनुको सट्टा कृषि क्षेत्रमा लागि परेको जनतालाई अझ प्रोत्साहित बनाउनुको सट्टा, निरत्साहित हुने गरी काम कारवाही गरेको छ। यो कार्य अलोकतान्त्रिक मात्र छैन देश र किसानमारा भन्दा अरु हुन सक्दैन। फेरि खर्बौंको खाद्यान्न भित्र्याएर देशको अर्थतन्त्र तहस नहस पार्न स्वयम सरकार लागि पर्दा यो सरकारले केनै गतिलो काम गर्‍यो भन्नु पर्ने अवस्था आएको छ। सम्बन्धित निकायको यतिधेरै आग्रह गर्दागर्दै निर्णय फिर्ता लिएन भने ओलीको सरकार राष्ट्रघाटी कदम भएको प्रमाणित हुने कुरामा कुनै शंका छैन। सरकार भनेको वहुसंख्याक जनताको हितमा छ छैन भनेर जाच्ने कसी हो। समग्र देश र जनताको हितको सर्वोपरीलाई आत्मसाथ गर्ने हो। हाम्रो अर्थतन्त्रको प्रमुख आधार कृषि भएकोले अरु देशको उदाहरण बन्नु पर्ने सरकारको दायित्व बन्नु पर्छ।

# मौरी गोलामा हुने वार्षिक जीवनचर्या

मौरी गोलामा हुने वार्षिक जीवनचर्या :
प्राकृतिक मौसम चक्र, हावापानी स्थान विशेष, चरन उपलब्धता अनुसार मौरीले वर्ष भरि आफ्नो गोला निर्वाह गर्न प्रक्रियालाई वार्षिक जीवनचर्या भनिन्छ। प्राकृतिक मौसम चक्रले मौरीको जीवनमा पनि अन्य किराहरूमा जस्तै असर पारेको हुन्छ।। प्राकृतिक अनुकूलता र प्रतिकुलतालाई मौरीहरूले आफ्नो शारीरिक



बनावट, ज्ञानेन्द्रियाहरूको विकास तथा आफ्ना विलक्षण विशेषताका कारणले आफ्नो गोला व्यवस्थापन गर्दछन्।
समसायिकता गोला व्यवस्थापन :
मौरी गोलाको वार्षिक जीवनचर्याको आधारमा मौरी गोलालाई सहयोग पुऱ्याउन समयानुसार गरिने व्यवस्थापन कार्यलाईनै समसायिक गोला व्यवस्थापन भनिन्छ।
आधुनिक मौरी पालनमा मौसम अनुसारको मौरी गोला व्यवस्थापन वडो महत्वपूर्ण पक्ष हो। बढी मह उत्पादन, गोला वृद्धि, मौरीजन्य उत्पादन र परागसेचनको लागि व्यवस्थापन पक्षमा ध्यान पुऱ्याउनु आवश्यक हुन्छ।
समसामयिक गोला व्यवस्थापन तालिका :
क्षेत्र
उपयुक्त मौसम
अनुपयुक्त मौसम
उच्च पहाड
बैशाख, जेठ, असार, श्रावण, भदौ
आश्विन, कार्तिक, मंसीर, पौष, माघ, फाल्गुन, चैत्र।
मध्य पहाड
बैशााख, कार्तिक जेठ आश्विन, कार्तिक, मंसीर असार, श्रावण, भदौ, पौष, माघ
तराई र भित्री मधेश
बैशाख, कार्तिक, मंसीर, पोष, माघ, फाल्गुन, चैत्र
जेठ, असार, श्रावण, भदौं, आश्विन
नोटः चरन क्षेत्र र मौसम अुनसार कहिले काहीं उपयुक्त र अनुपयुक्त मौसममा फेरवदल हुन सक्छ।
उपयुक्त मौसममा गरिने व्यवस्थापन :
मौरी तथा मौरीपालकका लागि उपयुक्त मौसम ज्यादैनै महत्वपूर्ण हुन्छ। यस समयमा मौरी गोला मजवुट बनाउने, मह उत्पादन, गोला वृद्धि, रानु उत्पादन, हुल निर्यास नियन्त्रण, छाउरा रोग नियन्त्रण, स्थानन्तरण जस्तो क्रियाकलापहरू गर्नु पर्ने हुन्छ।
उपयुक्त समयमा मौरी गोलामा गर्नुपर्ने कार्यहरू
-घार सफा गर्ने,
-रानुको उपस्थिति र अवस्था हेर्न।
-छाउरा वयस्क मौरीको अवस्था हेर्न।
-मजवुत गोलाको प्रवेशद्धारा ठूलो पार्न।
-मौरीलाई गोलाभित्र कायम गर्ने वातावरण बनाउनका लागि आधार चाका र आवश्यकता अनुसार महकक्ष थप गर्ने।
-मौरी गोला उपयुक्त मौसम अगावै स्वास्थ बनाउने र मह उत्पादनको समयमा कुनै पनि औषधीको प्रयोग नगर्नु।
-महकक्षमा ७० प्रतिशतभन्दा बढी महकोषहरू टालिए पछि मात्र मह काढ्नु पर्दछ।
-यस समयमा हुल निर्यास हुने सम्भावना हुनेहुँदा हुल निर्यास नियन्त्रण तथा व्यवस्था गर्ने।
-कमजोर मौरी गोलाहरूमा कुनै किसिमको रोग वा प्राकृतिक शत्रु लागेमा नियन्त्रणका उपाय अवलम्वन गर्ने तर मह नकाढ्ने।
-तराई तथा भित्री मधेशमा जाडोयाम उपयुक्त मौसम भएता पनि कुनै समय शीतलहर आएमा गोलालाई न्यानो बनाउने तथा खानाको व्यवस्थापन गर्नु पर्ने हुन्छ।
-उपयुक्त मौसममा पनि कहिले काहीं बढी सुख्खा वा गर्मी भएमा मौरी गोलालाई छहारी तथा पानीको व्यवस्थापन गर्नुपर्ने हुनसक्छ।
अनुपयुक्त मौसममा गरिने व्यवस्थापन :
मौरी तथा मौरीपालन मौसम ज्यादैनै जोखिमपूर्ण हुन्छ। यस समयमा मौरी गोला कमजोर हुने, खानाको अभाव, प्राकृतिक शत्रु तथा रोगको आक्रमण, लुटलडाई, गृहत्याग जस्ता क्रियाकलापहरू हुने हुँदा मौरी पालकले सावधानीपूर्वक व्यवस्थापनको कार्य गर्नु पर्नेछ।
जाडो मौसममा गरिने व्यवस्थापन :
-मौरी गोलामा खानाको सुनिश्चित नगर्ने।
-गोलालाई न्यानो बनाई प्रवेशद्धार र भेन्टिलेशन सानो पार्ने।
-मौरीले नढाकेको चाका निकाली छेकवारको प्रयोग गर्ने।
-कमजोर रानु विहिन गोला भएमा समायोजन गर्ने।
-बढी चिसो मौसममा मह नकाढ्ने।
-मौरी घारको प्रवेशलाई पूर्वदक्षिण दिशातर्फ फकाई पारिलो ठाउँमा राख्ने। सम्भव भएमा न्यानो ठाउँमा स्थानान्तरण गर्न सकिन्छ।
-जाडो मौसममा गोला विभाजन र रानु उत्पादन गर्न उपयुक्त हुँदैन।
सुख्खा तथा वर्ष याममा गरिने व्यवस्थापन :
-मौरी गोलामा खाना तथा पानीको सुनिश्चितता गर्ने,
-मौरी गोला मजवुट बनाई राख्ने।
-प्राकृतिक शत्रु तथा रोग नियन्त्रण गर्ने।
-गृहत्याग रोकथाम तथा नियन्त्रण गर्ने।
-कमजोर तथा रानु विहिन गोला भएमा समायोजन गर्ने।
-लुट लडाई हुनबाट बचाउने।
-ओत तथा छहारीको व्यवस्था गर्ने।
-मौरीले नढाकेको चाका घारबाट हटाई सुरक्षित भण्डारण गर्ने।
-वर्षायाममा रानु उत्पादन र गोला विभाजन गर्न उपयुक्त हुँदैन।
-गर्मी याममा हावा सञ्चारका लागि पर्याप्त भेन्टिलेशन राख्ने।

# वैदेशिक लगानी सरकारको किसानमारा नीति : सरोकारवाला

**प्रेश विज्ञप्ती**

**डेरी उद्योग संघ, नेपाल डेरी एशोसिएसन , केद्रिय दुग्ध सहकारी सघ लि.नेपाल, केन्दीय पशुपंक्षीपालन सहकारी संघ लि. को विदेशी लगानी सम्बन्धि संयुक्त प्रेश विज्ञप्ती जारी गरेको छ ।**

डेरी एशोसियनका महासचिव प्रल्हाद दाहालद्धारा हस्ताक्षरित विज्ञाप्तिमा भनिएको छ । नेपालमा स्थापित कृषि क्षेत्र सक्षम हुदाहुदै स्वदेशी लगानीलाई प्रभाव पार्ने गरी मन्त्रीपरिषदको निर्णयबाट कृषि क्षेत्रमा सर्त



सहीत डेरी उद्योग, पशुपंक्षीपालन, माहुरीपालन, माछापालन, फलफुल तरकारी आदी र कृषिका प्राथमिक उत्पादन संग सम्बन्धित व्यवसायमा प्रत्यक्ष वैदेशिक लगानी (एफडी आई) खुल्ला गर्ने गरी मिति २०७७ पुष २० गतेको नेपाल राजपत्रमा प्रकाशित सूचनाले यस उद्योग व्यवसाय संग आवद्व हामी सबै किसान तथा उद्योगीहरुको गम्भीर ध्यान आकृष्ट भएको छ ।

विगतमा पनि पटक पटक कृषि क्षेत्रको प्राथामिक तहमा विभिन्न माध्यमबाट वैदेशिक लगानी भित्राउने अभ्यास भएकोमा नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल चेम्वर अफ कमर्श लगायत कृषि क्षेत्रमा आवद्ध सबै उद्योग व्यवसायीहरुको व्यापक विरोध तथा प्रतिनिधि सभाको उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हीत समिती समेतले कृषिमा बैदेशिक लगानी खुल्ला नगर्न निर्देशन दिएको थियो । सोही अनुरुप **विदेशी लगानी तथा प्रविधि हस्तान्तरण सम्बन्धि कानूनलाई ससोधन तथा एकीकरण गर्न वनेको विधयेक २०७५** को दफा ३ उपदफा (२) ( अनसूचि)मा वैदेशिक लगानी खुल्ला नगरिएका उद्योग व्यवसायमा स्वदेशमै फल्दै फुल्दै गरेका **मत्स्यपालन, दुग्ध उत्पादन/ प्रशोधन, पशुपंक्षी तथा माहुरीपालन, पोल्ट्री उद्योग लगायत कृषिका प्राथमिक उत्पादनका अन्य क्षेत्रहरुलाई** साविक अनुसार कुनै संशोधन नगरी यथावत राखिएको थियो ।

हाम्रो देशमा **माहुरीपालनमा ४ अर्व, माछापालनमा करीव ११ अर्व, डेरी उद्योगमा ३० अर्व दाना तथा कुखुरापालनमा ४० अर्व गरी कुल ८५ अर्वको लगानी भई करीव १५ लाख भन्दा वढि कृषक तथा श्रमिकहरुमा रोजगारी** सिर्जना भइरहेको छ ।

विज्ञाप्तिमा भनिएको छ । यसरी नीजि क्षेत्रको अरवौको लगानी भएको अवस्थामा प्रमुख सरोकारवाला संग कुनै सर-सल्लाह विना राष्ट्र र किसानको हित विपरित अपारदर्शी रुपमा गरिएको निर्णयले राष्ट्रको अर्थतन्त्रमा गम्भीर दीर्घकालिन असर पर्ने देखिन्छ । भर्खरै केहि समय अघि मात्र लोकतान्त्रिक पद्धतिबाट दुवै सदनबाट पारित भई आएको ऐनलाई कामचलाउ सरकारले राजनैतिक अस्थीरताको फाइदा उठाउदै ४ महिना पछि आउने ताजा जनादेश समेतको वेवास्ता गदै ऐनको दफाले दिएको अधिकारको दुरुपयोग गरी कृषिमा वैदेशिक लगानी ल्याउने गरी भएको निर्णयको गम्भीर असर ग्रामिण रोजगारीमा पर्न गई यस पेशामा आवद्ध व्यवसायीलाई मजदुर वनाउने र त्यसको लाभ विदेशी लगानीकर्ताको हातमा जाने, स्वदेशी व्यवसायीहरुको उद्यमशीलता विकासमा कुठाराघात र किसानको हातमुख जोर्ने मुख्य आयआर्जनको वाटो समेत अवरुद्ध भई देश चरम गरीवी तर्फ धकेलिने निश्चित प्राय: छ ।

यसर्थ कृषिको प्राथामिक तहमा कुनै पनि शर्तमा वैदेशिक लगानी आउदा ठूलो जनसंख्याको आर्यश्रोत गुम्ने खतरा भएकोले डेरी लगायत कृषिमा प्रत्यक्ष वैदेशिक

## पुस महिनाको कृषि कर्म

खेतीपाती

-हिउँदे आलुलाई उकेरा दिई सिँचाई गर्ने ।

-तल्लो पहाडी भेक र तराईमा प्याज रोप्ने ।

-आलु, गोलभेंडालाई डढुवा रोगबाट बचाउन सिफारिस गरिएको विषादि छर्ने ।

-असोज-कार्तिकमा लगाइएको हिउँदे मकैलाई गोडमेल गरी सिँचाई गर्ने ।

-गहुँ छरेको २१-२५ दिनभित्र पहिलो सिँचाई गरी युरिया ३ के.जी. प्रति रोपनीको दरले प्रयोग गर्ने ।

-पतभmड फलफूलमा (स्याउ, अंगुर, किवी आदि) काँटछाँट गर्ने ।

-मौरीलाई चिसोबाट बचाउने र आवश्यक भएमा चिनी चास्नी दिने ।

-मुसुरो बालीमा भmारपात हटाई सिँचाई गर्ने ।

-काउली बन्दा वर्गको तरकारी लगाउँदा माटोमा बोरेक्स नमिसाएको भए २ ग्राम बोरेक्स/लि. पानीमा मिसाई स्प्रे गर्ने ।

-बेमौसमी तरकारी काँक्रो, फर्सी, लौका उत्पादन गर्नको लागि प्लाष्टिक टनेलमा बेर्ना जमाउने

-हिउँदे मकै गोडमेल गरी युरियाले टप ड्रेसिङ्ग गर्ने ।

-सुन्तला र जुनारमा कलमी गर्ने ।

**पशुपालन**

-छिटो बढ्ने डाले घाँसको कटिङ्ग सार्ने ।

-जडोको समयमा मनतातो कुँडोसँग खनिज मिसाएर खुलाउने तथा निश्चित मात्रामा नुन दिने ।

-वर्षयाममा हरियो घाँसबाट बनाएको साइलेज खुवाउन शुरु गर्ने ।

-पशुवस्तुलाई चिसोबाट जोगाउन गोठलाई सुकेको ढोँड, कोदोको नल वा गहुँको छ्वालीले बेर्ने ।

-गाई भैंसीलार्य ्मिरल ब्लक चटाउन।

# किसानको लागि उपयोगी कृषि बुलेटिन

*जाडोयाममा फलफूलका बिरुवाहरू सुषुप्त अवस्थामा पुगेको हुनाले कटिङ्गद्वारा बिरुवा प्रशारण गर्न सकिने अनार, अंगुर जस्ता फलफूलमा तीन आँख्ला भएको लामो शिसाकलम साइजको (१५-२० से.मी.) १ वर्ष पुरानो हाँगा छानी वालुवा, माटो र कम्पोष्ट मलखाद १:१:१ को अनुपातमा बनाइएको ब्याडमा कटिङ्ग राख्नुहोस् ।*

नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रद्वारा
जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा जारी किसानका लागि उपयोगी कृषि बुलेटीन पुस २०७७

मौसमी सारांश:

◆ यस साता पश्चिमी वायुको सामान्य प्रभाव रहने छ ।

◆ प्रदेश नं-१ मा साताभर आंशिक बदली रहने, एक-दुई स्थानहरूमा वर्षाको सम्भावना र एक-दुई उच्च पहाडी तथा हिमाली भू-भागमा हल्का हिमपातको सम्भावना छ । अन्य सबै प्रदेशहरूमा सामान्यतया सफा देखि आंशिक बदलीको सम्भावना छ ।

◆ बागमती प्रदेश, गण्डकी प्रदेश, कर्णाली प्रदेश र सुदूर-पश्चिम प्रदेशका हिमाली भू-भागमा एक-दुईस्थानहरूमा हल्का हिमपातको सम्भावना छ ।

◆ तराईको अधिकांश भू-भागमा साताका अधिकांश दिनहरूमा बिहानीपख कुहिरो र हुस्सु लागे पनि दिउँसो हट्ने छ ।

◆ देशभर केही स्थानहरूमा अधिकतम् तापक्रममा हल्का बढ्न सक्ने र केही स्थानहरूमा उल्लेखनीय परिवर्तन नभएता पनि न्यूनतम् तापक्रममा केही गिरावट हुने सम्भावना छ ।

कृषि सारांश:

◆चिस्यानको अवस्था हेरी २५-३० दिनमा पहिलो र ५०(५५ दिन भैसकेका गहुँबालीमा दोश्रो टपड्रेस २.९ के.जी. युरिया प्रति कट्ठा वा ४.४ के.जी. युरिया प्रति रोपनीका दरले गर्नुहोस्।

◆गहुँ बालीमा झारपात व्यवस्थापनको लागि छरेको ३०-४० दिनभित्र सल्फोसल्फ्युरन ७५% डब्लु.जी. २ ग्राम प्रति रोपनी वा १.३ ग्राम प्रति कट्ठा ४२ एम.एल. सरफेक्टेन्टमा मिसाई २५ लिटर पानीमा एक रोपनीको लागि वा १७ लिटर पानीमा एक कट्ठाको लागि माटोमा चिस्यान भएको अवस्थामा फ्लेट फेन नोजलको प्रयोगले स्प्रे गर्नुहोस् ।



◆बिहानीपख कुहिरो लाग्ने हुनाले गोलभेँडा तथा आलुबालीमा पछौटे डढुवा रोगको अनुगमन गर्नुहोस् । लक्षण देखापरेमा मेन्कोजेब ७५% डब्लु.पी. २ ग्राम प्रतिलिटर पानीमा मिसाएर आलुको बोट भिज्नेगरि अपरान्ह पछि स्प्रे गर्नुहोस् ।

◆मध्यपहाडमा माघमा गरिने आलु खेतीका लागि कोल्ड स्टोरबाट झिकी राम्रोसँग टुसाएको जनकदेव, कुफ्रिज्योति, डेजिरे, खुमल लक्ष्मी, खुमल रातो-२, खुमल सेतो-१, खुमल उज्वल, खुमल उपहार, खुमल विकास मध्ये उपलब्ध जातहरूको बीउ रोप्नुहोस् ।

◆जाडोयाममा फलफूलका बिरुवाहरू सुषुप्त अवस्थामा पुगेको हुनाले कटिङ्गद्वारा विरुवा प्रशारण गर्न सकिने अनार, अंगुर जस्ता फलफूलमा तीन आँख्ला भएको लामो शिसाकलम साइजको (१५-२० से.मी.) १ वर्ष पुरानो हाँगा छानी वालुवा, माटो र कम्पोष्ट मलखाद १:१:१ को अनुपातमा बनाइएको ब्याडमा कटिङ्ग राख्नुहोस् ।

◆केराको बोट ओइलाउने (पानामा रोग) देखिएमा रोग लागेको बोट विरुवा उखेलेर हटाउने, नयाँ बिरुवा सार्नको लागि रोग नलागेको क्षेत्रबाट ल्याउने तथा कार्वेन्डाजिम (वेभीष्टिन) १ लिटर पानीमा २ ग्राम घोली बोटको फेद भिजाउने तथा पातमा छर्नुहोस् । वाकपर अक्सिक्लोराइड २ ग्राम प्रति लिटर पानीमा घोली बोट र जरा भिज्नेगरि छर्नुहोस् ।

◆लसुन र प्याजको, प्याजी डढुवा रोग व्यवस्थापनको लागि बारी सफा गरि रोगी पातहरू हटाई खाल्डो खनेर पुर्नुहोस् । रोगको अवस्था हेरि ७ दिनको फरकमा साफ वा सेक्टिन जस्ता विषादीहरू २ ग्राम प्रति लिटर पानीका दरले सम्पूर्ण पातहरू भिज्नेगरि ३-४ पटक सम्म छर्केर उपचार गर्नुहोस् ।

◆यो समयमा पन्छीहरूमा वर्डफ्लूको उच्च जोखिम रहेकाले आफ्ना फार्ममा जैविक सुरक्षा अपनाउनुहोस् । फार्ममा एकैपटक धेरै कुखुरामा श्वासप्रश्वास सम्बन्धी रोगको लक्षण देखापरेमा, मृत्युदर बढीभएमा वा बर्डफ्लू रोगको शंका लागेमा नजिकैको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क राख्नुहोस् ।

◆जाडो याममा चल्ला हुर्काउँदा ब्रुडिङ व्यवस्थापनमा विशेष ध्यान दिनुहोस् । चल्लाको उमेर अनुसार प्रति १०० चल्लाको लागि ३ वटा ट्रे र ३ वटा ड्रिंकर उपलब्ध गराउनुहोस् ।

◆जाडोयाममा चिसोको कारण बँगुरका पाठा-पाठीको मृत्युदर बढि हुने भएकोले खोरमा ९०-१०० डिग्री फरेनहाइट तापक्रम हुने व्यवस्था गर्नुहोस् । भर्खरै जन्मेका पाठा-पाठीलाई ३.२.२ फिटको काठको बाकस बनाई त्यसभित्र पराल वा घाँस राखेर माथिपट्टि २०० वाटको बत्ती बालेर पाठा-पाठीलाई चिसोबाट बचाउनुहोस् ।

◆कमन कार्प जातका माछाको प्रजनन् समय भएको हुँदा माउ माछा छनौंट गरि पोखरी तयार गर्नुहोस् । साथै गुणस्तरीय बीज उत्पादन गर्न हप्ता दिनको अन्तरमा भिटामिन सी ०.५ के.जी. र भिटामिन ई २५०० एम.जी. प्रति के.जी. माछाको दरले दानामा मिसाई खुवाउनुहोस् ।

◆जै, भेच, लुसर्न घाँस लगाएको ६० दिन पछि पहिलो कटिङ्ग गरि सिँचाई गर्नुहोस् । प्रत्येक कटाई पश्चात् जै र वर्सिम घाँसमा सिँचाई गरि २.१ के.जी. प्रति कट्ठाका दरले युरिया टपड्रेस गर्नुहोस् ।

खाद्यान्नबाली

◆धानचमर निस्कने बेला भएको हिँउदे मकैमा गोडमेल र सिँचाई गरिसकेपछि ३.६ के.जी. युरिया प्रति कट्ठा वा ५.४ के.जी. युरिया प्रति रोपनीका दरले दोश्रो टपड्रेस गर्नुहोस् ।

◆गहुँ छरेको २०-३० दिन भित्र मुकुट जरा ( crown root initiation) पलाउने अवस्थामा गहुँको जरा भिज्नेगरि पहिलो सिँचाई

गर्नुहोस् । यस समयमा सिँचाई गरिएन भने मुकुट जरा सुक्न गई गहुँको उत्पादनमा कमि हुन जान्छ । गहुँ पहेँलो हुने समस्याबाट बच्न सिँचाई गर्दा पानी जम्न नदिन विशेष ध्यान दिनुहोस् । जिरो टिलेज प्रविधिबाट लगाइएको गहुँ खेतमा परम्परागत तरिकाबाट लगाईएको गहुँको तुलनामा कम पानीले सिँचाई गर्न सकिने हुँदा विशेष ध्यान दिनुहोस् ।

◆चिस्यानको अवस्था हेरि २५-३० दिनमा पहिलो र ५०-५५ दिन भैसकेका गहुँबालीमा दोश्रो टपड्रेस २.९ के.जी. युरिया प्रति कट्ठा वा ४.४ के.जी. युरिया प्रति रोपनीका दरले गर्नुहोस् ।

◆गहुँबालीमा झारपात व्यवस्थापनको लागि गहुँ रोपेको ३०-४० दिनभित्र सल्फोसल्फ्युरन ७५% डब्लु.जी. २ ग्राम प्रति रोपनी वा १.३ ग्राम प्रति कट्ठा ४२ एम.एल. सरफेक्टेन्टमा मिसाई २५ लिटर पानीमा एक रोपनीको लागि वा १७ लिटर पानीमा एक कट्ठाको लागि माटोमा चिस्यान भएको अवस्थामा फ्लेट फेन नोजलको प्रयोगले स्प्रे गर्नुहोस् ।

◆विशेषगरि पराल ओछ्याइएको र जिरो-टिलेज प्रविधि अपनाइने खेतमा लगाएको गहुँबालीमा फौजी कीरा (रातीको समयमा बालीमा नोक्सानी गर्ने र दिउँसो लुकेर बस्ने)ले नोक्सानी पुर्‍याउने सम्भावना ज्यादा हुने भएकोले नियमितअनुगमन गर्नुहोस् ।

फौजी कीराको वयस्क पुतली र लार्भा

◆तोरीबालीमा लाही कीरा लागे नलागेको नियमित अनुगमन पहेँलो स्टिकि ट्रयाप ( Yellow sticky trap)बाट गर्नुहोस् र आवश्यकता अनुसार १ भाग गाईको गहुँत र ४ भाग पानी मिसाएर रातभरि राखेर लाही लागेको ठाँउमा भिज्नेगरि भोलीपल्ट छर्कनुहोस् । डाइमेथोएट ३०% ई.सी.,२ एम.एल. प्रति लिटर पानीमा वा प्रकोप ज्यादा भएमा मालाथियन ५०% इ.सी.,२एम.एल. प्रति लिटरको दरले पानीमा मिसाई लाही लागेको ठाँउमा भिज्नेगरि छर्कनुहोस् ।

◆तोरीबाली समूहमा लाग्ने अल्टरनेरिया डढुवा रोगको प्रकोप कम गर्न मेन्कोजेब युक्त विषादी (डाइथेन एम-४५ दुई ग्राम प्रति लिटर पानीका दरले छर्कनुहोस् ।

फलफूल बाली

◆जाडोयाममा फलफूलका बिरुवाहरू सुषुप्त अवस्थामा हुने हुनाले कटिङ्गद्वारा बिरुवा प्रशारण गर्न सकिने अनार, अंगुर जस्ता फलफूलमा तीन आँख्ला भएको लामो शिसाकलम साइजको (१५-२० से.मी.) १ वर्ष पुरानो हाँगा छानी बालुवा, माटो र कम्पोष्ट मलखाद १:१:१ को अनुपातमा बनाइएको ब्याडमा कटिङ्ग राख्नुहोस् ।

◆यसै वर्ष कागती खेती शुरु गर्नुभएका कृषकहरूले कागतीको पात र कलिला मुनालाई तुसारोबाट जोगाउन बाँसको भाटा उल्टो भी आकार (रु) मा गाडेर परालले छोप्नुहोस् । ◆सबै प्रकारका फलफूलमा मलखाद राख्ने उपयुक्त समय भएकोले

*बाक्लो कुहिरो लागिरहेका जिल्लाहरुका केरा खेती गर्ने कृषकहरूले टिस्यू कल्चर प्रविधिबाट तयार गरिएका केराको जि-९ वाविलियम हाइब्रिड जातहरू यसै वर्ष लगाउनु भएको छ भने बाँसको भाटा उल्टो भी आकार (रु)मा गाडेर परालले छोप्नुहोस् । यसो गर्नाले अत्याधिक चिसोबाट केराको गुवो डढ्ने समस्या कम हुन्छ ।*

सिफारिस गरिएको मात्रा मिलाई मलखाद राख्नुहोस् । मलखाद राखि सकेपछि सिँचाई गर्नुहोस् ।

◆सिँचाई सुविधा भएका कागती बगैँचामा डबल रिङ्ग (डबल औंठी आकारको कुलेसो) बनाई सिँचाई गर्नुहोस् । सिँचाई सुविधा नभएमा स्याउला, घासपात वा कालो प्लाष्टिकको छापो राख्नुहोस् ।



◆पतझड फलफूलको बगैँचा स्थापनाको लागि एक घन मिटर साइजको खाडल (१ मिटर गहिरो तथा १ मिटर ब्यास भएको) खनी करिब एक महिना सुकाउनु होस् । सो खाडलमा सुकेका पातपतिंगर तथा झारपात राखी जलाउनुहोस् । यसो गर्नाले खाडलमा भएका किटाणुहरू तथा कीराका फुल नष्ट हुन्छन् ।

◆पतझड फलफुल बगैंचामा काँटछाँट शुरु गर्नुहोस् । काँटछाँट गर्दा बनेका घाउहरू तथा बिरुवाको काण्डमा १० प्रतिशतको बोर्डोपेष्ट (१०० ग्राम नीलोटुथो, १०० ग्राम चुन प्रति लिटर पानी) बनाई लगाउनुहोस् । साथै १ प्रतिशतको बोर्डो मिश्रण (१०ग्राम नीलोटुथो, १० ग्राम चुना प्रति लिटर पानी) तयारगरि बिरुवाको सम्पूर्ण भाग भिज्नेगरि छर्नुहोस् ।

◆सुख्खायाम भएकोले माटोमा ओस कायम राख्न फलफूलको बोट वरिपरि छापोको व्यवस्था गर्नुहोस् ।

◆कागती वा निबुवा खेती गर्नुभएका कृषकहरूले कागतीको पात खन्ने सुलसुले लाग्ने भएकोले करेसाबारीमा भएका बोटमा गाईको गहुँत वा निमको पातको झोल १ भागमा ३ भाग पानी मिसाई ५-५ दिनको फरकमा ३ पटक छर्नुहोस् । व्यवसायिक कागती खेती गर्ने कृषकहरूले रोगर २ एम.एल. प्रति लिटर पानीमा घोलेर सात दिनको फरकमा ३ पटक छर्नुहोस् ।

◆आँपको बोटमा विकृति (म्याङ्गो माल फर्मेसन) देखापरेमा रोगी कलिला हाँगाहरू काटछाँट गरेर हटाई १ ग्राम एन.ए.ए. ( न्याप्थालिन एसिटिक एसिड) प्रति ५ लिटर पानीमा घोली बोटको पात भिज्नेगरि छर्नुहोस् । सूर्यको किरणले हर्मोनको असरलाई कम गर्ने हुँदा एन.ए.ए. घोल अँध्यारो ठाउँमा मात्र तयार गर्नुहोस् ।

◆केराको काइयो बनि सकेपछि बुङ्गो काटेर हटाउनाले कोसाहरू प्रष्ट भई घरिको तौल बढ्ने हुँदा नियमित अवलोकन गरि बुङ्गो हटाउनुहोस् ।

◆बाक्लो कुहिरो लागिरहेका जिल्लाहरुका केरा खेती गर्ने कृषकहरूले टिस्यू कल्चर प्रविधिबाट तयार गरिएका केराको जि-९ वाविलियम हाइब्रिड जातहरू यसै वर्ष लगाउनु भएको छ भने बाँसको भाटा उल्टो भी आकार (रु)मा गाडेर परालले छोप्नुहोस् । यसो गर्नाले अत्याधिक चिसोबाट केराको गुवो डढ्ने समस्या कम हुन्छ ।

◆ तराईका जिल्लाहरुमा गत वर्ष जस्तै यस वर्ष पनि केराको गुवो मर्ने र डढ्ने र कुहिने र पसाउन लागेको बुङ्गो बाहिर निस्कन नसक्ने समस्या देखिन सक्छ । यस्तो समस्या ठण्डी र कुहिरो र अति चिसोको कारणले हुन सक्ने भएकोले घरीलाई सेतो प्लाष्टिकले बेरिदिनुहोस् ।

◆केराको बोट ओइलाउने (पानामा रोग) देखिएमा रोग लागेको बोट बिरुवा उखेलेर हटाउने, नयाँ बिरुवा सार्नको लागि रोग

नलागेको क्षेत्रबाट ल्याउने तथा कार्वेन्डाजिम (वेभीष्टिन) १ लिटर पानीमा २ ग्राम घोली बोटको फेद भिजाउने तथा पातमा छर्नुहोस् । वाकपर अक्सिक्लोराइड २ ग्राम प्रति लिटर पानीमा घोली बोट र जरा भिज्नेगरि छर्नुहोस् ।

◆स्याउको दादे रोग व्यवस्थापनका लागि बगैंचा सफा राख्नुहोस् साथै पात र कुहिएको फललाई टिपेर खाल्डोमा पुर्नुहोस् । बोटको प्रत्येक हाँगामा सुर्यको प्रकाश पुग्नेगरि रोगी हाँगा र भागहरु काटेर हटाउनुहोस्, पात झर्नु भन्दा अगाडि कार्वेन्डाजिम ५०% डब्लु.पी. १ ग्राम प्रति लिटर वा थायोफोनेट मिथाईल ७०५ डब्लु.पी. (टपसिन एम.) ०.७५ ग्राम प्रति लिटर पानीमा मिसाई १५ दिनको फरकमा २(३ पटक सम्पूर्ण बोट भिज्नेगरि छर्केर उपचार गर्नुहोस् ।

कफि बाली

◆नर्सरी सेड हाउसमा चारैतिर एग्रो नेट र साधारण प्लाष्टिकको प्रयोग गर्नुहोस् ।

◆समुन्द्र सतह देखि १००० मि.सम्मको उचाईमा लगाईएको कफी पाक्ने बेला भएकोले पहिलो टिपाई समयमै गर्नुहोस् । टिपी सकेपछि सम्भव भएको उचित विधीबाट पोस्टहार्भेस्ट व्यवस्थापन गर्नुहोस् ।

◆बीउको लागि राम्रो बोट, हाँगा र झुप्पा छनोट गर्नुहोस् र राम्ररी पाकेका दानाहरूलाई बोक्रा खोल्स्याएर पार्चमेन्टलाई घाम नपर्ने ठाउँमा खरानीले उपचार गरेर राख्नुहोस् ।

◆लामो समयदेखि वर्षात नभएकोले बगैंचामा सिँचाईको प्रबन्ध गर्नुहोस् ।

◆कफी नर्सरीमा वृद्धि विकासको अवस्था हेरि झोलमल र सुक्ष्म खाद्यतत्वको छर्नुहोस् ।

◆सिन्दुरे रोगको लक्षण देखिएमा बढी भएको छहारी हटाउनुहोस् । रोग लागेका हाँगा र पातहरू काटेर जलाउनुहोस् । १५ को वोर्डो मिश्रण तयार गरि पातको माथिल्लो र तल्लो भाग समेत भिज्नेगरि छर्कनुहोस् ।

तरकारीबाली

◆आलु रोपेको ६-८ हप्ताको समय (Tuber Initiation Stage)मा चिस्यानको हिसावले संवेदनशील हुन्छ । यो समयमा आवश्यक चिस्यान कम हुँदा उत्पादनमा प्रत्यक्ष प्रभाव देखिने हुँदा गोडमेल र उकेरा लगाई खेतको चिस्यान अनुगमन गरि सिँचाई गर्नुहोस् ।

◆उच्च पहाडमा फागुनमा गरिने आलु खेतीका लागि कुफ्रिज्योति, खुमल लक्ष्मी, खुमल सेतो-१, खुमल उज्वल जातहरूको उपलब्धता सुनिश्चित गर्नुहोस् । जग्गा तयारीका लागि १००० के.जी. कम्पोष्ट मल तथा १०.९ के.जी. डि.ए.पी., २.२ के.जी. युरिया र ५.० के.जी. म्युरेट अफ पोटासका दरले उपलब्धता सुनिश्चित गर्नुहोस् ।

*आलु रोपेको ६-८ हप्ताको समय (Tuber Initiation Stage)मा चिस्यानको हिसावले संवेदनशील हुन्छ । यो समयमा आवश्यक चिस्यान कम हुँदा उत्पादनमा प्रत्यक्ष प्रभाव देखिने हुँदा गोडमेल र उकेरा लगाई खेतको चिस्यान अनुगमन गरि सिँचाई गर्नुहोस् ।*

◆उच्च पहाडमा भण्डारणमा राखिएको आलुमा नियमित अनुगमन गर्नुहोस् ।

◆सुख्खा याम भएकोले तराईमा आलु लगाएको जग्गामा माटो सुख्खा भई धाँजा फाटेमा आलुको दानामा लाग्ने पुतलीको प्रकोप बढि हुने र त्यसले पछि भण्डारणमा क्षति पुऱ्याउने हुँदा आलु खन्नु अघिसम्म जमीन बाहिर दाना निस्कन नपाउने गरि (कम्तीमा २ इन्च) माटो चढाई राख्नुहोस् । आलुको दाना बाहिर देखिएमा आलु हरियो भई विषाक्त हुने भएकोले त्यस्ता दाना खानका लागि प्रयोग नगर्नुहोस् ।

◆मध्य पहाडमा माघमा गरिने आलु खेतीका लागि कोल्ड स्टोरबाट झिकी राम्रोसँग टुसाएको जनकदेव, कुफ्रिज्योति, डेजिरे, खुमल लक्ष्मी, खुमल रातो-२, खुमल सेतो-१, खुमल उज्वल, खुमल उपहार, खुमल विकास मध्ये उपलब्ध जातहरूको बीउ रोप्नुहोस् ।

◆बिहानीपख कुहिरो लाग्ने हुनाले आलुबालीमा पछौटे डढुवा रोगको अनुगमन गर्नुहोस् । यस्ता लक्षण देखा परेमा मेन्कोजेव ७५% डब्लु.पी. २ ग्राम प्रतिलिटर पानीमा मिसाएर आलुको बोट भिज्नेगरि अपरान्ह पछि स्प्रे गर्नुहोस् । प्रकोप बढी भएमा फेनामिडोन १०% मेन्कोजेब ५०% डब्लु.जी. वा डाइमेथोमोर्फ ५०% डब्लु.पी. १.५ ग्राम प्रतिलिटर पानीमा मिसाएर स्प्रे गर्नुहोस् । यस रोगबारे अनुसूची-२ मा विस्तृतमा दिईएको छ ।

◆तराई, भित्री मधेश तथा बेंशी क्षेत्रमा असोज-कात्तिकमा लगाएको बीउ आलुमा रगिङ्ग गर्नुहोस् ।

◆तराईमा लगाइएको आलुबालीमा लाही कीराको प्रकोप बढ्ने र भाइरस रोग लाग्ने सम्भावना रहेकाले व्यवस्थापनका उचित विधिहरू अपनाउनुहोस् ।

◆तराईमा लगाएको बीउ आलु परिपक्क भएको अवस्थामा हाल्म पुलिङ्ग गर्नुहोस् । हाल्म पुलिङ्ग गर्दा आलुका दाना बाहिर ननिस्कने गरि बोटलाई दुईतिरबाट दबाएर उखेल्नुहोस् ।

◆मध्यपहाडी क्षेत्रमा लहरे तरकारी बालीहरूको पोलीव्यागमा वेर्ना तयार गर्नुहोस् ।

◆लहरे तरकारी बालीहरूको बेर्ना उम्रिसकेको भए सेतो प्लाष्टिकको छानो दिनको समयमा उघार्ने र रातीको समयमा छानो ओढाउनुहोस् ।

◆नर्सरी व्याडमा वेर्ना उमार्ने समयमा फेद काट्ने कीरा र वेर्ना कुहिने रोगको व्यवस्थापन गर्न क्लोरपाईरीफस १६% ई.सी. को ०.५ एम.एल. र कार्वेन्डाजिम (वेभिष्टिन) ५०% डब्लु.पि. को १ ग्राम प्रति लिटर पानीमा घोली स्प्रेयरबाट नर्सरी व्याड भिज्नेगरि छर्नुहोस् ।

◆वेर्ना सारेको तरकारी बालीहरूमा रिङ्ग बनाई १०-१५ ग्राम युरिया प्रति बोटको दरले टपड्रेस गर्नुहोस् ।

◆गोलभेंडामा डढुवाको प्रकोप कम छ भने मेन्कोजेव ७५% डब्लु.पि २.५ ग्राम प्रति लिटर पानीमा घोलेर स्प्रे गर्ने र बढि छ भने क्रिलाक्सिल एम.जेड. ७२५ डब्लु.पि. को धुलो २ ग्राम प्रति लिटर पानीमा घोलेर स्प्रे गर्नुहोस् ।

◆लसुन र प्याजको, प्याजी डढुवा रोग व्यवस्थापनको लागि बारी सफा गरि रोगी पातहरू हटाई खाल्डो खनेर पुर्नुहोस् । रोगको अवस्था हेरि ७ दिनको फरकमा साफ वा सेक्टिन जस्ता विषादीहरू २ ग्राम प्रति लिटर पानीका दरले सम्पूर्ण पातहरू भिज्नेगरि ३-४ पटक सम्म छर्केर उपचार गर्नुहोस् ।

अन्य

◆तरकारी बाली काट्ने र फलहरू टिप्ने अवस्थामा रोग तथा कीराहरू लागेमा यिनीहरूबाट आर्थिक क्षती थोरै हुने भएकोले विषादी प्रयोग नगर्नुहोस् । यो अवस्थामा विषादी प्रयोग गरेमा विषादीको अवशेष बालीमा रहन गई मानव स्वास्थ्य तथा वातावरणमा नकारात्मक असर पुग्दछ ।

◆तापक्रम घट्ने क्रम जारी भएकोले मौरीघारलाई चारैतिरबाट प्लाष्टिक वा जुटको बोराले बेरेर राख्नुहोस् । साथै घारको नियमित निरीक्षण गरी मौरीलाई खानेकुरा कम छ भने आवश्यकता अनुसार चिनी चास्नी बनाएर खुवाउनुहोस् ।

लाही कीरा (एफीड)

◆तापक्रम हुँदा लाही कीराको प्रकोप बढ्दै जाने हुनाले करेसाबारी र कौसी खेती गर्दा व्यवस्थापनका लागि एक भाग गाईको गहुँत ४ भाग पानीमा मिसाएर रातभरि राखि लाही लागेको ठाँउमा भिज्नेगरि भोलीपल्ट छर्कनुहोस् वा खरानीको धूलो लाही कीरा लागेको ठाँउमा

बिहानीपख छर्कनुहोस् । प्रकोप ज्यादा भएमा डाइमेथोएट ३०% ई.सी., १.५ एम.एल. प्रति लिटरको दरले पानीमा मिसाई लाही लागेको ठाँउमा भिज्नेगरि छर्कनुहोस् ।

पशुपालन

गाई, भैंसी, भेडा, बाखा

◆बाखामा सरदर शारीरिक तौलको ३% सम्म सुक्खा पदार्थको हिसाबले दाना र घाँसको अनुपात मिलाउनुहोस् । सरदर ५० के.जी.को बाखालाई उत्पादनको अवस्था हेरी २५० देखि ३५० ग्राम सन्तुलित दाना र ८ देखि १० के.जी. हरियो घाँस, हे (Hay) तथा पराल दैनिक रुपमा दिने व्यवस्था मिलाउनुहोस् ।

◆व्यवसायिक रुपमा उखु खेती गरिने तराई क्षेत्रका ठाँउहरूमा खेर गएको उखुको टुप्पाबाट साइलेज बनाई जाडो याममा पशु वस्तुलाई आहाराको रुपमा प्रयोग गर्नुहोस् । यसको प्रयोगले गाईभैंसीको दुध उत्पादनमा २०-२५% ले वृद्धि हुन सक्छ ।

◆हिउँदको समयमा पशु वस्तुलाई हरियो घाँस र पोषणतत्वको कमी हुने र उत्पादन तथा उत्पादकत्वमा पनि कमी आउने भएकोले उक्त समयमा उग्राउने पशुहरू जस्तै (गाई, भैंसी, भेडा, बाखाहरूलाई युरिया मिश्रित पराल (४% युरिया) वायुरिया मोलासेस मिनरल ब्लक खुवाउँदा पशुको उत्पादनमा वृद्धि गर्न सकिन्छ । तर साना बाच्छा-बाच्छी र पाडा (पाडी-६ महिनाभन्दा कम उमेरका)लाई युरिया उपचार गरिएको पराल नखुवाउनुहोस् ।

◆भैंसीमा कोल्ड स्ट्रोक बढी हुने भएकोले चिसोबाट बचाउन शरीरमा जुटको बोरा ओढाउनुका साथै मनतातो आहारा खुवाउनुहोस् ।

◆यो समयमा गर्भीणी अवस्था र दुधालु गाई, भैंसीलाई सन्तुलित आहारको साथै थप ४०-५० ग्राम मिनरल मिक्स्चर मिसाएर खुवाउनुहोस् ।

◆बाहिरी तापक्रम कम भएको अवस्थामा गाई, भैंसी, भेडा, बाखा, बँगुर, खरायो आदिमा रुघाखोकी लाग्ने, ज्वरो आउने, श्वास प्रश्वास सम्बन्धी अन्य रोग लाग्ने हुँदा पशुवस्तुको खोर-गोठको भ्यालहरूमा हावाको आवत जावत हुनेगरि जुटको बोराहरू टाँगेर न्यानो बनाउनुहोस् । साथै साविक भन्दा १०% थपगरि दाना खुवाउनुहोस् ।

◆दूधालुगाई भैंसीहरू माई. कोलाईका कारण हुने थुनेलो रोगका लागि अनुकुल समय रहेकाले हरेक दिन दुधको गुणस्तर ठीक छ, छैन विचार गर्नुहोस् । दैनिक रुपमा दुध फाट्न थालेमा, स्वादमा बढी नुनिलो हुनथालेमा वा कल्चौडो र थुनमा केही फरक महशुस भएमा सुसुप्त अवस्थाको थुनेलो हुन सक्ने हुँदा दुधको

*कमन कार्प जातका माछाका टाँसिने प्रकृतिका अण्डाहरुलाई फिँजाएर ह्याचलिङ्ग कढाउन वा कोरल्नको लागि खर, नरिवलको जटा, प्लाष्टिक वा फाईवरको रेशा, झारपात आदि प्रयोग गरेर बनाईने गुन्द्री आकारको करिव २.५ मिटर लम्बाई र १ मिटर चौडाई भएको चोट्टि वा लहरा आकारको संरचना "काकावन" तयार गर्नुहोस् ।*

जाँचगरि उपचारका आवश्यक उपायहरू अपनाउनुहोस् ।

कुखुरा, हाँस, बंगुर

◆यो समयमा पन्छीहरूमा वर्डफ्लूको उच्च जोखिम रहेकोले आफ्ना फार्ममा जैविक सुरक्षा अपनाउनुहोस् । फार्ममा एकैपटक धेरै कुखुरामा श्वास प्रश्वास सम्बन्धी रोगको लक्षण देखापरेमा, मृत्युदर बढी भएमा वा बर्डफ्लू रोगको शंका लागेमा विशेष सतर्कता अपनाई नजिकैको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा सम्पर्क राख्नुहोस् ।

◆चिसोको कारणले चल्लाहरूमा ब्रुडिङ निमोनिया तथा कुखुरामा सि.आर.डी. र एसाइटिस हुन सक्ने भएकोले खोरमा उचित तापक्रम र भेन्टिलेसनको व्यवस्था गर्नुहोस् ।

◆जाडो याममा चल्ला हुर्काउँदा ब्रुडिङ व्यवस्थापनमा विशेष ध्यान दिनुहोस् । चल्लाको उमेर अनुसार १ दिनमा (पेपरफिडिङ-पत्रिकामा राखेर खुवाउने), २ दिनमा पत्रिकामा अतिरिक्त दाना दिने भाँडामा (जस्तै:नाङ्लो, नयाँ अण्डाको क्रेट), ३-५ दिनमा अतिरिक्त दाना दिने भाँडा (नाङ्लो र नयाँ अण्डाको क्रेट) चिकफिडर, ५-१४ दिनमा चिकफिडर, १४-१८ दिनमा चिकफिडर फिडर र १८ दिनभन्दा माथि फिडरमा दिनु पर्दछ । प्रति १०० चल्लाको लागि ३ वटा ट्रे र ३ वटा ड्रिक र उपलब्ध गराउनुहोस् ।

◆कुखुरा खोरमा सोत्तरलाई चिसो र हिलो हुन नदिनुहोस् । चिसो वा हिलो भएमा लिटर कन्डिशनरहरू (Litter Conditioners) जस्तै-लिटरन (Litteron) वाएमोब्लाष्ट ( Ammoblast) १ के.जी. प्रति १०० वर्ग फिटका दरले खोरमा छरि राम्रो सँग रेकिङ गर्नुहोस् ।

◆जाडो याममा चिसोको कारण बँगुरका पाठा-पाठीको मृत्युदर बढि हुने भएकोले बँगुरको खोरमा ९०-१०० डिग्री फरेनहाइट तापक्रम हुने व्यवस्था गर्नुहोस् । भर्खरै जन्मेका (२-३ दिनसम्मका) पाठा-पाठीहरूलाई ३.२.२ फिटको काठको बाकस बनाई त्यसभित्र पराल वा घाँस राखेर माथिपट्टि २०० वाटको बत्ती झुण्ड्याएर बाली बँगुरका पाठा-पाठीलाई चिसोबाट बचाउनुहोस् । काठको बाकसलाई थोरै हावा पस्ने गरि माथिबाट ढाक्नुहोस् ।

**मत्स्यपालन :**

◆कमन कार्प जातका माछाहरुको प्रजनन समय भएको हुँदा माउ माछा छनौट गरि पोखरी तयार गर्नुहोस् । साथै गुणस्तरीय बीज उत्पादन गर्न हप्ता दिनको अन्तरमा भिटामिन सी ०.५ के.जी. र भिटामिन ई २५०० एम.जी. प्रति के.जी. माछाको दरले दानामा मिसाई खुवाउनुहोस् ।

◆माउ माछा राख्ने पोखरीमा जलीय झारपातहरू हटाई ४५०-६०० के.जी. घर पोत्ने चुन, ३ टन गोबर मल, १५ के.जी. डि.ए.पी. र २३ के.जी. युरिया प्रति हेक्टरका दरले हाल्नुहोस् । मलराखेको ३-५ दिनपछि पानीको गहिराइ १.५ मिटर भन्दा बढी कायम हुने गरि पानी भर्नुहोस् र पानी भर्दा जालीबाट छानेर मात्र पठाउनुहोस् । करिब ५-७ दिन पछि पानीको रंग हरियो हुन्छ । त्यसपछि कार्प जातका माउमा छालाई १५००-२००० के.जी. प्रति हेक्टरका दरले पूर्ण रुपमा तयार गरिएको पोखरीमा स्टक गर्नुहोस् ।

◆कमन कार्प जातका माछाका टाँसिने प्रकृतिका अण्डाहरुलाई फिँजाएर ह्याचलिङ्ग कढाउन वा कोरल्नको लागि खर, नरिवलको जटा, प्लाष्टिक वा फाईवरको रेशा, झारपात आदि प्रयोग गरेर बनाईने गुन्द्री आकारको करिव २.५ मिटर लम्बाई र १ मिटर चौडाई भएको चट्टि वा लहरा आकारको संरचना "काकावन" तयार गर्नुहोस् ।

◆प्रजननको लागि छनौट गरिएको रेन्बो ट्राउटको माउ माछालाई ३०-३५% प्रोटिनयुक्त सन्तुलित दाना दिनुहोस् । साथै निषेचित अण्डालाई नियमित अनुगमन गर्नुहोस् । २५० डिग्री डे वा पानीको तापक्रम औसत ११ डिग्री सेल्सियस पुगेका ह्याचरीमा १७-१८ दिनसम्म आँखा बनेको र उम्रेको अण्डा तयार हुनेहुँदा आवश्यक सरसफाई गरि बिक्री गर्नुहोस् ।

◆जाडो याममा ट्राउटको दानामा ओसिलोपना बढीभै ढुसीको संक्रमण हुन्छ । यस्तो दाना खुवाउँदा ट्राउट माछामा कलेजो सुन्निने रोग

हुन सक्दछ । ढुसीको संक्रमण हुन नदिन दानालाई ओभानो तथा चारैतिर हावा खेल्ने कोठामा भण्डारण गर्नुहोस् । कलेजो सुन्निने रोगको असरलाई न्यूनिकरण गर्न भिटामिन ( ई copherol) २०-३० एम.जी. प्रति के.जी. माछाको वजनको अनुपातमा १५ दिनको अन्तरालमा दानामा मिसाई दिनुहोस् ।

घाँसेबाली :

◆ईपिल-ईपिल घाँसको बीउ पाक्ने समय भएकोले पाकेको कोसाहरू बोटबाट टिपेर राम्ररी घाममा सुकाउनुहोस् । सुकिसकेका कोसालाई एकै ठाउँमा थुपारी लट्ठीले चुटेर बीउ झार्नुहोस् र नाङ्लोमा केलाएर सफा गर्नुहोस् । ओभानो प्लाष्टिक वा जुटको बोरा वा टिनको बट्टामा बीउ टन्न भरेर टम्म बन्द गरि ओभानो तर शित्तल ठाँउमा भण्डारण गर्नुहोस् ।

◆जै, भेच, लुसर्न घाँस लगाएको ६० दिन पछि पहिलो कटिङ्ग गरि सिँचाई गर्नुहोस् । प्रत्येक कटाई पश्चात् जै र वर्सिम घाँसमा सिँचाई गरि २.१ के.जी. प्रति कट्ठाका दरले युरिया टपड्रेस गर्नुहोस् ।

अनुसूची-२ : आलुबालीको पछौटे डढुवा रोग :

फाइटोफ्थोरा इन्फेस्टान्स नामक ढुसीको संक्रमणबाट लाग्ने पछौटे डढुवा रोग आलुबालीको प्रमुख शत्रु हो । संसारभरिका आलु खेति गरिने प्राय: सबै राष्ट्रहरूमा यो रोग प्रमुख समस्याको रूपमा देखा पर्दै आइरहेको छ । यो रोग नेपालमा पनि तराई देखि उच्च(पहाडका आलु खेति गरिने प्राय: सबै स्थानमा व्यापक रूपमा देखा पर्दै आइरहेको छ। रातको समयमा धेरै शीत पर्ने, सिमसिम वर्षा भएको, दिउँसो बादल लाग्ने, १० देखि १८ डिग्रीतापक्रम र ८५५ भन्दा बढी सापेक्षिक आर्द्रता भएको अवस्थामा रोग सहन नसक्ने जातमा रोग व्यबस्थापनका

खाद्यान्नबाली

गहुँ :

◆गहुँ छरेको २०-३० दिन भित्र मुकुट जरा ( Crown root initiation) पलाउने अवस्था गहुँको जरा भिज्नेगरि पहिलो सिँचाई गर्नुहोस् । यस समयमा सिँचाई गरिएन भने मुकुट जरा सुक्न गई गहुँको उत्पादनमा कमि हुन जान्छ । गहुँ पहेँलो हुने समस्याबाट बच्न सिँचाई गर्दा पानी जम्न नदिन विशेष ध्यान दिनुहोस् । जिरो टिलेज प्रविधिबाट लगाइएको गहुँ खेतमा परम्परागत तरिकाबाट लगाईएको गहुँको तुलनामा कम पानीले सिँचाई गर्न सकिने हुँदा विशेष ध्यान दिनुहोस् ।

◆उच्च पहाडमा तुसारो पर्ने सम्भावना भएकोले यसबाट पर्ने असर न्यून् गर्न सिँचाई कार्य गर्नुहोस् ।

◆चिस्यानको अवस्था हेरि २५-३० दिन भैसकेका गहुँबालीमा २.९ के.जी. युरिया प्रति कट्ठा वा ४.४ के.जी. युरिया प्रति रोपनीका दरले पहिलो टपड्रेस गर्नुहोस् ।

◆गहुँबालीमा झारपात व्यवस्थापनको लागि गहुँ रोपेको ३०-४० दिनभित्र सल्फो सल्फ्युरन ७५% डब्लु.जी. २ ग्राम प्रति रोपनी वा १.३ ग्राम प्रति कट्ठा ४२ एम.एल. सरफेक्टेन्टमा मिसाई २५ लिटर पानीमा एक रोपनीको लागि वा १७ लिटर पानीमा एक कट्ठाको लागि माटोमा चिस्यान भएको अवस्थामा फ्लेट फेन नोजलको प्रयोगले स्प्रे गर्नुहोस् ।

◆विशेषगरि पराल ओछ्याइएको र जिरो ( टिलेज प्रविधि अपनाइने खेतमा लगाएको गहुँबालीमा फौजीकीरा (रातीको समयमा बालीमा नोक्सानी गर्ने र दिउँसो लुकेर बस्ने) लेनोक्सानी पुर्‍याउने सम्भावना ज्यादा हुने भएकोले नियमित अनुगमन गर्नुहोस् ।

*ईपिल-ईपिल घाँसको बीउ पाक्ने समय भएकोले पाकेको कोसाहरू बोटबाट टिपेर राम्ररी घाममा सुकाउनुहोस् । सुकिसकेका कोसालाई एकै ठाउँमा थुपारी लट्ठीले चुटेर बीउ झार्नुहोस् र नाङ्लोमा केलाएर सफा गर्नुहोस् । ओभानो प्लाष्टिक वा जुटको बोरा वा टिनको बट्टामा बीउ टन्न भरेर टम्म बन्द गरि ओभानो तर शित्तल ठाँउमा भण्डारण गर्नुहोस् ।*

तोरी

◆तोरीबाली समुहमा जरा कुहिने रोग लाग्न नदिन मन्कोजेबयुक्त विषादी २ ग्राम प्रतिलिटर पानीको दरले सम्पूर्ण बोटको जरा भिज्नेगरि ड्रेन्चिङ्ग गर्नुहोस् ।

◆तोरीबालीमा लाही कीरा लागे नलागेको नियमित अनुगमन पहेँलो स्टिकि ट्र्याप ( Yellow sticky trap) बाट गर्नुहोस् र आवश्यकता अनुसार १ भाग गाईको गहुँत र ४ भाग पानी मिसाएर रातभरि राखेर लाही लागेको ठाँउमा भिज्नेगरि भोलीपल्ट छर्कनुहोस् । डाइमेथोएट ३०% ई.सी.,२ एम.एल. प्रति लिटर पानीमा वा प्रकोप ज्यादा भएमा मालाथियन ५०% इ.सी.,२ एम.एल. प्रति लिटरको दरले पानीमा मिसाई लाही लागेको ठाँउमा भिज्नेगरि छर्कनुहोस् ।

◆तोरीबाली समूहमा लाग्ने अल्टरनेरिया डढुवा रोगको प्रकोप कम गर्न मेन्कोजेवयुक्त विषादी डाइथेन एम -४५ दुई ग्राम प्रति के.जी. बीउका दरले उपचार गरि बीउ छर्नुहोस् ।

फलफूल बाली

◆यसै वर्ष कागती खेती शुरु गर्नु भएका कृषकहरूले कागतीको पात र कलिला मुनालाई तुसारोबाट जोगाउन बाँसको भाटा उल्टो भी आकार (रु)मा गाडेर परालले छोप्नुहोस् ।

◆सबैप्रकारका फलफूलमा मलखाद राख्ने उपयुक्त समय भएकोले सिफारिस गरिएको मात्रा मिलाई मलखाद राख्नुहोस् । मलखाद राखि सकेपछि सिँचाई गर्नुहोस् ।

◆सिँचाई सुविधा भएका कागती बगैँचामा डबल रिङ्ग (डबल औंठी आकारको कुलेसो) बनाई सिँचाई गर्नुहोस् । सिँचाई सुविधा नभएमा स्याउला, घाँसपात वा कालो प्लाष्टिकको छापो राख्नुहोस् ।

◆पतझड फलफूलको बगैंचा स्थापनाको लागि एक घन मिटर साइजको खाडल (१ मिटर गहिरो तथा १ मिटर ब्यास भएको) खनी करिब एक महिना सुकाउनुहोस् । सो खाडलमा सुकेका पातपतिंगर तथा झारपात राखी जलाउनुहोस् । यसो गर्नाले खाडलमा भएका किटाणुहरू तथा कीराका फुल नष्ट हुन्छन् ।

◆पतझड फलफुल बगैंचामा काँटछाँट शुरु गर्नुहोस् । काँटछाँट गर्दा बनेका घाउहरू तथा बिरुवाको काण्डमा १० प्रतिशतको बोर्डोपेष्ट ( १०० ग्राम नीलोटुथो, १०० ग्राम चुन प्रति लिटर पानी) बनाई लगाउनुहोस् । साथै १ प्रतिशतको बोर्डो मिश्रण (१० ग्राम नीलोटुथो, १० ग्राम चुना प्रतिलिटर पानी) तयारगरि बिरुवाको सम्पूर्ण भाग भिज्नेगरि छर्नुहोस् ।

◆सुख्खायाम शुरु भएकोले माटोमा ओस कायम राख्न फलफूलको बोट वरिपरि छापोको व्यवस्था गर्नुहोस् ।

◆कागती वा निबुवा खेती गर्नुभएका कृषकहरूले कागतीको पात खन्ने सुलसुले लाग्ने भएकोले करेसाबारीमा भएका बोटमा गाईको गहुँत वा निमको पातको झोल १ भागमा ३ भाग पानी मिसाई ५-५ दिनको फरकमा ३ पटक छर्नुहोस् । व्यवसायिक कागती खेती गर्ने कृषकहरूले रोगर २ एम.एल. प्रति लिटर पानीमा घोलेर सात दिनको फरकमा ३ पटक छर्नुहोस् ।

◆कागती, सुन्तला आदिमा कालो ध्वाँसे ढुसी (Sooty mold) देखिएमा १५ एम.एल. सर्वो वा एट्सो तेल प्रति लिटर पानीमा घोली एक

हप्ताको फरकमा ढुसी लागेको भाग भिज्नेगरि छर्कनुहोस् ।

◆आँपको बोटमा विकृति (म्याङ्गो मालफर्मेसन) देखापरेमा रोगी कलिला हाँगाहरू काटछाँट गरेर हटाई १ ग्राम एन.ए.ए.(न्याप्थालिन एसिटिक एसिड) प्रति ५ लिटर पानीमा घोली बोटको पात भिज्नेगरि छर्नुहोस् । सूर्यको किरणले हर्मोनको असरलाई कम गर्ने हुँदा एन.ए.ए. घोल अँध्यारो ठाउँमा मात्र तयार गर्नुहोस् ।

◆केराको काइयो बनिसकेपछि बुङ्गो काटेर हटाउनाले कोसाहरू प्रष्ट भइ घरिको तौल बढ्ने हुँदा नियमित अवलोकन गरि बुङ्गो हटाउनुहोस् ।

◆बाक्लो कुहिरो लागि रहेका जिल्लाहरूका केराखेती गर्ने कृषकहरूले टिस्यू कल्चर प्रविधिबाट तयार गरिएका केराको जि-(९ वा विलियम हाइब्रिड जातहरू यसै वर्ष लगाउनु भएको छ भने बाँसको भाटा उल्टो भी आकार (रु) मा गाडेर परालले छोप्नुहोस् । यसोगर्नालेअत्याधिकचिसोबाटकेराकोगुबोडढ्नेसमस्याकमहुन्छ

◆ तराईका जिल्लाहरूमा गत वर्षजस्तै यस वर्ष पनि केराको गुवो मर्ने र डढ्ने र कुहिने र पसाउन लागेको बुङ्गो बाहिर निस्कन नसक्ने समस्या देखिन सक्छ । यस्तो समस्या ठण्डी र कुहिरो र अति चिसोको कारणले हुन सक्ने भएकोले घरीलाई सेतो प्लाष्टिकले बेरि दिनुहोस् ।

◆तराईका जिल्लाहरूमा चिसोको कारण केराको गुवो मर्ने र डढ्ने र कुहिने र पसाउन लागेको बुङ्गो बाहिर निस्कन नसक्ने समस्या देखिन सक्छ । यस्तो समस्या ठण्डी र कुहिरो र अति चिसोको कारणले हुन सक्ने भएकोले बुङ्गोलाई सेतो प्लाष्टिकले बेरि दिनुहोस् ।

◆केराको बोट ओइलाउने (पानामा रोग) देखिएमा रोग लागेको बोट विरुवा उखेलेर हटाउने, नयाँ विरुवा सार्नको लागि रोग नलागेको क्षेत्रबाट ल्याउने तथा कार्वेन्डाजिम (वेभीष्टिन) १ लिटर पानीमा २ ग्राम घोली बोटको फेद भिजाउने तथा पातमा छर्नुहोस् । वाकपर अक्सिक्लोराइड २ ग्राम प्रति लिटर पानीमा घोली बोट र जरा भिज्नेगरि छर्नुहोस् ।

◆स्याउमा लाग्ने स्यान जोस्कत्ले र भुवादार लाही कीरा व्यवस्थापनको लागि काँटछाँट गरि सकेपछि खनिज तेल वा सर्वो आयल १० देखि १५ एम.एल. प्रतिलिटर पानीमा मिसाई बिरुवाको सम्पूर्ण भाग भिज्ने गरि छर्कनुहोस्

कफि बाली

◆नर्सरी सेडहाउसमा चारैतिर एग्रो नेट र साधारण प्लाष्टिकको प्रयोग गर्नुहोस् ।

◆समुन्द्र सतहदेखि १००० मि.सम्मको उचाईमा लगाईएको कफी पाक्ने बेला भएकोले पहिलो टिपाई समयमै गर्नुहोस् । टिपी सकेपछि सम्भव भएको उचित विधीबाट पोस्ट हार्भेस्ट व्यवस्थापन गर्नुहोस् ।

◆बीउको लागि राम्रो बोट, हाँगा र झुप्पा छनोट गर्नुहोस् र राम्ररी पाकेका दानाहरूलाई बोक्रा खोल्स्याएर पार्चमेन्टलाई घाम नपर्ने ठाउँमा खरानीले उपचार गरेर राख्नुहोस् ।

◆लामो समयदेखि वर्षात नभएकोले बगैंचामा सिँचाईको प्रबन्ध गर्नुहोस् ।

◆कफी नर्सरीमा वृद्धि विकासको अवस्था हेरि झोलमल र सुक्ष्म खाद्यतत्वको छर्नुहोस् ।

◆सिन्दुरे रोगको लक्षण देखिएमा बढी भएको छहारी हटाउनुहोस् । रोग लागेका हाँगा र पातहरू काटेर जलाउनुहोस् । १५ को बोर्डो मिश्रण तयार गरि पातको माथिल्लो र तल्लो भाग समेत भिज्नेगरि छर्नुहोस् ।

तरकारीबाली

◆काउली समूहको तरकारी बालीहरूमा लाग्ने अल्टरनेरिया डढुवा रोगको प्रकोप कम गर्न मेन्कोजेव युक्त विषादी-डाइथेन एम-४५ दुई ग्राम प्रति के.जी. बीउका दरले उपचार गरि बीउ छर्नुहोस् ।

◆काउली समूहको तरकारी बालीहरूमा बन्दाको पुतली र ईट्टा बुट्टे पुतली लाग्नसक्ने भएकोले नियमित अनुगमन गरि उचित व्यवस्थापनका विधिहरू अपनाउनुहोस् । प्रकोप बढी भएमा स्पिनोस्याड४५% एस.सी., ०.३ एम.एल. प्रति लिटरका दरले पानीमा मिसाई कीरा लागेको ठाँउमा भिज्नेगरि साँझ पख छर्कनुहोस् ।

◆प्रत्येक वर्ष गाँठे रोग लाग्ने जग्गामा काउली समूहका बालीलाई यस रोगबाट जोगाउन बाली लगाउने समयदेखि नै उचित व्यवस्थापनका विधिहरू अपनाउनुहोस् ।

◆मध्यपहाडी क्षेत्रमा लहरे तरकारी बालीहरूको पोली ब्यागमा बेर्ना तयार गर्नुहोस् ।

◆लहरे तरकारी बालीहरूको बेर्ना उम्रिसकेको भए सेतो प्लास्टिकको छानोदिनको समयमा उघार्ने र रातिको समयमा छानो ओढाउनु होस् ।

◆नर्सरी ब्याडमा बेर्ना उमार्ने समयमा फेद काट्ने कीरा र बेर्ना कुहिने रोगको व्यवस्थापन गर्न क्लोरपाईरीफस १६% ई.सी. ( Chlorpyrifos 16% EC)को ०.५ एम.एल. र कार्वेन्डाजिम (वेभिष्टिन) ५०% डब्लु.पि. को १ ग्राम प्रति लिटर पानीमा घोली स्प्रेयरबाट नर्सरी ब्याड भिज्नेगरि छर्नुहोस् ।

◆बेर्ना सारेको तरकारी बालीहरूमा रिङ्ग बनाई १०-१५ ग्राम युरिया प्रति बोटको दरले टपड्रेस गर्नुहोस् ।

◆लसुन तथा प्याजमा लाग्ने प्याजी डढुवा रोगको अनुगमन गर्नुहोस् । साथै प्रकोप देखिएमा रोगी पात हटाई नष्ट गर्नुहोस् ।

◆गोलभेँडामा डढुवाको प्रकोप कम छ भने मेन्कोजेव ७५% डब्लु.पि २.५ ग्राम प्रति लिटर पानीमा घोलेर स्प्रे गर्ने र बढि छ भने क्रिलाक्सिल एम.जेड. ७२% डब्लु.पि. को धुलो २ ग्राम प्रति लिटर पानीमा घोलेर स्प्रे गर्नुहोस् ।

अन्य

◆तरकारी बाली काट्ने र फलहरू टिप्ने अवस्थामा रोग तथा कीराहरू लागेमा यिनीहरूबाट आर्थिक क्षती थोरै हुने भएकोले विषादी प्रयोग नगर्नुहोस् । यो अवस्थामा विषादी प्रयोग गरेमा विषादीको अवशेष बालीमा रहन गई मानव स्वास्थ्य तथा वातावरणमा नकारात्मक असर पुग्दछ ।

◆तापक्रम घट्ने क्रमजारी भएकोले मौरी घारलाई चारैतिरबाट प्लास्टिक वा जुटको बोराले बेरेर राख्नुहोस् । साथै घारको नियमित निरीक्षण गरी मौरीलाई खानेकुरा कम छ भने आवश्यकता अनुसार चिनी चास्नी बनाएर खुवाउनुहोस् ।

लाही कीरा (एफीड)

◆तापक्रम कम हुँदै जादाँ लाही कीराको प्रकोप बढ्दै जाने हुनाले करेसाबारी र कौसी खेती गर्दा व्यवस्थापनका लागि एक भाग गाईको गहुँत ४ भाग पानीमा मिसाएर रातभरि राखि लाही लागेको ठाँउमा भिज्ने गरि भोलीपल्ट छर्कनुहोस् वा खरानीको धूलो लाही कीरा लागेको ठाँउमा बिहानीपख छर्कनुहोस् । प्रकोप ज्यादा भएमा डाइमेथोएट ३०% ई.सी., १.५ एम.एल. प्रति लिटरको दरले पानीमा मिसाई लाही लागेको ठाँउमा भिज्नेगरि छर्कनुहोस् ।

पशुपालन

गाई, भैंसी, भेडा, बाख्रा

◆बाख्रामा सरदर शारीरिक तौलको ३५ सम्म सुक्खा पदार्थको हिसाबले दाना र घाँसको अनुपात मिलाउनुहोस् । सरदर ५० के.जी.को बाख्रालाई उत्पादनको अवस्था हेरी २५० देखि ३५० ग्राम सन्तुलित दाना र ८ देखि १०

के.जी. हरियो घाँस, हे (Hay) तथा पराल दैनिक रुपमा दिने व्यवस्था मिलाउनुहोस् ।

◆व्यवसायिक रुपमा उखु खेती गरिने तराई क्षेत्रका ठाँउहरुमा खेर गएको उखुको टुप्पाबाट साइलेज बनाई जाडो याममा पशु वस्तुलाई आहाराको रुपमा प्रयोग गर्नुहोस् । यसको प्रयोगले गाईभैंसीको दुध उत्पादनमा २०-२५% ले वृद्धि हुनसक्छ ।

◆भैंसीमा कोल्ड स्ट्रोक बढी हुने भएकोले चिसोबाट बचाउन शरीरमा जुटको बोरा ओढाउनुका साथै मनतातो आहारा खुवाउनुहोस् ।

◆यो समयमा गर्भिणी अवस्था र दुधालु गाईभैंसीलाई सन्तुलित आहारको साथै मिनरल मिक्स्चर पनि उपलब्ध गराउनुहोस् । साथै पशुहरूको दानामा ५-१० प्रतिशत थप अनाज राखेर शक्तिको मात्रा बढाउनुहोस् ।

◆हिउँदको समयमा पशु वस्तुलाई हरियो घाँस र पोषणतत्वको कमी हुने र उत्पादन तथा उत्पादकत्वमा पनि कमी आउने भएकोले उक्त समयमा उग्राउने पशुहरू जस्तै : गाई, भैंसी, भेडा बाखाहरूलाई युरिया मिश्रित पराल (४५ युरिया) वायु रियामोलासेस ब्लक खुवाउँदा पशुको उत्पादनमा वृद्धि गर्नसकिन्छ । तर साना बाच्छा-बाच्छी र पाडा-पाडी (६ महिनाभन्दा कम उमेरका)लाई युरिया उपचार गरिएको पराल नखुवाउनुहोस् ।

◆बाहिरी तापक्रम घट्ने क्रममा रहेकोले गाई, भैंसी, भेडा, बाखा, बँगुर, खरायो आदिमा रुघाखोकी लाग्ने, ज्वरो आउने, श्वासप्रश्वास सम्बन्धी अन्य रोग लाग्ने हुँदा पशुवस्तुको खोर-गोठको झ्यालहरूमा हावाको आवत जावत हुनेगरि जुटको बोराहरू टाँगेर न्यानो बनाउनुहोस् । साथै साविक भन्दा १०% थप गरि दाना खुवाउनुहोस् ।

◆दूधालु गाईभैंसीहरूमाईकोलाईका कारण हुने थुनेलो रोगका लागि अनुकुल समय रहेकाले हरेक दिन दुधको गुणस्तर ठीक छ, छैन विचार गर्नुहोस् । दैनिक रुपमा दुध फाट्न थालेमा, स्वादमा बढी नुनिलो हुन थालेमा वा कल्चौडो र थुनमा केही फरक महसुस भएमा सुसुप्त अवस्थाको थुनेलो हुन सक्ने हुँदा दुधको जाँचगरि उपचारका आवश्यक उपायहरु अपनाउनुहोस् ।

कुखुरा, हाँस, बँगुर

◆चिसोको कारणले चल्लाहरूमा ब्रुडिङ निमोनिया तथा कुखुरामा सि.आर.डी. र एसाइटिस हुन सक्ने भएकोले खोरमा उचित तापक्रम र भेन्टिलेसनको व्यवस्था गर्नुहोस् ।

◆जाडोयाममा चल्ला हुर्काउँदा ब्रुडिङ व्यवस्थापनमा विशेष ध्यानदिनुहोस् । चल्लाको उमेर अनुसार १ दिनमा (पेपरफिडिङ, पत्रिकामा राखेर खुवाउने), २ दिनमा पत्रिकामा अतिरिक्त दानादिने भाँडामा (जस्तैः नाङ्लो, नयाँ अण्डाको क्रेट), ३-५ दिनमा अतिरिक्त दाना दिने भाँडा (नाङ्लो र नयाँ अण्डाको क्रेट) चिकफिडर, ५-१४ दिनमा चिकफिडर, १४(१८ दिनमा चिकफिडर फिडर र १८ दिनभन्दा माथि फिडरमा दिनुपर्दछ । प्रति १०० चल्लाको लागि ३ वटा ट्रे र ३ वटा ड्रिक र उपलब्ध गराउनुहोस् ।

◆कुखुरा खोरमा सोत्तरलाई चिसो र हिलो हुन नदिनुहोस् । चिसो वा हिलो भएमा लिटर कन्डिशनरहरू (Litter Conditioners) जस्तै (लिटरन (Litteron) वा एमोब्लाष्ट( Ammoblast) १के.जी.प्रति १०० वर्ग फिटको दरले खोरमा छरि राम्रोसँग रेकिङ गर्नुहोस् ।

◆जाडोयाममा चिसोको कारण बँगुरका पाठा-पाठीको मृत्युदर बढि हुने भएकोले बँगुरको खोरमा ९०-१०० डिग्री फरेनहाइट तापक्रम हुने व्यवस्था गर्नुहोस् । भर्खरै जन्मेका (२-३ दिनसम्मका) पाठा-पाठीहरूलाई ३-२-२ फिटको काठको बाकस बनाई त्यसभित्र पराल वा घाँस राखेर माथिपट्टि २०० वाटको बत्ती झुण्ड्याएर बाली बँगुरका पाठा-पाठीलाई चिसोबाट बचाउनुहोस् । काठको बाकसलाई थोरै हावा पस्ने गरि माथिबाट ढाक्नुहोस् ।

मत्स्यपालन

◆तराई क्षेत्रमा कमन कार्प जातका माछाहरूको प्रजनन् माघको मध्यबाट तथा मध्य पहाडमा फागुनको मध्यबाट शुरु हुनेहुँदा माउ माछालाई १५००-२०००के.जी. प्रति हेक्टरका दरले०.१-०.२ हेक्टर जलाशय क्षेत्रफल भएको पोखरीमा स्टक गर्नुहोस् । माउमाछा पालिएका पोखरीबाट जलिय झारपातहरू हटाई ४५० देखि ६०० के.जी. प्रति हेक्टरका दरले घर पोत्ने चुन प्रयोग गर्नुहोस् । माउ पोखरीमा १५ से.मी. गहिराई हुने गरि सफा पानी भरेर १५ दिन छाडनुहोस् । तराई तथा मध्यपहाडी क्षेत्रमा विभिन्न जातका कार्प माछाको प्रजनन् समय अनुसूची-३ मा उल्लेख गरिएको छ ।

◆कमन कार्प जातका माछाका टाँसिने प्रकृतिका अण्डाहरूलाई फिँजाएर ह्याचलिङ्ग कढाउन वा कोरल्नको लागि खर, नरिवलको जटा, प्लास्टिक वा फाईवरको रेशा, झारपात आदि प्रयोग गरेर बनाईने गुन्द्री आकारको करिव २.५ मिटर लम्बाई र १ मिटर चौडाई भएको चट्टिवाल हर आकारको संरचना "काकावन" तयार गर्नुहोस् ।

◆न्यानो पानीमा हुर्कने माछाले पानीको तापक्रम २० डिग्री सेल्सियस भन्दा कम भएपछि दाना कम खान्छ र १४-१५ डिग्री भन्दा कम भएपछि नखान सक्छ । चिसो पानीमा पालिने ट्राउट माछाले ८-९ डिग्री भन्दा कम भए राम्ररी दाना खाँदैन । त्यसैले पोखरीको पानीको तापक्रम र दाना खाए नखाएको अनुगमनको आधारमा थप दानाको व्यवस्थापन गर्नुहोस् ।

◆इ.यु.एस.(Epizootic Ulcerative Syndrome) संक्रमित माछाको शरीरमा स-साना राता धब्बाहरू देखिन्छ र अत्याधिक संक्रमण भएको माछाको शरीरमा गहिरो घाउ हुन्छ । यी घाउहरूमा वाह्य परजीवि तथा जीवाणुको समेत संक्रमित हुनसक्छ । यस्तो अवस्थामा संक्रमित पोखरीमा सिफालेक्सिन ( Cephalexin) ८० एम.जी. प्रति के.जी. माछालाई १५ दिनसम्म दानामा मिसाई खुवाउनुहोस् । साथै कोर्सोलिन टि.एच. ( Kohrsolin TH) ९०० एम.एल. प्रति हेक्टरका दरले कम्तिमा १ मिटर कायम राखि १ हप्ताको फरकमा २-३ पटक पोखरीको पानीमा मिसाउनुहोस् ।

नोट : उपचार अघि संक्रमित माछा भएको पोखरीको पानीको गुणस्तर बिग्रने हुँदा ४०-५०% पानी निकास गरि ताजा र सफा पानी लगाउनुहोस् ।

घाँसेबाली

◆ईपिल ईपिल घाँसको बीउ पाक्ने समय भएकोले पाकेको कोसाहरू बोटबाट टिपेर राम्ररी घाममा सुकाउनुहोस् । सुकिसकेका कोसालाई एकै ठाउँमा थुपारी लट्ठीले चुटेर बीउ झार्नुहोस् र नाङ्लोमा केलाएर सफा गर्नुहोस् । ओभानो प्लास्टिक वा जुटको बोरा वा टिनको बट्टामा बीउ टन्न भरेर टम्म बन्द गरि ओभानो तर शित्तल ठाँउमा भण्डारण गर्नुहोस् ।

◆हरेक ३०-३५ दिनमा (प्रत्येक कटाई पश्चात) जै र वर्सिम घाँसमा सिँचाई गरि २.१ के.जी.प्रति कट्ठाका दरले युरिया टपड्रेस गर्नुहोस् ।

अनुसूची (२: आलुबालीको पछौटे डढुवा रोग

फाइटोफ्थोरा इनफेस्टान्स नामक ढुसीको संक्रमणबाट लाग्ने पछौटे डढुवा रोग आलुबालीको प्रमुख शत्रु हो । संसारभरिका आलुखेती गरिने प्रायः सबै राष्ट्रहरूमा यो रोग प्रमुख समस्याको रूपमा देखा पर्दै आइरहेको छ । यो रोग नेपालमा पनि तराई देखि उच्च-पहाडका आलु खेती गरिने प्रायः सबै स्थानमा

